# आर्थिक वर्ष २०७१/७२ को बजेटको मध्यावधि समीक्षा प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७१ फागुन

## मन्तव्य

संविधान निर्माणलाई मुख्य प्राथमिकतामा राख्दै उच्च आर्थिक वृद्धिका माध्यमबाट गरिबी न्यूनीकरण गरी देशलाई आर्थिक समृद्धिको बाटोमा लैजाने एवं सन् २०२२ सम्म विकासशील मुलुकको स्तरमा उकास्ने अठोटलाई सहयोग पुऱ्याउन ठोस आधारशीला तयार गर्ने लक्ष्यका साथ चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा ल्याइएको छ। मुलुकको आर्थिक-सामाजिक गुणस्तरीय विकासको गतिलाई तिव्रता दिन ऊर्जा विकास, कृषिको व्यवसायिकरण, यातायात विस्तार तथा सुधार, सामाजिक क्षेत्रको विकास, पर्यटन विकास, खानेपानी, भू उपयोग एव व्यवस्थित वसोवास, दिगो ग्रामीण विकास, निजी क्षेत्र विकास र शान्ति सुरक्षा एवं प्रभावकारी विदेश सम्बन्ध जस्ता विषयहरु बजेटको प्राथिमकतामा परेका थिए। यिनै लक्ष्य एवं प्राथमिकताहरुलाई सहयोग पुग्ने गरी तयार गरी कार्यान्वयनमा ल्याइएका नीति तथा कार्यक्रमहरुको अर्धवार्षिक समीक्षा प्रस्तुत प्रतिवेदनमा समेटिएको छ।

समीक्षा अवधिमा संविधान निर्माण प्रकृया जारी रहेको, विदेश सम्बन्धमा सुधार आएको विदेशी सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भएको, राजस्व असुली लक्ष्य अनुरुप नै रहेको, लगानीको वातावरणमा सुधार आएको, विकास मैत्री कानूनी आधार तयार गर्न आवश्यक कानून निर्माण एवं संशोधनका कार्यहरु अगाडि बढाइएको, दैवीप्रकोपबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पुनर्स्थापनामा जोड दिइएको छ।

विभिन्न प्रयासका वावजुद पनि आर्थिक वृद्धि लक्ष अनुरुप हुन कठिन देखिनु, ब्यापार घाटा बढ्दै जानु, पूँजीगत खर्च न्यून हुनु, भौतिक पूर्वाधार निर्माणको गुणस्तरमा सोचे अनुरुप प्रगति हुन नसक्नु जस्ता विषयहरु बजेट कार्यान्वयनको चुनौतीको रुपमा देखा परेका छन्। हाम्रा आगामी प्रयासहरु यी कमजोरीहरु हटाउनेतिर लक्षित हुनेछन्।

प्रस्तुत समीक्षा प्रतिवेदनमा बजेटले अङ्गीकार गरेका नीति तथ कार्यक्रमहरुको कार्यान्वयन अवस्था, प्रमुख उपलब्धीहरू, देखिएका समस्या तथा चुनौतीहरू र तत्काल एवं दीर्घकालमा गर्नु पर्ने सुधारका सम्बन्धमा सुझावहरु समेटी तयार पारिएको छ। यो प्रतिवेदनले आगामी दिनमा बजेटको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु। बजेट कार्यान्वयनका सिलसिलामा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिँदै बाँकी अवधिमा थप मेहनतका साथ अघि बढी बजेटको पूर्ण कार्यान्वयनमा सहयोग पुऱ्याउन अनुरोध गर्दछु।

अन्त्यमा बजेटको मध्यावधि मूल्यांकन प्रतिवेदन तयारी कार्यमा संलग्न सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

डा.रामशरण महत
अर्थ मन्त्री

## मन्तव्य

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको छ महिना ब्यतीत भइसकेको छ। यो वर्ष समयमै बजेट आएको, अख्तियारी साउन १ गते नै पठाइएको, वार्षिक कार्यक्रम स्वीकृतिमा सरलीकरण गरिएको, बजेट कार्यान्वयनको मार्गदर्शन समेत समयमै पठाइएको थियो। वजेट कार्यान्वयनयमा प्रभावकारिता ल्याउन समन्वय बैठक सञ्चालन, कार्यान्वयन अवस्थाको विश्लेषण एवं समस्या समाधानमा सहयोग पुऱ्याउन समय समयमा समीक्षा बैठक सञ्चालन जस्ता उपायहरु अवलम्बन गरिएको थियो। यसबाट केही सकारात्मक संकेत देखिएका छन् भने कही समस्याहरू पनि रहेका छन्। पूँजीगत खर्च न्यून हुनु, विकास मैत्री कानूनी संरचना निर्माणमा ढिलाई, पूर्वाधार निर्माण कार्यमा समन्वयको अभाव, जग्गा प्राप्ति सहज नहुनु, वैदेशिक सहायताको उपयोग क्षमतामा ह्रास आउनु चुनौतीको रुपमा देखा परेका छन्।

प्रस्तुत प्रतिवेदनले औंल्याएका समस्याहरु र समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु समस्यामा गम्भीर रुपमा ध्यान दिइ आगामी दिनमा ती समस्याहरु दोहोरिन नदिई बाँकी अवधिको स्पष्ट कार्यान्वयन कार्यतालीका बनाइ बजेटले लक्षित गरेका उद्देश्यहरु प्राप्त गर्न सम्बन्धित सबै निकायले ठोस प्रयासको थालनी तत्काल गर्नु हुनेछ भन्ने विश्वास लिएको छु। यस सम्बन्धमा आवश्यक सहयोग र समन्वय गर्नको लागि अर्थ मन्त्रालय सदा तत्पर रहेको ब्यहोरा समेत अनुरोध गर्दछु।

अन्त्यमा यो मध्यावधि समीक्षा प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

सुमन प्रसाद शर्मा
सचिव

# विषयसूची

**विषय** **पाना नं.**


| विषय | पाना नं. |
|---|---|
| मन्तव्य | iii |
| कार्यकारी सारांश | १ |
| परिच्छेद १ | ४ |
| पृष्ठभूमि | ४ |
| परिच्छेद २ | ६ |
| समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण | ६ |
| २.१ आर्थिक वृद्धि | ६ |
| २.२ मुद्रास्फीति | ७ |
| २.३ वैदेशिक सम्पति तथा विदेशी विनिमय सञ्चिति | ८ |
| २.४ कुल आन्तरिक कर्जा | ८ |
| २.५ बैंक तथा वित्तीय संस्थाहरू को समग्र स्थिति | ९ |
| २.६ मुद्रा प्रदाय तथा मौद्रिक परिदृश्य | १० |
| २.७ वैदेशिक ब्यापार तथा शोधनान्तर स्थिति | ११ |
| २.८ धितोपत्र तथा बीमा व्यवसाय | ११ |
| परिच्छेद ३ | १३ |
| प्रमुख नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था | १३ |
| ३.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १३ |
| ३.२ निर्वाचन आयोग | १४ |
| ३.३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४ |
| ३.४ अर्थ मन्त्रालय | १४ |
| ३.५ उद्योग मन्त्रालय | १६ |
| ३.६ उर्जा मन्त्रालय | १६ |
| ३.७ कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | १८ |
| ३.८ कृषि विकास मन्त्रालय | १८ |
| ३.९ गृह मन्त्रालय | १९ |
| ३.१० संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १९ |
| ३.११ परराष्ट्र मन्त्रालय | २० |
| ३.१२ वन तथा भू-संरक्षण मन्त्रालय | २० |
| ३.१३ वाणिज्य तथा आपूर्ति मन्त्रालय | २१ |
| ३.१४ विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | २२ |
| ३.१५ भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २२ |
| ३.१६ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २२ |
| ३.१७ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २४ |
| ३.१८ युवा तथा खेलकुद मन्त्रालय | २५ |
| ३.१९ रक्षा मन्त्रालय | २५ |
| ३.२० सहरी विकास मन्त्रालय | २५ |

३.२१ शान्ति तथा पुनर्निर्माण मन्त्रालय २७
३.२२ शिक्षा मन्त्रालय २८
३.२३ सहकारी तथा गरिबी निवारण मन्त्रालय ३०
३.२४ सामान्य प्रशासन मन्त्रालय ३०
३.२५ सिंचाइ मन्त्रालय ३०
३.२६ सूचना तथा सञ्चार मन्त्रालय ३१
३.२७ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ३१
३.२८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ३२
३.२९ श्रम तथा रोजगार मन्त्रालय ३३
३.३० राष्ट्रिय योजना आयोगको सचिवालय ३३
परिच्छेद ४ ३४
राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति अवस्था ३४
४.१ मध्यपहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) ३४
४.२ मेलम्ची खानेपानी आयोजना ३४
४.३ सिक्टा सिंचाई आयोजना ३५
४.४ रानीजमरा कुलरिया सिंचाई आयोजना ३६
४.५ बबई सिंचाई आयोजना ३७
४.६ भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ३७
४.७ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ३८
४.८ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ३८
४.९ पशुपति क्षेत्र विकास कोष ३८
४.१० लुम्बिनी क्षेत्र विकास कोष ३९
४.११ माथिल्लो तामाकोशी जलविद्युत आयोजना ३९
४.१२ काठमाडौं तराई मधेश फास्ट ट्र्याक ४०
४.१३ कोशी कोरिडोर ४०
४.१४ कालीगण्डकी कोरिडोर ४०
४.१५ कर्णाली कोरिडोर ४१
४.१६ हुलाकी राजमार्ग ४१
४.१७ पूर्व-पश्चिम रेल मार्ग ४१
४.१८ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना ४२
४.१९ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम ४२
४.२० बुढीगण्डकी जलविद्युत आयोजना ४३
४.२१ पश्चिम सेती जलविद्युत आयोजना ४३
परिच्छेद ५ ४५
सार्वजनिक खर्च व्यवस्थापन र विश्लेषण ४५
५.१ वार्षिक बजेट विनियोजन ४५
५.२ निकाय/मन्त्रालयगत खर्च स्थिति ४८
५.३ कार्यगत खर्चको स्थिति ४८
५.४ प्राथमिकताका आधारमा खर्च स्थिति ४८
५.५ रणनीतिक स्तम्भहरुको आधारमा खर्च स्थिति ४९

| | | |
|---|---|---|
| ५.६ | वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको खर्च स्थिति | ५० |
| ५.७ | शीर्षकगत खर्च स्थिति | ५१ |
| ५.८ | खर्चको संशोधित अनुमान र त्यसका आधारहरु | ५१ |
| परिच्छेद ६ | | ५४ |
| स्रोत व्यवस्थापन | | ५४ |
| ६.१ | चालु आर्थिक वर्ष मा भएका राजस्व सँग सम्बन्धित मुख्य मुख्य कार्यहरु | ५४ |
| ६.२ | राजस्व संकलनको अवस्था | ५४ |
| ६.३ | आठ वर्षको प्रथम छ महिनाको कर राजस्वको संरचनागत प्रवृति | ५८ |
| ६.४ | राजस्व व्यवस्थापन मा देखिएका चुनौतीहरुः | ५९ |
| परिच्छेद ७ | | ६० |
| वैदेशिक सहायता ब्यवस्थापन | | ६० |
| ७.१ | वैदेशिक सहायताको वर्तमान अवस्था | ६० |
| ७.२ | समीक्षा अवधिमा हासिल भएका केही महत्वपूर्ण उपलब्धीहरु | ६१ |
| ७.३ | सहायता ब्यवस्थापन र कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरु | ६४ |
| ७.४ | सहायता परिचालनमा सुधार ल्याउनका निम्ति गर्नुपर्ने कार्यहरु | ६५ |
| परिच्छेद ८ | | ६६ |
| सार्वजनिक संस्थान ब्यवस्थापन | | ६६ |
| ८.१ | नीतिगत सुधार | ६६ |
| ८.२ | नयाँ संस्थानहरु स्थापना पूँजी वृद्धि | ६७ |
| ८.३ | शेयर विनिवेश र रणनीतिक साझेदार नियुक्ति | ६७ |
| ८.४ | निजीकरण सम्बन्धी प्रगति | ६७ |
| ८.५ | संस्थानमा चालु अनुदान | ६८ |
| ८.६ | नीतिगत राय/परामर्श | ६९ |
| ८.७ | संस्थान सञ्चालन, ब्यवस्थापन सुधार सम्बन्धी समस्या र समाधानका लागि सुझावहरु | ७० |
| परिच्छेद ९ | | ७३ |
| बजेट कार्यान्वयनका लागि भएका प्रयास र प्राप्त उपलब्धीहरु | | ७३ |
| ९.१ | बजेट कार्यान्वयनका प्रयासहरु | ७३ |
| ९.२ | समीक्षा अवधिमा हासिल भएका केही महत्वपूर्ण उपलब्धीहरु | ७५ |
| परिच्छेद १० | | ८० |
| समस्या तथा चुनौतीहरु | | ८० |
| परिच्छेद ११ | | ८३ |
| सुधारका लागि चाल्नु पर्ने कदमहरु | | ८३ |
| ११.१ | तत्काल चाल्नु पर्ने कदमहरु | ८३ |
| ११.२ | दीर्घकालमा चाल्नु पर्ने कदमहरु | ८५ |

अनुसूचीहरु

# कार्यकारी सारांश

१. चालु आर्थिक वर्ष समयमै बजेट आई व्यवस्थापिका-संसदबाट पारित भएको, देशमा जननिर्वाचित सरकार गठन भई राजनीतिक स्थिरतातर्फ उन्मुख भएको, बन्द हडतालजस्ता क्रियाकलापमा कमी आएको र उद्योग तथा सेवा क्षेत्र विस्तार भई अर्थतन्त्रको संरचनात्मक पक्षमा सुधार आएकाले उद्योग र सेवा क्षेत्रको वृद्धिदर अनुकूल रहने देखिएको छ। कृषितर्फ भने मनसुन ढिला शुरु भएको एवं बाली लगाइसकेपछि आएको बाढी पहिरोका कारण वर्षे बालीमा पुगेको क्षतिका कारण अपेक्षित वृद्धि हुन सक्ने देखिंदैन। तथापि उद्योग र सेवा क्षेत्रको वृद्धिदर र हिउँदे बालीको अनुकूलताले समग्र आर्थिक वृद्धिदर गत आर्थिक वर्षकै हाराहारीमा रही एक दशकमा पहिलोपटक लगातार दोस्रो वर्ष ५ प्रतिशत भन्दा बढी हुने देखिएको छ।

२. चालु आर्थिक वर्षमा मुद्रास्फीति ८ प्रतिशत रहने अनुमान गरिएकोमा अर्धवार्षिक अवधिसम्मको औसत मुद्रास्फीति ७.३ प्रतिशत रही वार्षिक औसत मुद्रास्फीति लक्ष्यभन्दा कम नै रहने देखिएको छ। खाद्य र गैर खाद्य दुवै समुहको मुद्रास्फीति गत आर्थिक वर्षभन्दा कम रहेको देखिएको छ।

३. विगत केही वर्षदेखि बढ्दै गएको व्यापार घाटा चालु आर्थिक वर्षमा पनि उच्च दरमा रहेको छ। अर्धवार्षिक अवधिसम्म रू.३३४ अर्ब ८३ करोडको व्यापार घाटा भएको छ। निर्यातमा आएको कमीले गर्दा व्यापार घाटामा वृद्धि भएको देखिएकाले आन्तरिक उत्पादनमा वृद्धि र निर्यातजन्य उत्पादनलाई प्रोत्साहन दिनुपर्ने देखिएको छ।

४. बजेट विनियोजनको तुलनामा खर्च भने अपेक्षित हुन सकेको छैन। अर्ध वार्षिक अवधिसम्म कुल रू.१६१ अर्ब ८४ करोड ४० लाख मात्र खर्च हुन सकेको छ, जुन कुल विनयोजनको २६.२० प्रतिशत हो। चालुतर्फ विनियोजनको ३०.९५ प्रतिशत, पूँजीगततर्फ १२.६० प्रतिशत र वित्तीय व्यवस्थातर्फ २३.१९ प्रतिशत खर्च भएको छ।

५. गत आर्थिक वर्षको तुलनामा पूँजीगत बजेटको आकार नै ठूलो भएकोले पूँजीगततर्फ खर्च कम देखिएतापनि गत आर्थिक वर्षको यही अवधिको तुलनामा २८.३ प्रतिशत बढी खर्च भएको देखिएको छ।बैंकिङ्ग प्रणालीबाट भुक्तानी भएको रकमलाई आधार मान्दा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४९.२ प्रतिशतले पूँजीगत खर्च वृद्धि भएको छ। यो खर्चमा पनि वैदेशिक सहायतातर्फको सोझै भुक्तानी हुने र वस्तुगत सहायताको अंक समावेश नभएकोले पूँजीगत खर्चको वर्तमान स्तर सन्तोषजनक नै रहेको मान्नुपर्दछ।

६. समीक्षा अवधिमा राजस्वको लक्ष्य रू.१८५ अर्ब ४८ करोड ३३ लाख रहेकोमा १०२.७२ प्रतिशत असुली भएको छ। यो असुली राजस्वको वार्षिक लक्ष्यको ४५.०५ प्रतिशत हो। राजस्व असुलीमा १६.५७ प्रतिशतको वृद्धिदर हासिल भएको छ।

७. वैदेशिक सहायतातर्फ यस अवधिमा मात्र रू.२१७ अर्ब ६७ करोडको प्रतिबद्धता प्राप्त भई ऐतिहासिक रेकर्ड कायम भएको छ। यसले वर्तमान सरकार गठन भएपछि दातृसंस्था र दातृराष्ट्रहरूमा नेपालप्रति देखिएको विश्वासलाई देखाउँदछ। यो प्रतिबद्धतामा भारतबाट प्राप्त हुने अमेरिकी डलर १ अर्ब समेत समावेश छ।

८. वैदेशिक सहायताको प्रतिबद्धता अनुरुप खर्च भने हुन सकेको छैन। वैदेशिक सहायतातर्फ चालु आर्थिक वर्ष कुल रू.१२२ अर्ब ९१ करोड ४७ लाख विनियोजन भएकोमा अनुदानतर्फ ८.४१ प्रतिशत र ऋणतर्फ ४.९ प्रतिशत मात्र खर्च हुन सकेको छ। सोझै भुक्तानी हुने र वस्तुगत सहायताको रकम यसमा समावेश नभएकाले यो खर्च कम देखिनु एउटा कारण भए पनि समग्रमा वैदेशिक सहायता परिचालन कमजोर रहेको देखिएको छ। यसका अतिरिक्त शोधभर्ना लिनुपर्ने रकम रू.२७ अर्ब नाघेको छ। यसले प्रतिबद्ध सहायताको उपयोग हुन नसकेको तर सरकारी स्रोतमाथि ठूलो दबाब सिर्जना भएको छ।

९. हालसम्मको खर्च स्थिति त्यति उत्साहजनक नभए पनि ठूला पूर्वाधारहरूको ठेक्कापट्टा भई काम शुरु भएको, निर्माणका लागि मौसमी अवस्था अनुकूल हुन शुरु भएको र विगतको प्रवृत्ति समेत हेर्दा आगामी छ महिनामा पूँजीगतका साथै समग्र खर्च बढ्ने अनुमान गर्न सकिन्छ। यस अनुसार बाँकी अवधिमा हुने खर्च समेत विश्लेषण गर्दा चालु आर्थिक वर्षमा कुल रू.५५८ अर्ब ४३ करोड १३ लाख खर्च हुने अनुमान छ। यो अंक कुल विनियोजनको ९०.३५ प्रतिशत हो भने गत आर्थिक वर्षको यथार्थ खर्चभन्दा २८.५५ प्रतिशतले बढी हो।

१०. खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वतर्फ शतप्रतिशत असुली हुने अनुमान छ भने आन्तरिक ऋण रू.३५ अर्ब मात्र परिचालन गर्नुपर्ने देखिएको छ। आन्तरिक ऋणको यो अंक लक्ष्यको ६६.३५ प्रतिशत हो।

११. वैदेशिक सहायता तर्फ विगतको प्रवृत्ति र वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको कार्य प्रगतिका आधारमा विश्लेषण गर्दा अनुदानतर्फ ७४.९१ प्रतिशत र ऋणतर्फ ५२.५४ प्रतिशत परिचालन हुने अनुमान छ।

१२. चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कानुनी परिमार्जनको काम अगाडि बढेको छ र तिनमध्ये केही कानुनहरू व्यवस्थापिका-संसदको आगामी अधिवेशनमा पेश गर्ने तयारी भएको छ। सार्वजिनक खरिदका बारेमा सबैभन्दा बढी चासो भएको सार्वजनिक खरिद ऐनको संशोधन मस्यौदामा कानून मन्त्रालयको सहमति प्राप्त भई मन्त्रिपरिषद्मा पेश गर्न तयारी भइरहेको छ।

१३. चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन र खर्च वृद्धि गर्नका लागि सिर्जना भइसकेको दायित्वमध्ये प्रतिबद्ध खर्चहरू (तलब, भत्ता, घरभाडा, धारा बिजुली सञ्चार महसूल) तत्काल निकासा गर्ने, पूँजीगत खर्चतर्फ सिर्जना भइसकेको दायित्व भुक्तानीका लागि र बहुवर्षीय ठेक्काको कारणबाट विनियोजन नपुग भएको अवस्था भए तत्काल रकम निकासा गर्ने,

कार्यक्रम संशोधन र ठेक्का समझौताको म्याद बढाउने, गैर नगदतर्फको प्रतिवेदन यथाशीघ्र प्राप्त गर्ने व्यवस्था मिलाउने, बजेट सहायता अन्तरगत प्राप्त नभएको वैदेशिक स्रोतको रकम नेपाल सरकारको स्रोतबाट निकासा दिने जस्ता उपायहरू अवलम्बन गरिनेछ।

१४. वैदेशिक सहायताको प्रतिबद्धता अनुरुप परिचालना हुन नसकेको वर्तमान अवस्थामा सुधार गर्न गैर नगद तर्फको विनियोजन घटाई नगद प्राप्तिलाई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गर्ने र गैर नगदतर्फको न्यून प्रतिवेदनको अवस्थालाई अन्त्य गर्न दातृपक्ष र सम्बन्धित निकायबीच समन्वय गरिनेछ। साथै, शोधभर्ना लिनुपर्ने रकम समयमा नै नलिने अधिकारीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने नीति समेत अवलम्बन गरिनेछ।

१५. कर पुनरावलोकन समितिको प्रतिवेदन प्राप्त भएपछि करको दायरा विस्तारका लागि ठोस उपाय अवलम्बन गरिनेछ। राजस्व चुहावट नियन्त्रणका लागि द्रुत गस्ती (Flying Squad) परिचालन गरिनेछ।

१६. सार्वजनिक खर्चलाई प्रभावकारी बनाई बजेट विनियोजन र कार्यान्वयनमा कुशलता वृद्धि गर्न आगामी दिनहरूमा बजेट व्यवस्थापन तथा वित्तीय जवाफदेहिता सम्बन्धी कानुन निर्माण गर्ने, मध्यकालीन खर्च संरचनालाई संस्थागत गर्ने, ठूला र मध्यम खालका आयोजनाहरूको आयोजना बैंक बनाउने, आयोजना विकास एवं अनुसन्धान र विकासका लागि रकम विनियोजन गर्ने, आयोजनाको Project Document तयार नभएका र आयोजना कार्यान्वयनका पूर्वशर्तहरू पूरा नभएका (जग्गा प्राप्ति, सीमांकन, डिटेल डिजाइन जस्ता) आयोजनाहरूमा रकम विनियोजन नगर्ने नीति अवलम्बन गरिनेछ।

१७. बजेट प्रस्तुतिको समय अगाडि सार्ने, चौमासिक विभाजनसहितको कार्यक्रम सम्बन्धित मन्त्रालयले नै स्वीकृत गर्ने, आर्थिक कार्यविधि ऐन नियम र सार्वजनिक खरिद ऐन नियममा समसामयिक सुधार गर्ने, निवृत्तिभरण सम्बन्धी कानुन निर्माण गर्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली पुनरावलोकन गरी कार्यसम्पादनस्तरलाई सेवा प्रवाहसँग आबद्ध गराउने, विकास निर्माणमा संलग्न निकायहरूको काममा देखिने दोहोरोपनालाई हटाउन प्रभावकारी समन्वयको व्यवस्था गर्ने जस्ता कार्यहरू गरिनेछन्।

## परिच्छेद १
## पृष्ठभूमि

१.१ दिगो, उच्च र फराकिलो आर्थिक वृद्धि गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै लगानी मैत्री वातावरणको निर्माण गर्न आवश्यक नीतिगत एवं कानुनी पूर्वाधार विकास गर्ने एवं देशलाई सन् २०२२ सम्म अल्प विकासित स्तरबाट विकासशील स्तरमा स्तरोन्नति गर्न आधारशीला खडा गर्ने ध्येयका साथ चालु आर्थिक वर्ष २०७१/७२ को वार्षिक बजेट व्यवस्थापिका-संसदमा प्रस्तुत गरिएको थियो। विगतमा राजनीतिक संक्रमणका कारण समयमा बजेट प्रस्तुत हुन सकेन। एक तृतीयांस बजेट बजेट प्रस्तुत हुने परिपाटी समेत अवलम्बन गरियो। यी अवस्थाहरुलाई चिर्दै तीन वर्षपछि पहिलोपटक समयमै व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत भई पारित भएको छ।

१.२ राजनीतिक संक्रमण लम्बिंदै जाँदा आर्थिक-सामाजिक विकासका कार्यसूचीहरूलाई ओझेलमा पार्नु हुँदैन भन्ने तर्फ लगभग सबै राजनीतिक दलहरू सहमत हुँदै गएको अवस्था छ। चालु वर्षको बजेटले मुलुकमा लगानीको वातावरण बनाउने दिशामा ठोस दिशानिर्देशका साथ दोस्रो चरणको आर्थिक सुधारका कार्यक्रमहरू प्रारम्भ गरिएको छ। बजेटले मुलुकको विद्यमान न्यून आर्थिक वृद्धिदरलाई तीब्रता दिन जलविद्युत एवं उर्जा क्षेत्रको विकास विस्तार र प्रवर्द्धन, कृषिको उत्पादकत्व वृद्धि, व्यावसायीकरण र वजारीकरण, भौतिक पूर्वाधार निर्माण, शिक्षा स्वास्थ्य खानेपानी र सरसफाइमा सहज पहुँच तथा गुणात्मक सुधार, पर्यटन प्रवर्द्धन, निजी क्षेत्रको विकासको लागि लगानी मैत्री वातावरण, निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा सुधार र सुशासन कायम गर्ने विषयहरूलाई प्राथमिकतामा राखेको थियो।

१.३ आर्थिक वर्षको प्रथम ६ महिना वितिसकेको अवस्थामा वार्षिक बजेटले लिएका उद्देश्य, नीति तथा कार्यक्रमहरुको प्रगति समीक्षा र आर्थिक वर्षको वाँकी ६ महिनामा बजेटका निर्धारित उद्देश्यहरु पूरा गर्ने दिशामा देखिएका अग्रसरता र वजेट कार्यान्वयनमा रहेका समस्याहरु पहिचान गरी सुधारको प्रयासहरुको पहिचान गरी आर्थिक वर्ष २०७१/७२ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

### समीक्षाको अवधि र सीमा

१.४ यो समीक्षा चालु आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनाको तथ्याङ्कमा आधारित छ। यी तथ्याङ्कहरू सम्बन्धित मन्त्रालय/निकाय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय र स्थलगत अवलोकन, निरीक्षणबाट प्राप्त भएका हुन्।

१.५ यस समीक्षामा चालु वर्षका लागि विनियोजित बजेटको कार्यान्वयनको अवस्था, बजेट वक्तव्यमा परेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था, राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति स्थिति केही मन्त्रालयहरुमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट गएको निकासाबाट प्राप्त विवरण एवं केही ठूला आयोजनाहरूको स्थलगत निरीक्षणका क्रममा देखिएका विवरणहरू समावेश गरिएका छन्।

१.६ समीक्षाका लागि प्राप्त हुनुपर्ने कतिपय विषयगत विवरणहरू प्राविधिक कारणले गर्दा समयमै प्राप्त हुन सकेका छैनन्। पटकपटकको प्रयासमा पनि सम्बन्धित मन्त्रालयहरूबाट प्राप्त हुनुपर्ने विवरणहरू प्राप्त हुन सकेनन्। बजेट माग गर्ने मामिलामा मन्त्रालय/निकायहरू जति उत्सुक देखिन्छन् प्रगति पठाउने मामिलामा त्यत्तिकै निरुत्सुक देखिएका छन्।

१.७ सम्बन्धित निकायहरूबाट समयमै सबै विवरण प्राप्त हुन नसकिएकोले बाँकी अवधिका लागि आवश्यक स्रोतको यकीन पहिचान गर्न सकिएको छैन। अर्धवार्षिक अवधिसम्मको ठेक्कापट्टाको स्थिति र सो को अंक प्राप्त हुन नसक्दा आयोजनाहरूमा थप बजेट आवश्यक पर्ने, नपर्ने वा बचत कति हुने सो अनुमान गर्न सकिएन। यसले गर्दा खर्चको संशोधित अनुमान पनि प्रवृत्ति विश्लेषणका आधारमा मात्र गरिएको छ।

१.८ बजेट कार्यान्वयनको स्थिति समीक्षा गर्न र आगामी छ महिनामा हुन सक्ने खर्च एवं आवश्यक स्रोतको पहिचान गर्न पूँजीगत बजेट धेरै भएका मन्त्रालयहरूमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको टोली मिशनको रूपमा जाँदा पनि आयोजनाको तर्फबाट "काम हुँदै गरेको, खर्च सबै हुने" भन्ने जवाफ प्राप्त हुने गरेको, तर तिनको विश्वसनीय आधार भने प्राप्त हुन नसकेको कारण वास्तविकतामा आधारित भई विश्लेषण गर्न कठिन भयो।

१.९ समीक्षा अवधिमा राष्ट्रिय गौरवका आयोजनाहरूका प्रगति विवरण पठाउने कार्यमा समेत ढिलाइ हुन गयो। प्राप्त विवरणहरू पनि अपुरो र दुई चार वाक्यमा सीमित रहेको पाइए। राज्यले अति महत्व दिएका यस्ता आयोजनाहरूको यथार्थ स्थिति प्राप्त हुन नसक्दा यस्ता आयोजनाहरूको कार्यान्वयन र सो बाट अपेक्षित नतीजाको बारेमा ढुक्क हुन सक्ने स्थिति रहेन।

१.१० बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको प्रगति मासिक रुपमा अनलाइन नै पठाउनुपर्ने ब्यवस्था गरिएको भएता पनि यसमा सम्बन्धित निकायहरूबाट सो प्राप्त भएको स्थिति छैन। कतिपय मन्त्रालय/निकायहरूबाट यस्तो विवरण भर्ने कार्य भएन, जसले गर्दा बजेटले अपेक्षा गरेका उपलब्धी प्राप्त हुने नहुने कुरामा एकिन गर्न कठिनाई भएको छ।

१.११ कतिपय आयोजना/कार्यक्रममा काम भइसकेको भएता पनि सो को भुक्तानी नभएका कारण छ महिनाको यथार्थ खर्च आँकलन गर्न पनि समस्या पऱ्यो। वैदेशिक सहायता अन्तरगत सोझै भुक्तानी हुने खर्च र वस्तुगत सहायताको विवरण प्राप्त हुन नसकेका कारण यथार्थमा कति खर्च भयो भनेर यकीन गर्न सक्ने अवस्था पनि रहेन। तसर्थ यथार्थ खर्चको हालको अनुमानमा नगद प्रवाहमा आधारित खर्चको अंश नै अत्यधिक रह्यो।

१.१२ कतिपय निकायहरूबाट प्राप्त विवरणमा झिनामसिना कार्यको मात्र उल्लेख गरिएको, तर बजेट खर्चबाट प्राप्त हुनुपर्ने यथार्थ उपलब्धीका बारेमा भने खासै उल्लेख नभएको स्थिति रह्यो। यसले गर्दा कतिपय कार्यक्रम/आयोजनामा बजेट विनियोजन गर्नुको औचित्यमा समेत प्रश्न उठ्न सक्ने देखियो। भएको बजेट खर्च नगर्ने तर थप कार्यका लागि थप बजेट माग गर्ने प्रवृत्ति बढ्दै गएका कारण पनि विनियोजित खर्चको उपलब्धी केलाउन सहज भएन।

१.१३ यी सीमाहरूका बावजूद प्राप्त विवरणहरूका आधारमा प्रस्तुत मध्यावधी समीक्षालाई विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ।

# परिच्छेद २
# समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण

## २.१ आर्थिक वृद्धि

- संविधानसभाको निर्वाचनपछि नयाँ सरकार गठन भई नेपाल राजनीतिक स्थिरतातर्फ उन्मुख भएको र राजनीतिक संक्रमणले आर्थिक-सामाजिक विकासका कार्यसूचीहरूलाई पछाडि पार्नुहुँदैन भन्ने धारणा बलियो हुँदै गएकाले देशभित्र लगानीको वातावरण बन्दै गएको छ। निर्धारित समयमा नै संविधान जारी हुन नसके पनि चाँडै नै संविधान जारी हुने र देशमा विद्यमान राजनैतिक अन्यौलले चाँडै निकास पाउने अनुमान तथा औद्योगिक श्रम सम्बन्धमा देखिएको सुधार एवं अर्थतन्त्रका संरचनागत अवरोधहरूमा आएको सुधारका कारण चालु आर्थिक वर्षमा उद्योग तथा सेवा क्षेत्रमा अपेक्षित वृद्धि हुने देखिन्छ। मनसुनी वर्षा ढिला भई वर्षे बालीका लागि अनुकूल नभएकाले प्रमुख वर्षे बालीहरू को उत्पादनमा ह्रास आएकाले चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको वृद्धिदरमा केही कमी आउने देखिन्छ। तथापि समयमै भएको हिउँदे वर्षाले हिउँदे बालीको उत्पादनमा पारेको सकारात्मक प्रभाव एवं पशुपालन लगायतका क्षेत्रहरूमा भएको विस्तारले कृषि क्षेत्रमा सामान्य वृद्धि हुने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइ भन्दा बढी रहेको परिप्रेक्ष्यमा कृषिको वृद्धिदरमा हुने गिरावटले समग्र आर्थिक वृद्धिदर लक्ष्यभन्दा केही कम भई गत आर्थिक वर्षकै हाराहारीमा रहने देखिए तापनि एक दशकको अवधिमा पहिलोपटक आर्थिक वृद्धिदर लगातार दोस्रो वर्ष ५ प्रतिशतभन्दा माथि रहने देखिएको छ।
- समयमै मनसुनी वर्षा नभएको र बाली लगाइसकेपछि आएको बाढी पहिरोका कारण प्रमुख खाद्यान्न बालीमध्ये धानको उत्पादनमा ५.१ प्रतिशत तथा मकैको उत्पादनमा ६ प्रतिशतले ह्रास आएको प्रारम्भिक अनुमान छ। पछिल्लो मौसमी स्थिति अनुकूल रहेका कारण हिउँदे बालीहरू को उत्पादनमा भने सन्तोषजनक वृद्धि हुने देखिन्छ।यसका साथै व्यावसायिक पशुपालनमा भएको विस्तारले समग्र पशुजन्य उत्पादन बढ्ने अनुमान गरिएको छ। तर प्रमुख खाद्यबालीहरू को उत्पादनमा ह्रास आएकोले चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको वृद्धिदरमा ह्रास आउने अनुमान छ।
- गैर कृषि क्षेत्रतर्फ समयमा नै बजेट आउनुका साथै सरकारले पूँजीगत खर्चमा दिएको जोड, विकास निर्माण कार्यमा गतिरोधका कारक बन्द हडताल जस्ता क्रियाकलापमा आएको कमी तथा लगानी मैत्री वातावरणका लागि सरकारले लिएका नीतिका कारण चालु आर्थिक वर्षमा उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ। औद्योगिक श्रम सम्बन्ध तथा सुरक्षा व्यवस्थामा भएको सुधारका कारण औद्योगिक वातावरण अनुकूल हुँदै गएकोले

आन्तरिक तथा बाह्य लगानी प्रोत्साहित हुँदै गएको छ। सिमेन्ट तथा फलामे छड जस्ता उद्योगहरूमा देखिएको विकास र विस्तारले उत्पादनमूलक उद्योग क्षेत्रको उत्पादनमा सन्तोषजनक वृद्धि भई चालु आर्थिक वर्षमा समग्र उद्योग क्षेत्रको वृद्धिदर ४.४ प्रतिशत अनुमान रहेको छ।

- होटल तथा रेष्टुरेन्ट, यातायात तथा सञ्चार, स्वास्थ्य र अन्य सामुदायिक तथा व्यक्तिगत सेवा क्षेत्रमा अपेक्षा अनुसार नै विस्तार हुने देखिन्छ भने रियलस्टेट, सार्वजनिक प्रशासन र शिक्षा जस्ता क्षेत्रहरू मा पनि वृद्धि भई समग्र सेवा क्षेत्रको वृद्धिदर ६.८ प्रतिशत रहने अनुमान छ।
- देशभित्रको आर्थिक वृद्धिदरलाई विश्वको आर्थिक वृद्धिले पनि प्रभाव पारेको हुन्छ। सन् २०१४ को तुलनामा सन् २०१५ मा अमेरिकी अर्थतन्त्रमा भएको सुधार र युरो क्षेत्रमा परेको मन्दीको अवस्थामा आएको सुधारका कारण सन् २०१४ मा ३.३ प्रतिशत रहेको विश्वको आर्थिक वृद्धिदर सन् २०१५ मा सीमान्त दरले बढी ३.५ प्रतिशत पुग्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ। अमेरिकी आर्थिक वृद्धिदर सन् २०१४ मा २.४ प्रतिशत रहेकोमा सन् २०१५ मा उल्लेख्य सुधार भई ३.६ प्रतिशतले बढ्ने र युरो क्षेत्रको वृद्धिदर सन् २०१४ को ०.८ प्रतिशत रहेकोमा सन् २०१५ मा १.२ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ। यसैगरी सन् २०१४ मा ४.४ प्रतिशतले वृद्धि भएको उदीयमान र विकासशील देशहरूको अर्थतन्त्र सन् २०१५ मा सीमान्त दरले कमी आई ४.३ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ।
- यसैगरी भारतीय अर्थतन्त्र सन् २०१४ मा ५.८ प्रतिशतले बढेकोमा पछिल्लो समयमा गरिएका नीतिगत सुधारहरूका कारण आर्थिक वृद्धिदर सन् २०१५ मा ६.३ प्रतिशत रहने र सन् २०१४ मा ७.४ प्रतिशत रहेको चीनको आर्थिक वृद्धिदरमा केही कमी आई सन् २०१५ मा ६.८ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

## २.२ मुद्रास्फीति

- चालु आर्थिक वर्षमा वार्षिक औसत मुद्रास्फीति ८.० प्रतिशत कायम रहने अनुमान गरिएकोमा अर्ध वार्षिक अवधिसम्म औसत मुद्रास्फीति ७.३ प्रतिशत रहेको छ। यस अवधिमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.८ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशत बिन्दुले कम हो।
- यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक वृद्धिदर गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.९ प्रतिशत बिन्दूले कम भई ९ प्रतिशतमा कायम रहेको छ भने गैर खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.८ प्रतिशत बिन्दूले कम भई ५.१ प्रतिशत रहेको छ।

- वर्षे बालीको उत्पादनमा आएको कमी एवं राजनीतिक माहौलमा देखिएको केही समस्याले कृत्रिम अभाव र कालोबजारी जस्ता आपूर्तिजन्य अवरोधमा वृद्धि हुन गई समग्र मूल्य स्थितिमा केही वृद्धि हुने अनुमानका आधारमा चालु आर्थिक वर्षमा समग्र मुद्रास्फीति दर ७.८ प्रतिशत रहने अनुमान छ।
- विश्व मुद्रास्फीतिको प्रभाव नेपालमा पनि पर्ने भएकाले यसको समेत विश्लेषण जरूरी हुन्छ। अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार सन् २०१४ मा विकसित मुलुकहरूको मुद्रास्फीतिदर १.४ प्रतिशत रहेकोमा सन् २०१५ मा १.० प्रतिशतमा सीमित रहने प्रक्षेपण छ। त्यसैगरी उदीयमान तथा विकासशील देशहरूको मुद्रास्फीति दर सन् २०१४ मा ५.४ प्रतिशत रहेकोमा सन् २०१५ मा ५.७ प्रतिशत हुने प्रक्षेपण छ।

## २.३ वैदेशिक सम्पति तथा विदेशी विनिमय सञ्चिति

- चालु आर्थिक वर्षको पहिलो छ महिनामा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) मा रू.३४ अर्व २६ करोड अर्थात् ५.७ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०७१/७२ को अर्ध वार्षिक अवधिमा कुल विदेशी विनिमय सञ्चिति २०७१ असार मसान्तको रू.६६५ अर्व ४१ करोडको तुलनामा ५.९ प्रतिशतले वृद्धि भई रू.७०४ अर्व ४४ करोड पुगेको छ। अमेरिकी डलरमा भने २०७१ असार मसान्तदेखि पुस मसान्तसम्ममा कुल सञ्चिति २.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ७ अर्व ११ करोड पुगेको छ। यसैगरी यस अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ९.८ प्रतिशतले वृद्धि भई भा. रू.१०४ अर्व २० करोड पुगेको छ। आर्थिक वर्ष २०७१/७२ को छ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.४ महिनाको वस्तु आयात र ९.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

## २.४ कुल आन्तरिक कर्जा

- आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा कुल आन्तरिक कर्जा ५.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.१ प्रतिशतले मात्र बढेको थियो। यस अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा विस्तार भएकोले कुल आन्तरिक कर्जा अघिल्लो वर्षभन्दा केही बढेको हो। गत आर्थिक वर्षको सोही अवधिमा ८.९ प्रतिशतले मात्र बढेको निजी क्षेत्रतर्फको कर्जा चालु वर्ष ११.५ प्रतिशतले बढेको छ।

## २.५ बैंक तथा वित्तीय संस्थाहरू को समग्र स्थिति

- समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ६ प्रतिशत अर्थात् रू.८३ अर्व ७६ करोडले बढेको छ। समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरूको निक्षेप क्रमशः ७.२ प्रतिशत र २.३ प्रतिशतले बढेको छ भने विकास बैंकहरूको निक्षेप १.१ प्रतिशतले घटेको छ। केही विकास बैंकहरू र वाणिज्य बैंकहरू एक आपसमा गाभिएकाले विकास बैंकहरूको निक्षेप घटेको देखिएको हो।
- आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा लगानी ९.५ प्रतिशत अर्थात् रू.१२५ अर्व ३९ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ७.३ प्रतिशत अर्थात् रू.८३ अर्व ६६ करोडले बढेको थियो। यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ११.६ प्रतिशत अर्थात् रू.१२९ अर्व २८ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ९.० प्रतिशत अर्थात् रू.८४ अर्व ८३ करोडले मात्र बढेको थियो।
- बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फ १५.३ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फ १३.४ प्रतिशत, निर्माण क्षेत्रतर्फ रू.१३.८ प्रतिशत, र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ १२.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी क्षेत्रहरूको कर्जा क्रमशः ११.७ प्रतिशत, १३.३ प्रतिशत, १० प्रतिशत र ३.८ प्रतिशतले बढेको थियो। कृषिक्षेत्रतर्फको कर्जा भने अघिल्लो वर्ष रू.४ अर्व ११ करोड अर्थात् १०.३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षमा रू.६ अर्व ४३ करोड अर्थात् १२.६ प्रतिशतले बढेको छ।
- चालु आर्थिक वर्षको छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरू को तरल कोष रू.२३२ अर्व ४२ करोड रहन पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरू को तरलता-निक्षेप अनुपात २०७१ असारमा ३०.५ प्रतिशत रहेकोमा २०७१ मंसिरमा २९ प्रतिशत कायम हुन पुगेको छ।
- यस अवधिमा पटक पटक गरी निक्षेप बोलकबोल मार्फत् रू.७५ अर्व तथा रिभर्स रिपोमार्फत् रू.२६० अर्व ५० करोडको तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रू.११८ अर्व ५० करोड र बिक्री बोलकबोलमार्फत् रू.८ अर्व ५० करोडको तरलता प्रशोचन गरिएको थियो। यही भदौदेखि तरलता प्रशोचन गर्ने नयाँ उपकरणको रुपमा निक्षेप बोलकबोललाई प्रयोगमा ल्याइएको छ।
- यस अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू ) बाट १ अर्व ६६ करोड अमेरिकी डलर खुद खरिद गरी रू.१५७ अर्व २० करोड बराबरको खुद तरलता

प्रवाह गरेको छ। यसैगरी यस अवधिमा १ अर्ब ७४ करोड अमेरिकी डलर बिक्री गरी रू.१७१ अर्ब १० करोड बराबरको भारतीय रूपैयाँ खरिद भएको छ।

- आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा वाणिज्य बैंकहरूले रू.१५२ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरू बीच बाहेक) ले रू.९६ अर्ब ६६ करोड गरी रू.२४९ अर्ब १६ करोड बराबरको अन्तर बैंक कारोबार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रू.९४ अर्ब ३४ करोड र रू.६४ अर्ब २८ करोड गरी रू.१५८ अर्ब ६२ करोड बराबरको यस्तो कारोबार गरेका थिए। यस अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन।
- अघिल्लो आर्थिक वर्षको पुस महिनाम ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.४७ प्रतिशत रहेकोमा २०७१ पुसमा ०.१६ प्रतिशत कायम रहेको छ। यसैगरी वाणिज्य बैंकहरू बीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०७० पुसमा ०.२१ प्रतिशत रहेकोमा २०७१ पुसमा ०.१५ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरू बीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०७० पुसमा २.६२ प्रतिशत रहेकोमा २०७१ पुसमा २.५१ प्रतिशत रहेको छ। यसले मुद्रा बजारमा अझै अधिक तरलताको अवस्था विद्यमान रहेको देखाउँछ। यस अवधिमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको औसत ब्याजदर अन्तर ४.५० प्रतिशत रहेको छ। अघिल्लो महिना यस्तो ब्याजदर अन्तर ४.४८ प्रतिशत रहेको थियो। त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७० पुसको ८.७५ प्रतिशतको तुलनामा २०७१ पुसमा ७.४९ प्रतिशतमा कायम रहेको छ।

## २.६ मुद्रा प्रदाय तथा मौद्रिक परिदृश्य

- आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ५.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ९.० प्रतिशतले बढेको थियो। यस अवधिमा संकुचित मुद्राप्रदाय १.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ८.९ प्रतिशतले बढेको थियो।
- विस्तृत मुद्राप्रदायको वृद्धिदर अघिल्लो वर्षको १९.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा १६ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, संकुचित मुद्राप्रदायको वृद्धिदर अघिल्लो वर्ष १७.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष १४ प्रतिशत रहने अनुमान छ।
- कुल आन्तरिक कर्जा अघिल्लो वर्ष १२.६ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष १९.२ प्रतिशतले बढ्ने अनुमान छ। चालु आर्थिक वर्षमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह अघिल्लो वर्षको १८.३ प्रतिशतको तुलनामा २० प्रतिशतले विस्तार हुने भएकाले आन्तरिक कर्जाको वृद्धिदर अघिल्लो वर्षको भन्दा उच्च रहने अनुमान छ।

## २.७ वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

- आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनाको अवधिमा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.९ प्रतिशतले ह्रास आई रू.४३ अर्ब ३९ करोड रहन गएको छ। गत आर्थिक बर्ष २०७०/७१ को यसै अवधिमा यस्तो निर्यात १५ प्रतिशतले वृद्धि भएको थियो।
- यस अवधिमा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रू.३७८ अर्ब २२ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिमा २३.१ प्रतिशतले वृद्धि भएको थियो। आयातमा भएको वृद्धि र निर्यातमा आएको गिरावटका कारण कुल व्यापार घाटा १६ प्रतिशतले बढी रू.३३४ अर्ब ८३ करोड पुगेको छ। गत आर्थिक वर्षको यही अवधिमा यस्तो घाटा २४.४ प्रतिशतले बढेको थियो। यस अवधिमा कुल व्यापार भने ११.२ प्रतिशतले वृद्धि भई रू.४२१ अर्ब ६१ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको यही अवधिमा २२ प्रतिशतले मात्र वृद्धि भएको थियो।
- चालु आर्थिक वर्षको छ महिनाको अवधिमा विप्रेषण आप्रवाहमा ३.९ प्रतिशतले वृद्धि भई रू.२७५ अर्ब ९६ करोड पुगेको छ।
- समग्र शोधनान्तर स्थिति गत आर्थिक वर्षको पहिलो छ महिनामा रू.७७ अर्ब १९ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू.३४ अर्ब २६ करोडले मात्र बचतमा छ। गत आर्थिक वर्षको छ महिनाको अवधिमा चालु खाता रू.५५ अर्ब २ करोडले बचतमा रहेकोमा यो वर्षको सोही अवधिमा रू.१३ अर्ब ६५ करोडले मात्र बचतमा रहन गएको छ। वस्तु तथा सेवा आयात बढ्नु, अनुदान रकम घट्नु र विप्रेषण आप्रवाहको वृद्धि न्यून हुनु जस्ता कारणहरूले चालु खाता न्यून बचतमा रहन गएको हो।
- विश्व व्यापार तर्फ सन् २०१४ मा ३.१ प्रतिशतले बढेको अनुमान गरिएको वस्तु तथा सेवाको विश्व व्यापार जापान, रुस र चीनमा देखिएको मन्दीको बाबजुद सन् २०१५ मा ३.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ।

## २.८ धितोपत्र तथा बीमा व्यवसाय

- पूँजी बजारको सूचकको रूपमा रहेको नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा १९.४ प्रतिशतले बढी २०७१ पुस मसान्तमा ९३९.५ बिन्दुमा पुगेको छ। सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ४८.६ प्रतिशतले वृद्धि भई ७८७.१ बिन्दुमा कायम रहेको थियो। नेप्से सूचकाङ्कमा देखिएको यो वृद्धिले वर्तमान सरकार गठन भएपछि लगानीकर्ताहरूमा देखिएको उत्साहलाई इङ्गित गर्दछ।
- धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा २०.५ प्रतिशतले वृद्धि भई २०७१ पुस मसान्तमा रू.९६३ अर्ब ४२ करोड कायम भएको छ। आर्थिक वर्ष २०७०/७१ को

कुल गार्हस्थ उत्पादनसँग यो पूँजीकरणको अनुपात ५० प्रतिशत रहेको छ। गत वर्षको यही अवधिमा यस्तो अनुपात ४७.२ प्रतिशत मात्र रहेको थियो। बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरूसहित) को अंश ७७.५ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको २.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ७.३ प्रतिशत र अन्यको ९.७ प्रतिशत रहेको छ।

- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३२ पुगेको छ। सूचीकृत कम्पनीहरू मध्ये १९८ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनीहरू समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ६ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन्।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरू को चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा १६.४ प्रतिशतले बढी रू.१५९ अर्व २५ करोड पुगेको छ। चालु आर्थिक वर्षको छ महिनासम्ममा रू.९ अर्व १ करोड ५० लाख बरावरको साधारण शेयर, रू.८६ करोड ७४ लाख बरावरको हकप्रद शेयर र रू.२ अर्व ७६ करोड ४५ लाख बरावरको बोनस शेयर गरी कुल रू.१२ अर्व ६४ करोड ७० लाख बरावरको धितोपत्र सूचीकृत भएको छ।
- यस अवधिमा २५ वटा बीमा कम्पनीमध्ये सूचीकृत कम्पनीहरूको संख्या २२ रहेको छ। कुल २५ वटा बीमा कम्पनीहरूमध्ये १६ वटा निर्जीवन, ८ वटा जीवन र १ वटा दुवै किसिमका रहेका छन्। चालु आर्थिक वर्षको शुरूमा सूचीकृत बीमा कम्पनीहरूको बजार पूँजीकरण रू.१४० अर्व ६४ करोड रहेकोमा पहिलो छ महिनामा रू.१२२ अर्व ९ करोड कायम रहेको छ।

# परिच्छेद ३
## प्रमुख नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था

चालु आर्थिक वर्षमा बजेट वक्तव्य मार्फत् सार्वजनिक गरिएका प्रमुख नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको सहभागितामा सबै नीति तथा कार्यक्रमको समयबद्ध कार्ययोजना बनाई सम्बन्धित मन्त्रालयहरूमा पठाइएको थियो। साउन महिना भित्रै सम्बन्धित निकायले आ-आफ्नो वार्षिक कार्यक्रम तथा कार्ययोजना सार्वजनिक गर्नु पर्ने ब्यवस्था गरियो। प्रभावकारी अनुगमनका लागि सम्बन्धित मन्त्रालयले बजेटका नीति तथा कार्यक्रमहरूको अनुगमन तथा कार्यान्वयनका लागि प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र सम्बन्धित मन्त्रालयमा, दुई महिना समाप्त भएको १० दिनभित्र अर्थ मन्त्रालयमा, चार महिना समाप्त भएको १५ दिन भित्र राष्ट्रिय योजना आयोगमा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिमा समीक्षा गर्ने ब्यवस्था गरियो।

पहिलो प्राथमिकतामा परेका वार्षिक कार्यक्रमको हकमा राष्ट्रिय योजना आयोगबाट र दोस्रो तथा तेस्रो प्राथमिकतामा परेका कार्यक्रमहरू सम्बन्धित मन्त्रालय/निकाय आफैले २०७१ साउन २५ भित्र स्वीकृत गरी मातहत निकायमा अख्तियारी पठाइसक्नु पर्ने ब्यवस्था गरियो। नीति तथा कार्यक्रमहरूको अर्थ मन्त्रालयबाट नियमित अनुगमन गर्नका लागि अर्थ मन्त्रालयमा तयार गरिएको विद्युतीय अनुगमन प्रणालीको समेत प्रयोग गरियो।

चालु आर्थिक वर्षको पहिलो छ महिना व्यतित भइसकेको अवस्थामा बजेटमा उल्लिखित नीति तथा कार्यक्रमहरूको अपेक्षित प्रगति भएको देखिएन। कार्यक्रमहरूको प्रगति विश्लेषण गर्दा नतिजामूलक भन्दा पनि प्रक्रियागत प्रकृतिका (जस्तै प्रक्रिया शुरु गरिएको, अख्तियारी पठाइएको, सूचना निकालेको, कार्यविधि बनाएको, समिति गठन गरिएको, बैठक बसेको, निर्देशन दिइएको) प्रगति विवरण प्राप्त हुन आएको छ। बजेटका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने र त्यसको प्रगति प्रतिवेदन पठाउने विषयमा अधिकांश मन्त्रालयहरू उदासीन देखिएका छन्। कतिपय अवस्थामा प्रगति प्रतिवेदन नै प्राप्त हुँदैनन् भने भएका प्रतिवेदन पनि सतही किसिमका मात्र हुने गरेका छन्।

विभिन्न निकायहरूबाट प्राप्त विवरणको आधारमा समीक्षा अवधिमा भएको नीति तथा कार्यक्रमको प्रगति अवस्था देहाय अनुसार देखिएको छः

### ३.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- भ्रष्टाचार न्यूनीकरणका लागि क्षेत्रीय स्तरमा अन्तरकृया गोष्ठी तथा सामुदायिक शिक्षा सम्वन्धी स्थलगत कार्यक्रम सञ्चालन र विभिन्न मन्त्रालय/कार्यालयहरूमा आयोगले पठाएको सुझाव निर्देशनको कार्यान्वयनको स्थिति बारे अनुगमन तथा मूल्यांकन फोकल पोइन्ट बैठक बस्नुका साथै विभिन्न कार्यालयहरूमा अनुसन्धान टोली परिचालन गरी अनुगमन गरिएको थियो। यस

अवधिमा २१४१३ वटा उजुरी मध्ये ८८०७ उजुरी फछर्योट र २०४ थान मुद्दा विशेष अदालतमा दर्ता गरिएको छ।

## ३.२ निर्वाचन आयोग

- यस अवधिमा थप १३ लाख ४ हजार ९ सय २७ मतदाताको फोटो सहितको मतदाता नामावली संकलन गरिएको छ भने कास्की, पाल्पा र कैलालीमा जिल्ला निर्वाचन कार्यालयको भवन निर्माण सम्पन्न भएको छ।

## ३.३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- निकायगत कार्यसम्पादन सूचकहरू तयार गरी ३१ मन्त्रालय तथा केन्द्रीय निकायहरूको सूचकका आधारमा मासिक रुपमा अनुगमन गर्नका साथै सुशासन, पारदर्शिता एवं खर्चमा मितब्ययिता कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०७१/७२ को नेपाल सरकारको नीति तथा कार्यक्रमको कार्ययोजना बनाई Website मार्फत् सार्वजनिकीकरण गरिएको छ।
- सार्वजनिक खरिद ऐनको संशोधन मस्यौदामा कानून मन्त्रालयको सहमति प्राप्त भई मन्त्रिपरिषद्मा पेश गर्न तयारी भइरहेको।

## ३.४ अर्थ मन्त्रालय

- नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकिङ्ग कसुर सम्वन्धी ऐन, २०६४ का संशोधन विधेयकहरू ब्यवस्थापिका-संसदको यसै अधिवेशनमा पेश गर्ने गरी तयार गरिएको छ।
- पाँचवटा ग्रामीण विकास बैकहरू मर्जर गरिनुका साथै सरकार र निजी बीमा कम्पनीहरूको लगानीमा पुनर्बीमा कम्पनी स्थापना भएको छ।
- छ वटा सार्वजनिक संस्थानहरू निजीकरणका लागि प्रक्रिया अगाडि बढाइएको र केही संस्थानहरू गाभ्ने प्रक्रियाका लागि पहल गरिएको छ भने NCCN का कर्मचारीहरूलाई Pay-off गरी विघटन गरिएको छ। नेपाल रेलवे कम्पनीलाई खारेज गर्ने र नेशनल ट्रेडिङ कम्पनीलाई खारेज वा मर्ज गर्ने विषयमा छलफल थालिएको छ।
- वर्तमान कर प्रणालीमा समयानुकुल सुधार गर्दै मूल्य अभिवृद्धि कर र आयकरलाई राजस्वको प्रमुख श्रोतको रुपमा विकास गर्नुका साथै करको दायरा विस्तार र चुहावट नियन्त्रण गरी राजस्व संकलनमा वृद्धि गर्न कर प्रणाली पुनरावलोकन आयोग गठन भएको छ। एकीकृत सूचना प्रणाली विकास गर्ने क्रममा उद्योग विभागसंग समन्वय गरिएको छ।
- वैदेशिक सहायतातर्फ अनुदानमा रू.१०९ अर्व ९२ करोड ३७ लाख र ऋणमा रू.१०७ अर्व ७४ करोड ८१ लाख गरी कूल रू.२१७ अर्व ६७ करोड १८ लाख नयाँ प्रतिवद्धता प्राप्त भएको छ।

- वैदेशिक सहायतालाई व्यवस्थित गर्ने क्रममा १३१ वटा गैर सरकारी संस्थालाई Aid Management Portal (AMP) मा आबद्ध गरिएको छ।
- नेपालको वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप तुल्याउन नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards) (NEPSAS) को दुई मन्त्रालयहरूमा नमूना परीक्षण (Pilot Testing) को कार्य सम्पन्न भएको छ।
- राजस्व संकलन कार्यलाई प्रभावकारी तुल्याउन र संकलित राजस्वको यथार्थ तथ्याङ्क सहज तरिकाले प्राप्त गर्न Revenue Management Information System लाई काठमाडौं उपत्यकास्थित कार्यालयहरूमा Piloting को रुपमा शुरु गरिएको छ।
- मुद्रास्फीति दरलाई ७.३ प्रतिशतमा सीमित गरिएको छ।
- उत्पादनशील क्षेत्रतर्फको पुनर्कर्जा दर ५ प्रतिशतबाट घटाएर ४ प्रतिशत कायम गरिएको छ। यस अवधिमा पुनर्कर्जा सुविधा अन्तर्गत रु. ३ अर्ब २ करोडको साधरण पुनर्कर्जा र रु.१ अर्ब ४१ करोडको निर्यात पुनर्कर्जा उपलब्ध गराइएको छ।
- घरेलु तथा साना व्यवसायको वार्षिक कारोबारको सामर्थ्यको आधारमा रु. १० लाख र नयाँ व्यवसाय खोल्न रु. ५ लाखसम्म व्यक्तिगत/संस्थागत जमानीमा कर्जा प्रवाह गर्ने सम्बन्धी निर्देशन जारी गरिएको छ।
- लघुवित्त सेवाको पहुँच कम भएका २२ जिल्लामा घ वर्गको वित्तीय संस्थाहरूले शाखा खोली वित्तीय कारोवार गर्दा शून्य ब्याजदरमा उपलब्ध गराइने कर्जा सीमा रु. २० लाख प्रति शाखा बाट बढाएर रु. ३० लाख पुऱ्याइएको छ।
- विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउन र आवश्यक औषधी खरिद गर्ने प्रयोजनको लागि नेपाली नागरिकहरूलाई तोकिएको मापदण्डका आधारमा वार्षिक अमेरिकी डलर १० हजारसम्मको सटही सुविधा प्रदान गर्ने ब्यवस्था मिलाइएको छ।
- नेपाली नागरिकहरूले आफ्नो पहिचान खुल्ने प्रमाण सहित आफुसँग रहेको नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा अनुरोध गरेमा एक पटकमा अमेरिकी डलर ३ हजार वा सो बराबर हुने गरी अन्य परिवर्त्य विदेशी मुद्रा सटही (खरिद) गर्ने ब्यवस्था गरिएको छ। त्यसैगरी, वार्षिक २ हजार अमेरिकी डलरसम्मको खरिद Online मार्फत् गर्न सकिने ब्यवस्था मिलाइएको छ। साथै, परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १० हजारसम्म भुक्तानी दिनसक्ने ब्यवस्था गरिएको छ।
- अर्थ मन्त्रालय र समग्र अर्थतन्त्रका बारेमा सर्वसाधारणले गुनासो राख्न र तिनको ब्यवस्थापन गर्न विगुल नामको गुनासो कक्ष स्थापना गरिएको र तत्कालै त्यस्ता गुनासाहरूलाई ब्यवस्थापन गर्ने कार्यको सुरुवात गरिएको छ।

- कृषिका लागि लिइने ऋणको ब्याजदर ६ प्रतिशतमा नबढ्ने गरी ऋण प्रवाह गर्ने कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

## ३.५ उद्योग मन्त्रालय

- मुलुकभरका १८ साइटको २९६ व.कि.मी. क्षेत्रमा अन्वेषण कार्य तथा १,५०० हेक्टर क्षेत्रमा Topographical Survey कार्य सम्पन्न भएको छ भने ९५ वटा खानी क्षेत्र यकिन गर्नुका साथै Mining Scheme तथा IEE प्रतिवेदन लेखन कार्य भइरहेको छ।
- ललितपुरको इमाडोलमा ३५० मीटर प्राकृतिक ग्याँस अन्वेषण तथा परीक्षण उत्पादनको ड्रिलिङ कार्य सम्पन्न गरिएको छ भने परीक्षण उत्पादन कार्यको लागि Separation Tank निर्माण कार्य भइरहेको छ। खनिज प्रशासन तथा सूचना प्रवाह (GMIS Software) निर्माण कार्यको बोलपत्र कागजात तयार गर्न परामर्शदाता छनौट गरिएको छ।
- प्राविधिक परामर्श तथा औद्योगिक सचेतना तालिम कार्यक्रम अन्तरगत २,०९५ जना, उद्योग र वाणिज्य प्रशासन तथा औद्योगिक बौद्धिक सचेतना तालिम कार्यक्रम अन्तरगत ५१३ जना, विभिन्न संघ सस्थाहरूसँग सहभागी भई ३९९ जनालाई तालिम प्रदान गरिएको छ।
- यस अवधिसम्ममा उद्योग दर्ता ३,४५३ भई उद्योगमा भएको लगानी रू.७ अर्ब ९२ करोड १८ लाख ६४ हजार पुगेको छ भने यस अवधिमा थप ४,१८२ महिला र ७,१२२ पुरुषले रोजगारी प्राप्त गरेका छन्।
- भैरहवा विशेष आर्थिक क्षेत्र उद्घाटन भई उद्योग स्थापनार्थ मनसाय पत्र आब्हान गर्नुका साथै पाँचखाल विशेष आर्थिक क्षेत्रको DPR तयार गर्न आशयपत्र जारी गरिएको छ।
- औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको संशोधित मस्यौदा मन्त्रिपरिषद्को विधेयक समितिमा छलफलमा रहेको।
- विशेष आर्थिक क्षेत्र (सेज) ऐन को मस्यौदामा कानून मन्त्रालयको सहमति प्राप्त भई मन्त्रिपरिषद्मा पेश गर्ने क्रममा रहेको।

## ३.६ उर्जा मन्त्रालय

- जलविद्युत आयोजना तथा प्रसारण प्रणालीको सञ्चालन तथा संभार सम्बन्धी निर्देशिका तयार गर्ने कार्यको लागि सम्झौता सम्पन्न भई Draft Inception Report प्राप्त भएको छ।
- सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजनाको Power House र Spillway Site मा क्रमशः १,८७५ मि. र ३,४८० मि. मध्ये ७६ मिटर ड्रिलिङ्ग सम्पन्न भएको छ।
- पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको साइटमा कार्यालय भवन निर्माणको कार्य जारी छ भने Detailed Environment Management Plan (DEMP) कार्यको मस्यौदा प्रतिवेदन अध्ययन भइरहेको छ।

- जनताको जलविद्युत अन्तर्गत गोरखा र लमजुङ्ग जिल्लाको तल्लो चेपे जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको Revised final Draft report प्राप्त भएको छ। प्रस्तावित बुढीगंगा जलविद्युत आयोजना, शिवाखोला जलविद्युत आयोजना, इन्खु खोला जल विद्युत आयोजनाको Detailed Engineering study का लागि Cost estimate, TOR & EOI Document तयार भएको छ।
- कुस्मा-नयाँ बुटबल २२० के.भी., कुस्मा-तल्लोमोदी (कालीगण्डकी कोरिडोर) १३२ के.भी., र मातातीर्थ-नैबिसे ३३ के.भी. विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छ।
- मोदी, खिम्ती १, कालीगण्डकी ए, मध्यमर्स्याङ्दी, चिलिमे, तल्लो मोदी समेत ६ वटा जलविद्युत आयोजनाहरूको Post Evaluation कार्यको EOI मूल्याङ्कन भएको छ।
- माथिल्लो त्रिशुली जलविद्युत आयोजना हेडरेस टनेल खन्ने कार्य ७३ प्रतिशत सम्पन्न भएको, Access Tunnel खन्ने कार्य सम्पन्न भएको, Switchyard को Slope Stabilization कार्य चालु रहेको र केवल टनेल खन्ने कार्य सम्पन्न भएको छ। यस आयोजनाको प्रसारण लाइनको Route Alignment स्वीकृत भएको छ भने १३२ के.भी. प्रसारण लाइनको Tower Foundation का लागि Geological Investigation सम्पन्न भएको छ।
- चमेलिया जलविद्युत आयोजनाको जग्गा मुआब्जा वितरण कार्य ९९.२४ प्रतिशत, प्रवेशमार्ग निर्माण कार्य ६१.५ प्रतिशत, १३२/३३ के.भी. २१० एम.भी.ए.सबस्टेशनको निर्माण ९७.५ प्रतिशत, मुख्य सिभिल निर्माण कार्य ९३.८६ प्रतिशत, इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल तथा १३२ के.भी. प्रसारण लाइन निर्माण ९७.१४ प्रतिशत र सल्लाहकार सेवा सम्बन्धी कार्य ९४.१४ प्रतिशत सम्पन्न भएको छ।
- कुलेखानी तेस्रो जलविद्युत आयोजनाको मुख्य सुरुङ्ग खन्ने कार्य र Forebay तथा penstock tunnel को Horizontal portion खन्ने कार्य सम्पन्न भई inclined portion खन्ने कार्य चालु रहेको छ। यसैगरी Headworks मा desander सम्बन्धी कार्य सम्पन्न भइ साइफनसँग सम्बन्धित कार्य सम्पन्न भएको छ।
- नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजनाको ढल्केवर-मुजफ्फरपुर ४०० के.भी. अन्तर्देशीय प्रसारण लाइनका साथै ३३ वटा १३२ के.भी प्रसारण लाइनको कार्यलाई निरन्तरता दिइएको छ। धनुषा जिल्लामा टावर फाउण्डेशनको कार्य शुरु भएको, विस्तृत सर्भे कार्य सम्पन्न भएको, प्रसारण लाइन निर्माण अन्तर्गत टावरका लागि आवश्यक जग्गा प्राप्तिको सूचना प्रकाशित भएको तथा महोत्तरी जिल्लामा ६ वटा टावर फाउण्डेशन कार्य सम्पन्न भएको छ।
- कोहलपुर–कुसुम खण्ड ४९ कि.मी., कुसुम–लमही खण्ड ४७ कि.मी., लमही–शिवपुर खण्ड ५१ कि.मी., शिवपुर–बुटवल खण्ड ६४ कि.मी. गरी जम्मा २११ कि.मी. मा OPGW

stringing कार्य सम्पन्न भई टेष्टिङ कार्य चालु रहेको छ। यसैगरी कोहलपुर–कुसुम खण्ड ४९ कि.मी., कुसुम–लमही खण्ड ४७ कि.मी. र लमही–शिवपुर खण्ड ५१ कि.मी., शिवपुर–बुटवल खण्ड ६१ कि.मी. गरी जम्मा २०८ कि.मी. मा Conductor Stringing कार्य सम्पन्न भएको छ।

- माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको हेडवर्क्स कंक्रिट ७८.८ प्रतिशत, मुख्य सुरुङ्ग ७४.२ प्रतिशत, टेलरेस सुरुङ्ग १०० प्रतिशत, विद्युत गृह र Transformal क्याभर्न खन्ने कार्य १०० प्रतिशत सम्पन्न भएको छ।

## ३.७ कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

- पारमाणविक पदार्थ तथा सो सम्वन्धी नियन्त्रण गर्न बनेको विधेयक, २०७१ तयार गरी विज्ञान तथा वातावरण मन्त्रालय पठाइएको छ।
- नेपालको कानूनी इतिहास बारे अभिलेख राख्ने उद्देश्यले लिच्छवीकाल पछि जयस्थिति मल्ल सम्मको पालामा भएको कानूनी ब्यवस्थाका बारेमा अध्ययन गराई प्रतिवेदन लिइएको छ।
- अपराधको बेसलाईन सर्वेक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरी नेपालमा अपराधको वास्तविक अवस्था बारे तथ्याङ्कीय जानकारी प्राप्त गर्न सफ्टवेर निर्माण गरी तथ्याङ्क प्रविष्टी गरिएको छ।
- मानव अधिकार, मानवीय कानुन र लैंङ्गिक हिंसा विरुद्ध गा.वि.स. र विद्यालयस्तरीय सचेतना कार्यक्रम, मानव अधिकार सम्बन्धमा जिल्लाहरूमा अन्तर्क्रिया, कानूनी सहायता अनुगमन अन्तर्क्रिया गरिएको छ।

## ३.८ कृषि विकास मन्त्रालय

- वाख्रापालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७१, ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७१ दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७१ लगायत ३४ वटा कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- कृषि कार्यक्रम तर्फ युवालक्षित कार्यक्रमको लागि ५०० आवेदन प्राप्त भएकोमा १५० युवा छनौट गरी तालीम कार्य शुरु भएको छ।
- यस अवधिमा ६१४ मेट्रिक टन रासायनिक मल र २२ मेट्रिक टन उन्नत बीऊ ढुवानी गर्नुका साथै १ लाख ७५ हजार ९ सय २४ मेट्रिक टन रासायनिक मल, १ सय ७९ मेट्रिक टन प्राङ्गारिक मल र ५ हजार ४ सय ५२ मेट्रिक टन गहुँको उन्नत बीऊ अनुदानमा बिक्री वितरण गरिएको छ।
- साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना मार्फत् कूल १११ वटा उप आयोजनाहरू कार्यान्वयनमा रहेका छन् भने ७४ वटा उपआयोजनाहरू सम्झौताको क्रममा रहेका छन्।
- कृषि तथा खाद्य सुरक्षा आयोजनाको सहयोगमा कृषकस्तरमा ५० टन श्रोत बीऊ उत्पादन भएको, १२० वटा बाली उत्पादन कृषक पाठशाला सञ्चालन भएको तथा ११६ वटा कृषक

समूहमा बाख्रा उत्पादकत्व सुधार कार्यक्रम सञ्चालन भएको छ। अमेरिकाबाट सानेन जातका ४० वटा बाख्राहरू र अष्ट्रेलियाबाट बोयर जातका ७९ वटा बाख्राहरू आयात गरिएको छ।

- एक गाउँ एक उत्पादन तथा एक जिल्ला एक उत्पादनका कार्यक्रमलाई विस्तार गर्न कार्यक्रम स्वीकृत भई कार्यान्वयन भइरहेको छ।

## ३.९ गृह मन्त्रालय

- शहरी सुरक्षा प्रणालीलाई भरपर्दो र विश्वासनीय तुल्याउन काठमाडौ उपत्यका र अन्य सहरहरूका सम्वेदनशील ८ क्षेत्रमा CCTV जडान गरिसकिएको र बाँकी स्थानमा जडान कर्य भइरहेको छ।
- प्रहरी सेवाको गुणस्तरमा सुधार गर्ने उद्देश्यले ५,१५२ प्रहरीहरूलाई मुस्कान सहितको प्रहरी सेवा सम्बन्धी तालीम प्रदान गरी सेवा सञ्चालन गरिएको छ।
- राष्ट्रिय परिचयपत्र वितरणको लागि नीतिगत रुपमा राष्ट्रिय परिचयपत्र सम्बन्धी ऐनको मस्यौदा तयार भई स्वीकृतीको प्रक्रियामा रहेको छ।
- प्राकृतिक तथा दैवी प्रकोप ब्यवस्थापन सम्बन्धी कानुनको मस्यौदा तयार भएको छ।
- कारागारलाई सुधार गृहको रुपमा विकसित गर्ने क्रमममा परामर्शदाताबाट डिटेल्ड डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य सम्पन्न भई आवश्यक परिमार्जन र संशोधनका लागि सहरी विकास मन्त्रालयसँग समन्वय गरिएको छ।
- अध्यागमन सेवालाई विद्युतीय प्रविधिमा आधारित बनाउने कार्य अन्तर्गत एम.आर.पी.मा रहेको विवरण सफ्टवेयरमा भण्डारण गर्ने कार्य शुरु गरिएको छ। यसबाट अध्यागमनको कार्य सरल, प्रभावकारी र भरपर्दो हुनेछ।

## ३.१० संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा टर्मिनल मोनोपुल्स सेकेण्डरी सर्भिलेन्स राडार र ललितपुरको भट्टेडाँडामा इनरुट मोनोपुल्स सेकेण्डरी सर्भिलेन्स राडार जडान गर्ने काम भइरहेको छ। साथै एशियाली विकास बैंकको सहयोगमा सञ्चालित हवाइ यातायात क्षमता अभिवृद्धि आयोजनाबाट विमानस्थलको सुधार कार्य भइरहेको छ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको शिलान्यास सम्पन्न भएको छ। यस विमानस्थलको अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको टेण्डर प्रक्रियाबाट छनौट भएको चिनिया निर्माण कम्पनी North West Civil Aviation Airport Construction Group Ltd. सँग २०७१ कार्तिक २७ गते रु. ६ अर्व २२ करोड ५१ लाख २० हजार २ सय २७ रुपैया ९१ पैसामा सम्झौता भै ठेकेदारबाट कार्य शुरु भएको छ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको Engineering Procurement and Construction (EPC) Model बमोजिम २१५.९६५ मिलियन अमेरिकी डलर को लागतमा निर्माण गर्न प्रारम्भिक

कार्य शुरु भएको छ। जस अन्तर्गत प्रथम चरणको करिव करिव ८० रोपनी क्षेत्रफलको जग्गा अधिग्रहणको सूचना प्रकाशित गरिएको छ।

- विराटनगर, नेपालगञ्ज र धनगढी विमानस्थलहरूलाई सुविधासम्पन्न क्षेत्रीय विमानस्थलको रुपमा विकास गर्ने कार्यको लागि आवश्यक कार्यक्रम स्वीकृत भइसकेको छ भने विराटनगर र नेपालगञ्ज विमानस्थल रात्रीकालिन उडान योग्य भएको छ।
- यही २०१५ फेब्रुअरीको पहिलो साता भित्र १ वटा एअरवस ३२०—२०० जहाज प्राप्त भएको र अर्को एअरवस ३२०—२०० जहाज यही अप्रिल महिनामा प्राप्त हुनेछ।
- पशुपतिमा विद्युतीय शवदाह गृहको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

## ३.११ परराष्ट्र मन्त्रालय

- गत मंसीर महिनामा १८औं सार्क शिखर सम्मेलन सफलताका साथ सम्पन्न गरिएको र यसबाट नेपालको अन्तर्राष्ट्रिय छविमा समेत सुधार आएको छ।
- हस्तलिखित राहदानीलाई यन्त्रवाहक राहदानीले प्रतिस्थापित गर्न कार्यलाई अभियानको रुपमा लगिएको छ।
- आर्थिक कुटनीतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
- गैर आवासीय नेपाली ऐन, २०६४ र नियमावली, २०६४ लाई संशोधनको लागि आवश्यक तयारी शुरु गरिएको छ।
- विदेशस्थित नेपाली दुतावासहरूको लागि भवन तथा जग्गा खरीद सम्बन्धी प्रक्रिया अगाडि बढाइएको छ। जस अनुसार चालु आर्थिक वर्षमा कम्तीमा दुई स्थानमा जग्गा खरिद गर्ने र दुई स्थानमा भवन निर्माण वा खरिद गर्ने प्रक्रिया अगाडि बढेको छ।
- मन्त्रालय र अन्तर्गत निकायहरूको संगठन तथा ब्यवस्थापन सर्वेक्षण गर्ने कार्य सम्पन्न भएको छ।

## ३.१२ वन तथा भू-संरक्षण मन्त्रालय

- राष्ट्रपति चुरे तराइ मधेस संरक्षण विकास समिति गठन भई समितिले काम शुरु गरिसकेको छ। अति संवेदनशील क्षेत्रका रुपमा सिफारिस गरिएका ४ वटा नदी प्रणालीहरूको सम्बन्धित निकायहरूसंग समन्वय गरी स्थलगत सर्वेक्षणका आधारमा योजना तर्जुमा गरिएको छ।
- बन (दोस्रो संशोधन) विधेयक, २०७१ ब्यवस्थापिका संसदमा दर्ता भएको छ भने राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विधेयक, २०७१ मन्त्रिपरिषदमा प्रस्तुत गरि सकिएको छ भने बाँकै राष्ट्रिय निकुन्ज नियमावली, २०७१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
- एक घर एक रुख, एक गाउँ एक जंगल र एक नगर एक उद्यान अन्तर्गतको वन दशक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ स्वीकृत भई कार्यान्वयनमा आएको, सामुदायिक

बनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका २०७१ स्वीकृत भएको, वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ स्वीकृत भएको, प्राकृतिक प्रकोप व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७१ स्वीकृत भएको र वन नीति, २०७१ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

- बाघ गणना, २०७१ सम्पन्न भई देश भित्र जम्मा १९८ वटा बाघ रहेको देखिएको छ।
- जंगली हात्तीको गतिविधि नियन्त्रणको लागि Electrical Fencing को कार्य शुरु गरिएको छ।

## ३.१३ वाणिज्य तथा आपूर्ति मन्त्रालय

- ढुवानी तथा अन्य क्षेत्रमा कानुन विपरीत कार्टेलिङ तथा सिण्डिकेट प्रणालीलाई कडाइका साथ नियन्त्रण गर्ने सम्बन्धमा वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुझाव मस्यौदा पेश भई छलफलको क्रममा रहेको छ।
- तातोपानीमा सुख्खा बन्दरगाहको ७० प्रतिशत, पुलको ५५ प्रतिशत र सडकको १० प्रतिशत काम सम्पन्न भई रसुवामा सुख्खा बन्दरगाहा निर्माणको लागी Topographical Survey गरी प्रतिवेदन प्राप्त भइसकेको छ।
- पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज बनाउन रक्सौलदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइन निर्माण कार्य आगाडि बढाउन नेपाल आयल निगम र भारतीय आयल निगम बीचको संयुक्त कार्यदलले तयार गरेको प्रतिवेदन वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश भएको छ। पेट्रोलियम पदार्थको आपूर्ति र भण्डारणमा निजी क्षेत्रलाई संलग्न गराउन, पेट्रोलियम पदार्थको कारोवारलाई व्यवस्थित गर्न र नियमनलाई प्रभावकारी वनाउन पेट्रोलियम पदार्थको कारोवार सम्बन्धी कानुन तर्जुमा गर्न मस्यौदा तयार गरिएको छ।
- वाणिज्य नीति २०६५ र नेपाल एकिकृत व्यापार रणनीति-२०१० को पुनरावलोकन तथा अद्यावधिक कार्य अन्तिम चरणमा पुगेको छ।
- काठमाण्डौ कन्टेनर फ्रेट (Container Freight) स्टेशन निर्माणका लागि साविक हिमाल सिमेन्ट कम्पनीसँग रहेको ८१६ रोपनि जग्गा मन्त्रिपरिषद्बाट निर्णय भई वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा प्राप्त हुने क्रममा रहेको छ।
- चीनमा निर्यात हुने ८,०३० वस्तुहरूको भन्सार छुटको लागि चीनसँग द्विपक्षीय सम्झौता (Letter of Exchange) सम्पन्न भएको छ।
- भारत र नेपालको पारवहन सुविधाको लागि जटही पिपरन नाका सञ्चालनमा आइसकेको छ। नेपाल र चीन विचको व्यापार सहजीकरणको लागि रसुवा गढी नाका खुल्ला गरिएको छ।
- पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागु गरिएको छ।
- खाद्यान्नतर्फ दुर्गम जिल्लामा ३,३३८ मेट्रिक टन खाद्यान्न ढुवानी हुनुका साथै राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १०,०३४ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंकमा ८,००० मेट्रिक टन

खाद्यान्न मौज्दात रहेको छ। कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत दुर्गम जिल्लामा २७,६४६ क्विन्टल नून ढुवानी भएको छ।

### ३.१४ विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय

- "विज्ञान प्रविधि र आविष्कार-दिगो विकासको आधार" नाराका साथ असोज १ गते राष्ट्रिय विज्ञान दिवस मनाइयो।
- सिंहदरवारमा प्लाष्टिक झोला प्रतिवन्ध गर्ने कार्य कडाइका साथ लागु गरिएको छ।
- वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत प्रक्रिया सम्बन्धी (आन्तरिक) कार्यविधि, २०७१ कार्यान्वयनमा ल्याइएको छ।
- विज्ञान अध्ययन केन्द्र स्थापनाका लागि जिल्ला छनौट गर्ने कार्य सम्पन्न भएको छ।
- ओजोन तहलाई नष्ट गर्ने HCFC-22 विस्थापन सम्बन्धी सूचना स्वीकृत गरी सम्पादित सूचना प्रकाशन गरिएको छ।

### ३.१५ भूमिसुधार तथा ब्यवस्था मन्त्रालय

- भू-उपयोग सम्बन्धी ऐनको मस्यौदा तयार भएको र नियमावलीको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको छ। सरकारी जग्गा दर्ता तथा लिजमा लिने सम्बन्धी कार्यनीति, २०७१ स्वीकृत भएको छ।
- ३५१ मुक्त कमैया परिवारलाई जग्गा खरीद गर्न, ४६५ परिवारलाई घर निर्माण अनुदान, ९० परिवार मुक्त हलियालाई जग्गा खरीद र २५ परिवारलाई घर निर्माण अनुदान उपलब्ध गराउनुका साथै ७ वटा सीप विकास कार्यक्रम सम्पन्न भई ४६ परिवारलाई ऋण लगानी गरिएको छ।
- गाउँ विकास समिति स्तरीय भू उपयोग नक्सा/डाटा तयार गर्न परामर्शदातृ संस्थाहरूसंग सम्झौता भई कार्य प्रारम्भ भएको छ।

### ३.१६ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- कार्टेलिङ्ग तथा सिण्डिकेट प्रणालीलाई नियन्त्रण गर्न ढुवानी सम्बन्धी कार्यलाई कडाईका साथ सञ्चालन गर्न सरोकारवाला निकायसंग छलफल/ निर्णय गरी कार्यान्वयनका लागि पत्राचार गरिएको छ।
- वर्षभरि यातायात सुविधा अभाव भएका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक सडक बहुवर्षिय ठेक्कामा कार्यान्वयन गर्ने गरी निर्माण कार्य अघि बढाउन विभिन्न निर्वाचन क्षेत्रका सभासद र सडक कार्यालयबाट बहुबर्षीय ठेक्का प्रक्रिया अघि बढेको छ।
- काठमाडौं-तराई द्रुतमार्ग आयोजनाको लागि आयोजना प्रवर्द्धक छनोटको लागि मनशायपत्र (EOI) माग भएकोमा मूल्याङ्कन भई योग्य प्रवर्द्धकहरूको छनोट भएको र BOT प्रक्रियाबाट निर्माण/सञ्चालनको लागि प्रबर्द्धक छनौट गर्न RFP माग भएकोमा प्रबर्द्धकहरूबाट प्राप्त

आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सफल प्रबर्द्धक छनौट गरिएको छ। आगामी ६ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य यसै वर्ष शुरु गर्ने तयारी स्वरुप छलफल तथा वार्ताको लागि मूल्याङ्कन समिति गठन गरिसकिएको छ।

- मध्यपहाडी लोकमार्गमा थप १२ कि.मी. ग्रावेल, ८ कि.मी. कालोपत्रे र २ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।
- उत्तर दक्षिण लोकमार्गको कालीगण्डकी कोरिडोरको १९.२ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने कोशी करिडर अन्तर्गत १३ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।
- हुलाकी राजमार्गको ७.३० कि.मी. कालोपत्रे र २ वटा पुल निर्माण सम्पन्न भएको छ तर अधिकांश खण्डमा ठेक्का तोडिनाले प्रगति भने निराशाजनक रहेको छ।
- लामोसाँघु-तामाकोशी-जिरी सडक १३ कि.मी. प्रगति भएको र बेस, सब बेस, सडक संरचनाको निर्माण भइरहेको छ।
- सुर्खेत-जुम्ला सडक २७ कि.मी. कालोपत्रे गरिएको र चैनपुर- खाँदवारी, हर्कपुर- ओखलढुङ्गा-ओखलढुङ्गा सल्लेरी र नेपालगञ्ज-कोहलपुर सडकहरूको ४५.५ कि.मी. कालोपत्रे गरिएको छ।
- त्यसै गरी पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजनाको खुर्कोट-घुर्मी खण्डमा ८ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने १२ कि.मी. ग्राभेल कार्य सम्पन्न भएको तथा २ वटा पुलको निर्माण कार्य सम्पन्न (सिवा खोला र मेवा खोला पुल, पाँचथर) भएको छ।
- उत्तर दक्षिण लोकमार्ग अन्तर्गत कोशी खण्डमा १३ कि.मी., कालिगण्डकी खण्डमा ५.७ कि.मी., र कर्णाली खण्डमा १३.५ कि.मी. ट्र्याक खोल्ने काम भएको छ।
- हुलाकी राजमार्ग आयोजना अन्तर्गत ७.३ कि.मी. लम्की टिकापुर खण्ड कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ भने २ वटा पुल (जमुनी र मनुस्मारा छतौना खोला पुल, जनकपुर) निर्माण सम्पन्न भै सकेका छन्।
- रेल्वे तथा मेट्रो विकास आयोजना (मेची महाकाली विधुतीय रेलमार्ग) अन्तर्गत जम्मा ३०० कि.मी रेलमार्ग, सिमारा बिरगंज (२६ कि.मी) र बुटवल भैरहवा लुम्विनी (४२ कि.मी) लिंक रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ।

**निर्माणको क्रममा नेपाल**

पूर्वाधार क्षेत्रमा गरिएका लगानीले नेपालको दुर्गम तथा भौगोलिक जटीलताको कारणले ठूलो असुविधा र असजिलो बेहोरिरहेका नागरिकहरूको जीवनमा कायापलट नै गरिदिएको छ। अर्थ मन्त्रालयको अनुगमन टोलीले पश्चिम नेपालका निर्माणाधीन सडक र पुलहरूको अनुगमन गरेको थियो जसबाट नेपाल निर्माणको क्रममा छ भन्ने प्रष्ट आधारहरू देखिए भने भौगोलिक विकटताका कारण कष्टकर जीवन बिताइरहेका नागरिकहरूले कठीन जीवनचर्याबाट मुक्ति र राज्यको उपस्थितिको स्पष्ट महसुस गर्न मात्र पाएका छैनन्। आवागमनमा सहजता र उनीहरूको उत्पादनको बजारसम्म पहुँच सुनिश्चित गरेकोले जीवनस्तरमा प्रत्यक्ष र शीघ्र सुधार हुने आधारहरू तयार भैरहेका छन्।



**नेपालगञ्ज-कोहलपुर सडक**



**बबई नदी जब्दीघाटमा निर्माणाधीन पुल , बर्दिया**




## ३.१७ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

- महिला अधिकार सम्बन्धी सार्वजनिक सुनिवाई कार्यक्रम, सचेतनामूलक कार्यक्रम, अन्तर्क्रिया सञ्चालन, रेडियो कार्यक्रम उत्पादन र प्रसारण महिलामाथि हुने हिंसा विषयक छलफल कार्यक्रम सञ्चालन भएको छ।
- पचहत्तर वटै जिल्लामा वाल कल्याण समिति सञ्चालन भई वालवालिका सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायहरूसंग समन्वय, सहयोग, सहकार्य र सहजीकरणका लागि केन्द्र र जिल्लामा गरी १६० वटा बैठक सञ्चालन गरिएको छ।
- नेपालमा वालवालिकाको स्थिति, २०७१ राष्ट्रिय प्रतिवेदन प्रकाशन तथा वितरण गरी सार्वजनिक गरिएको छ।
- केन्द्र र जिल्लामा वाल अधिकार हननका घटनाहरूको अनुगमन गर्ने कार्य जारी राखिएको छ।

### ३.१८ युवा तथा खेलकुद मन्त्रालय

- अन्तर्राष्ट्रिय युवा दिवस, २०१४ सफलतापूर्वक मनाइएको, युथ भिजन, २०१५ को कार्य प्रारम्भ भएको छ।
- खेलकुद नीति परिमार्जन गरिएको, मुलपानी क्रिकेट मैदान र भैरहवा क्रिकेट मैदान निर्माण कार्य अगाडि बढेको, एक निर्वाचन क्षेत्र एक खेल मैदान अन्तरगत ७५ जिल्लाको २८० स्थानमा खेल मैदान निर्माण तथा क्रिकेटको अभ्यास नेट राख्ने कार्य अगाडि बढाइएको छ।

### ३.१९ रक्षा मन्त्रालय

- नेपाली सेनाका लागि पूर्वाधार निर्माण गर्न केन्द्रीय स्तरबाट हुने निर्माणको बोलपत्र मूल्यांकन भई सम्झौताको क्रममा रहेको छ।
- संस्थागत क्षमताको विकासका लागि स्वदेशमा ५०० वटा तालीममा करीव १७,१८५ जना र विदेशमा सञ्चालन भएको तालीममा १६४ जना सहभागी भई तालीम प्राप्त गरेका छन्।
- वंकर देखि ब्यारेक कार्यक्रमलाई निरन्तरता दिन जवान लाइन, जवान भान्छा तथा डाइनिङ, अधिकृत मेस, पदिक मेस, शौचालय, कार्यालय भवन, क्वार्टर गार्ड लगायतका कार्यहरूमा समीक्षा अवधिमा ३० प्रतिशत कार्य सम्पन्न भएको छ।

### ३.२० सहरी विकास मन्त्रालय

- मझौला एकीकृत सहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत बुटवल अटोभिलेजको डिजाइन तयार भइ स्वीकृत भएको र IFB प्रकाशित भइ Bid Evaluation भइरहेको छ। बुटवल नगरपालिकाको एकीकृत फोहोरमैला ब्यवस्थापन कार्य ठेक्का सम्झौता भई Letter of Intent प्रकाशित भएको र वडा नं ९ र १० मा खानेपानी प्रणालीको सुधार कार्यको ठेक्का सम्झौता भइसकेको छ।
- वीरगंज र विराटनगर उप महानगरपालिकामा Sewerage Drainage र Road Lane Improvement को सिभिल निर्माण कार्य सुचारू छ भने काभ्रे भ्याली एकीकृत खानेपानीको निर्माण कार्य पनि सुचारू रहेको छ।
- एकीकृत सहरी विकास आयोजना अन्तरगत Storm Drainage & Road Improvement कार्यको नेपालगंज नगरपालिकामा १७ डिसेम्बर २०१४ मा र सिद्धार्थनगर नगरपालिकामा १५ डिसेम्वर २०१४ मा ठेक्का सम्झौता भएको छ। यी दुवै नगरपालिकामा Integrated Solid Waste Management को IFB जारी भई Bid Submission भएको छ।
- बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण कार्यको सम्झौता भई कार्यदिश गइसकेको छ।
- काठमाडौ उपत्यका सहरी सडक विस्तार लगायत कार्य अन्तर्गत काठमाडौ जिल्लामा ५.५ कि.मी. मा मार्किङ कार्य भएको, भक्तपुर जिल्ला अन्तर्गत मध्यपुर थिमिको न्हुहिटिदेखि मगरगाउँ मधुचोकसम्म सडक विस्तार कार्य भइरहेको। ब्यासी हुँदै झौखेल चाँगुनारयण सडक

विस्तार कार्य भइरहेको, मध्यपुर थिमीको सिद्धकाली मार्गको सडक विस्तार कार्य भइरहेको छ।

- काठमाडौ उपत्यकामा कम्तीमा १० स्थानमा यथेष्ठ खुला स्थान सहित उद्यान तथा पार्क निर्माण गर्ने कार्य अन्तर्गत नारायण चौर नक्सालको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको र कमलपोखरीमा उद्यान निर्माण कार्य शुरु भएको छ।
- आगामी २०७३ बैसाख १ गते सम्म मेलम्चीको पानी काठमाडौंमा वितरण गर्ने लक्ष्य अन्तर्गत पौष महिना सम्म १०.८७१ कि.मी. सुरुङ निर्माण, पानी प्रशोधन केन्द्र अन्तर्गत Sedimentation, Filtration र Clearwater Tank मा समेत गरी ७३५५ घ.मि. कंक्रिट ढलान कार्य सम्पन्न साथै सामाजिक उत्थानका लागि विभिन्न उपभोकता समितिहरूसंग कार्यक्रम सञ्चालनका लागि सम्झौता सम्पन्न भएको छ।
- जनता आवास सुविधा अन्तर्गत ५१ वटा आवास इकाईको निर्माण सम्पन्न र बाँकी आवास इकाईहरू निर्माणको विभिन्न चरणमा रहेका छन्।
- सन् २०१७ सम्म सबै नेपालीलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई उलब्ध गराउने कार्यक्रम अन्तर्गत २४९३ वटा खानेपानी योजना सञ्चालन भइरहेको र २४३ वटा गाविस ६ वटा नगरपालिका र ६ वटा जिल्ला खुला दिसामुक्त क्षेत्र घोषित भएको छ।

**बजेट कार्यान्वयनको उदाहरणः वागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजना**






**अधिकार सम्पन्न बागमती सम्पदा एकीकृत विकास समिति**

**मितिको परिचय** :पवित्र तीर्थस्थल पशुपतिनाथ मन्दिर क्षेत्र भएर वग्ने वागमती नदीको स्वच्छताका लागि संस्थागत रुपमा कार्य गर्न गठित "पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति" को

कार्य क्षेत्र सीमित भएकोले उपत्यकाको प्राकृतिक सम्पदा, मानव सभ्यता, संस्कृति र वातावरण संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण/सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति गठन भएको थियो। हाल "अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति" को नामबाट वाग्मती नदी प्रणालीको वातावरणीय स्वच्छता कायम राखी वाग्मती नदी प्रणालीलाई पुनर्स्थापना गर्न समिति क्रियाशिल रहेको छ।

**हालसम्म सम्पन्न भइसकेका कार्यहरुः**

- सुन्दरीजल—गोकर्णखण्डको ८ कि.मी. मा २०२१ सालको नापी नक्सा अनुसारको वाग्मती नदीको बहाव कायम गरी नदी नियन्त्रणको काम सम्पन्न भएको छ भने गोकर्ण—गुह्येश्वरी खण्डमा २२ कि.मी. ढल, ४.१ कि.मी. सडक निर्माण र ११ कि.मी. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ।
- यस क्षेत्रमा मुख्य ढल विछ्याउने कार्य सम्पन्न भइ ढल मुक्त वाग्मती घोषणा गरिएको छ। गुह्येश्वरीको कार्यालय हाता भित्र १.६४ करोड लिटर प्रतिदिन क्षमता भएको फोहर पानी प्रशोधन केन्द्रको निर्माण र सञ्चालन गरी प्रशोधित पानी ५७२ मी. टनेल मार्फत् तीलगंगामा खसालिएको छ।
- तीलगंगा—मीनभवन खण्ड ७.३ कि.मी. मा मुख्य ढल निर्माण सबै सम्पन्न र १.५ कि.मी. सडक निर्माण कार्य सम्पन्न भएको छ भने मीनभवन—बुद्धनगर खण्ड २ कि.मी.मा ढल निर्माण कार्य पुरै सम्पन्न र सडक निर्माण कार्य करिब सम्पन्न हुने अवस्थामा रहेको छ।
- बुद्धनगर—थापाथली—टेकु—बल्खु—सुन्दरीघाट खण्डमा ६ कि.मी. नदी नियन्त्रण कार्य सम्पन्न भै ५०० मी. ढल निमार्ण सम्पन्न भएको र बाँकी कार्य चालु अवस्थामा रहेको छ।
- धोबीखोलाको दुबै किनारामा ढल राख्ने कार्यको शुरुवात गरिएको छ भने बिष्णुमती नदीको वातावरण सुधारको लागि निर्माण कार्य अगाडी बढाउने क्रममा रहेको छ।

**बजेट विनियोजन र कार्यान्वयनको अवस्थाः** वाग्मती कार्य योजना अनुसार कार्य सम्पन्न गर्न करिब रु.१५ अर्व लाग्ने अनुमान गरिएको छ। आयोजना शुरु भएदेखि हाल सम्म करिब रू.२.५ अर्व खर्च भएको छ। गत आर्थिक वर्ष २०७०।७१ मा शुरु विनियोजित रकम रू.२६ करोड ७५ लाख भएकोमा रू.९३ करोड ११ लाख खर्च भएको थियो भने आर्थिक वर्ष २०७१।७२ मा पनि रू.३८ करोड चार लाख मात्र विनियोजन भएको र हाल सम्म पूजींगत रकम खर्च भइसकेकोले चालु आर्थिक वर्षमा भैरहेका निर्माण कार्य सम्पन्न गर्न थप रु. ९१ करोड ७० लाख आवश्यक हुने अनुमान गरिएको छ।

## ३.२१ शान्ति तथा पुनर्निर्माण मन्त्रालय

- समीक्षा अवधिमा राहत पाउन बाँकी द्वन्द्व पीडित मृतकका हकदार ४७ जना, एकल महिला ४५ जनालाई, बेपत्ता भएका ६ जनाका हकदार, बेपत्ताका पत्नी १ जना, अङ्गभङ्ग भएका ४५ जनालाई राहत प्रदान गरिएको छ।
- द्वन्द्वका क्रममा क्षति भएका २९ वटा आयोजना सम्पन्न भएको र १,२४३ वटा सञ्चालनमा रहेका छन्।
- द्वन्द्व प्रभावित व्यक्तिका परिवार तथा द्वन्द्वको क्रममा क्षति भएका भौतिक संरचनाको लागत संकलन कार्यदल गठन गरी कार्य शुरु गरिएको छ।

- सहमति, सम्झौता कार्यान्वयन गर्न सिफारिश आयोगले प्रतिवेदन पेश गरेको र सो प्रतिवेदन अनुसार कार्यान्वयन प्रक्रिया अगाडि बढेको छ।

## ३.२२ शिक्षा मन्त्रालय

- शारीरिक, मानसिक र बौद्धिक रुपमा अपांगत तथा फरक सिकाइ क्षमता भएका सुस्त श्रवण, सुस्त मनस्थिति र न्यून दृष्य शक्ति भएका वा दृष्य शक्ति गुमाएका बाल बालिकाहरूको लागि समाहित तथा विषेश शिक्षाको ब्यवस्था गर्न नेपालभरीका बिशेष शिक्षा स्रोत कक्षाहरू र आवासीय विद्यालयहरूलाई अनुदान सहयोग उपलव्ध गराई ती विद्यालयका बालबालिकाहरूलाई छात्रवृति तथा अन्य ब्यवस्था गरी विशेष शिक्षाको पहुचमा वृद्धि भएको छ।
- जिल्ला शिक्षा कार्यालय कैलाली र कपिलवस्तुमा प्रारम्भिक शिशु स्याहार र शिक्षा, बाल मैत्री विद्यालय, बाल अभिकार संरक्ष्ण, विद्यालय शान्ति क्षेत्र, प्राकृतिक प्रकोप र जोखिम न्यूनीकरणका लागि अभिभावक शिक्षा र आपतकालिन अवस्थामा शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालन भएको छ।
- शिक्षाको स्थिति प्रतिवेदन (Status Report) २०१४ र तेस्रो चौमासिक IPR तयार गरिएको छ भने यस अवधिमा Flash Report २०७१ तयार भएको छ। अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०७१ स्वीकृत हुनुका साथै शिक्षा दिवसमा शैक्षिक स्मारिका २०७१ प्रकाशन र वितरण भएको छ।
- गोरखापत्रमा विद्यालय शिक्षा सम्बन्धी गतिविधि प्रकाशन गर्दा सबै सरोकारवालाहरू लाभान्वित भएका छन्। यही वर्षदेखि प्राविधिक तथा व्यावसायिक धारमा कक्षा सञ्चालन गर्ने ९९ विद्यालयका विद्यार्थीहरूमा तथा २०७२ सालदेखि देशभरका सबै विद्यालयमा अक्षराङ्क पद्धति (Letter Grade System) लागु गर्ने तयारी भएको छ। कक्षा ९ र १० का प्राविधिक शिक्षा तथा व्यावसायिक तर्फका विभिन्न विषयका ग्रिड निर्माण गरिएको छ।
- राष्ट्रिय सीप परीक्षण समितिबाट ७०० जनालाई स्किल टेष्ट एसेसर र ६० जनाका लागि स्किल टेष्ट म्यानेजरको तालिम सम्पन्न भएको छ।
- टिआइटिआईबाट २५ जनाका लागि मास्टर ट्रेनर र ३२० जनाका लागि लिड तथा एसिस्टेन्ट ट्रेनर तालीम प्रदान गरिएको छ भने सिटिईभिटी अन्तर्गतका ३५ वटा आङ्गिक, सामुदायिक तथा एनेक्स विद्यालयहरूलाई जोडकोष वितरण गरिएको छ।
- यस अवधिमा १९,०२० जनाका लागि नतिजामा आधारित छोटो अवधिको तालिम शुरू भएको र ८,००० जनाका लागि भौचरमा आधारित छोटो अवधिको तालिम शुरू भएको छ।

- सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न निजी तालिम प्रदायक संस्था छनौट गरि ५ क्षेत्रमा तालीम शुरु भएको छ जसमध्ये सुदुर पश्चिम र मध्य पश्चिममा गरि ९२० जनालाई तालीम दिइएको छ।
- समुदायमा आधारित ३०,५३४ बाल विकास केन्द्र सञ्चालन भइरहेका, कमलरीलाई क्षमता विकास छात्रवृत्ति वितरण गरिएको, कर्णाली अञ्चलका ५ जिल्ला र अन्य १४ जिल्लाका छात्रछात्राहरूलाई दिवा खाजा उपलब्ध गराइएको र कक्षा १ देखि ८ मा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्ति (कर्णाली प्याकेजबाट) उपलब्ध गराइएको छ।

**शिक्षामा लगानी र प्रतिफलको कमजोर सम्बन्ध**

शिक्षा क्षेत्रमा भएको लगानीले अपेक्षित प्रतिफल दिन नसकेको भन्ने गुनासोहरू सुनिएकै बेला अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाबाट गएको अनुगमन टोलीले **नेपाल राष्ट्रिय प्राथमिक विद्यालय सन्तलिया** बाँकेको निरीक्षण गरेको थियो। अनुगमनको दिन जम्मा २१ जना विद्यार्थीको उपस्थिति रहेको उक्त विद्यालयका कक्षा ५ का विद्यार्थीहरूले पनि कसैले अंग्रेजी पाठ्यपुस्तकको कुनै पुरा वाक्य पढ्न सकेनन् भने गणित र नेपाली बिषयमा पनि विद्यार्थीहरूको क्षमता अत्यन्तै कमजोर देखियो। शिक्षाको गुणस्तरको बारेमा गरिएको प्रश्नमा विद्यालयका प्रधानाध्यापकले अवकाश प्राप्त प्रधानाध्यापकको कमजोरीका कारणले शिक्षाको गुणस्तर कमजोर भएको आरोप लगाए।

अर्कोतर्फ सोही विद्यालयमा मासिक २ हजार मात्र तलब पाउने शिक्षिकाले बाल विकासका लागि स्थानीय साधन स्रोतबाट तयार पारेका शीक्षण सिकाई सामग्रीहरू अत्यन्त प्रशंसनीय देखिए। तर अफसोच! उनले ती सामग्री राख्ने कोठामा भित्ता भत्केको र छानोमा जस्ता पाता समेत नभएको देखियो। त्यति सामान्य कुराको ब्यवस्थापनमा समेत ध्यान नदिंदा ती शिक्षिकाले तयार गरेका सामग्री समेत सुरक्षित राख्न र पूर्ववाल्यावस्थाका नानीहरू बर्खामा नभिजीकन शिक्षण सिकाई गतिबिधिमा संलग्न हुन नसक्ने अवस्था देखियो।







### ३.२३ सहकारी तथा गरिबी निवारण मन्त्रालय

- सहकारी संस्थाहरूको अनुगमन र नियमन प्रभावकारी बनाउन ऐनको मस्यौदा तयारको अन्तिम चरणमा रहेको छ।
- बचत तथा ऋणको कारोवार गर्न सहकारी संस्थाहरूको प्रभावकारिता वृद्धि गर्न सहकारी तथा गरिवी अनुगमन सूचना प्रणाली स्थापनाको लागि परामर्शदाताको छनौट गरी सम्झौता समप्पन्न भएको छ।
- २५ जिल्लाका गरिव घर परिवार पहिचान गर्न घरपरिवार सर्भेक्षण फारामको डाटा प्रविष्टी र स्क्यानिङ कार्य सम्पन्न भई NITC मा MIS Software Install गरिएको, २५ जिल्लाको डाटा इन्ट्रि भएको प्रश्नावली फारामहरू परामर्शदाताबाट बुझ्ने कार्य भएको छ।
- सहकारी तथा गरिवी निवारण ब्यवस्थापन सूचना प्रणाली (Cooperatives and Poverty Management Information System- COPOMIS) को माध्यमबाट अनुगमन कार्य प्रभावकारी बनाउन परामर्शदाताको छनौट तथा सम्झौता गरी परामर्शदाताले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरी सफ्टवेर डिजाइनका लागि कार्य भइरहेको छ।

### ३.२४ सामान्य प्रशासन मन्त्रालय

- प्रशासन सुधार सुझाव समितिको सिफारिश कार्यान्वयन गर्न प्रशासन सुधार सुझाव कार्यान्वयन तथा अनुगमन समितिको गठन भई काम भइरहेको छ।
- प्रशासनको पुनर्संचना सहित सरकारको समग्र कार्य विश्लेषण सम्बन्धी कार्य भइरहेको छ।

### ३.२५ सिंचाइ मन्त्रालय

- यस अवधिमा १,०४५ वटा स्यालो टयूववेल निर्माण, ७ वटा डिप टयूववेलको बोरिङ्ग सम्पन्न भएको छ भने पम्प विद्युतीकरणको ठेक्का बन्दावस्त भइसकेको र ३५ वटा क्रमागत डिप टयूववेलहरूको वितरण प्रणाली शुरु भएको छ।
- बागमती सिंचाइ आयोजना शाखा नहरहरूमा २.५ हेक्टर जग्गा अधिग्रहण गरिएको,, क्षतिग्रस्त नहरहरूको मर्मत संभार भएको, व्यारेजको गेटहरू मर्मत गरिएको तथा नहर सञ्चालन गरी ४५,६०० हेकटर जमिनमा सिंचाइ सेवा उपलब्ध गराइएको छ।
- बबई सिंचाइ आयोजनाको पूर्व तर्फ २५ कि.मी. मूल/शाखा/प्रशाखा नहरहरूको निर्माण कार्य चालु रहेको र पश्चिम तर्फ ढोढरी मूल नहरको ८ कि.मी. निर्माण/ रिमोडलिङ्ग गर्ने कार्यको ठेक्का बन्दोबस्त भई निर्माण कार्य शुरु भएको छ।
- महाकाली सिंचाइ (तेस्रो) आयोजनाको मूल नहरको ३ कि.मी. देखि १३ कि.मी सम्मको नहर निर्माणको कार्य जारी रहेको, मूल नहरको ३ कि.मी. भित्रको संरचनाहरूको निर्माण कार्य चालु रहेको र ३ कि.मी. देखि १३ कि.मी भित्रका संरचना निर्माणको लागि ठेक्का बन्दोवस्त गरिएको छ।

- सिक्टा सिंचाइ आयोजनाको मूल नहरको १५-३५ कि.मी सम्मको निर्माण कार्य चालु रहेको छ भने ३५-५० कि.मी. सम्मको निर्माणको लागि निर्माण व्यवसाय खरीदको प्रक्रिया अन्तिम चरणमा रहेको छ।
- रानी, जमरा कुलरिया सिंचाइ आयोजनाको (प्रणाली आधुनिकिकरण समेत) ०.४७ कि.मी. मूल नहर निर्माण कार्य सम्पन्न भएको छ। सिंचित क्षेत्र वचाउ तथा संरक्षण कार्यको लागी निर्माण भइरहेको छ।
- भेरी बबइ डाइभरर्सन बहुउदेश्यिय आयोजना सुरुङ निर्माण कार्यको ठेक्का बन्दोबस्त कार्य अन्तिम चरणमा रहेको, परामर्शदाता नियुक्ति सम्बन्धमा Request of Proposal को मुल्यांकन भइरहेको तथा कार्यालय भवनको जग निर्माण कार्य सम्पन्न भएको छ भने यस आयोजनाको सामाजिक तथा वातावरण विकास अन्तर्गत Liveihood कार्यक्रमको लागि अध्ययन कार्य भइरहेको छ।
- डिप तथा स्यालो ट्यूबवेल सिंचाइ आयोजना भारतिय अनुदानबाट तराईका १२ जिल्लाहरूमा २,७०० वटा स्यालो ट्यूबवेलहरू निर्माण गर्न भारत र नेपाल सरकारबीच सम्झौता सम्पन्न भई यस आर्थिक वर्षमा निर्माण हुने १,६३४ स्यालो ट्यूबवेलहरू निर्माणको लागि कार्यान्वयन कार्यविधि तयारीको अन्तिम अवस्थामा रहेको छ।

## ३.२६ सूचना तथा सञ्चार मन्त्रालय

- राष्ट्रिय चलचित्र नीतिको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ।
- गोरखापत्र दैनिकलाई समय सापेक्ष प्रतिस्पर्धी र ग्राहकमैत्री बनाउन विराटनगरबाट क्षेत्रीय प्रकाशन गर्ने ब्यवस्थाको लागि जग्गा खरीदको कार्य प्रक्रिया अगाडि बढेको छ।
- नेपाल टेलिभिजनको तेस्रो च्यानल २०७१ कार्तिक देखि सञ्चालनमा आएको छ।
- रेडियो नेपालको सेवालाई मुलुकका सबै जिल्लामा पुग्ने गरी विस्तार गर्न धनकुटाको भेडेटारको लागि Bay Panel Antenna राख्ने कार्य अघि बढेको छ। साथै, STL Link सम्बन्धी कार्य पुरा भई प्रसारण गुणस्तरमा सुधार आएको छ।
- नेपाल दूरश्चार कम्पनी लिमिटेडमा रणनीतिक साझेदार भित्र्याउन परामर्शदाता छनौट भएको छ।
- रेटियो नेपाल र नेपाल टेलिभिजनलाई गाभी सार्वजनिक सेवा प्रसारकका रूपमा सञ्चालन गर्न आवश्यक ब्यवस्था गरिएको छ।

## ३.२७ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

- निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) पाँचौ संशोधन, २०७१ स्वीकृत भई लागु भएको छ भने निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली,

२०७१ र स्थानीय निकाय गैसस परिचालन कार्यविधि, २०६१ को प्रथम संशोधन भई लागु भएको छ।

- मन्त्रालयको संगठन व्यवस्थापन सर्भेक्षण गरी संगठन संरचनालाई समय सापेक्ष बनाइएको छ।
- मन्त्रालय र नगरपालिका वीचको कार्यसम्पादन करार सम्झौता (Performance Contract Agreement) पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रमा सम्पन्न गरिएको छ।
- लाभग्राहीको नाममा बैकमा खाता खोली बैकिङ प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता प्रदान गर्न सबै जिल्ला विकास समिति र नगरपालिकालाई निर्देशन दिइएको छ। बाँके, बाग्लुङ र सुर्खेतमा शाखारहित बैंकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न सिटिजन्स बैकलाई रकम उपलब्ध गराएको छ।
- हालै गठन गरिएका नयाँ नगरपालिकाहरूमा आवश्यक जनशक्ति, संगठन संरचना तयार गरी कार्यान्वयनका लागि सम्बन्धित नगरपालिकामा पठाइएको छ।
- परिचयपत्र लिएका अति अशक्तता भएका २२,०८० जना अपाङ्गहरूका लागि मासिक रू.३०० उपलब्ध गराउन अख्तियारी पठाइएको छ।
- सत्तरी वर्ष उमेर पुगेका ८,३६,५८० जेष्ठ नागरिकलाई वार्षिक रु.२,००० औषधोपचार रकम उपलब्ध गराउन अख्तियारी पठाइएको छ।

### ३.२८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०१४-२०२० तयार गरिएको छ भने राष्ट्रिय प्रतिजैविक (Antibiotic) निर्देशिका २०७१ तयार गरी लागु गरिएको छ।
- राष्ट्रिय जनसंख्या नीति २०७१ को मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको छ।
- राष्ट्रिय ट्रमा सेन्टर भारत सरकारबाट हस्तान्तरण भई सञ्चालनमा आएको छ।
- वीर अस्पतालमा राष्ट्र प्रमुख, सरकार प्रमुख लगायतका अति विशिष्ट तथा विशिष्ट पदाधिकारीका लागि सुविधा सम्पन्न वार्ड स्थापना गरिएको छ।
- नयाँ स्वास्थ्य नीति कार्यान्वयनमा ल्याउन राष्ट्रिय स्वास्थ्य नीति २०७१ मा उल्लेखित १४ वटा नीति कार्यान्वयनमा ल्याउन नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना तेस्रो मस्यौदा तयार गरी खोप कोष व्यवस्था गरिएको छ।
- अपांगता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुन स्थापना कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गर्ने र नयाँ बन्ने शिक्षा र स्वास्थ्यका संरचनामा अपांगमैत्री बनाउन गरी नक्सा डिजाइन तथा निर्माण गरिएको छ।

## ३.२९ श्रम तथा रोजगार मन्त्रालय

- बैदेशिक रोजगार सम्बन्धी सूचना केन्द्र सञ्चालन प्रक्रियामा रहेका छन् भने बालश्रम सम्बन्धी गुरुयोजना पुनर्लेखन समिति गठन, निकृष्ट प्रकारका बालश्रम सुधार कार्यक्रमको कार्यविधि मस्यौदा तयारी क्रममा रहेको छ। थप ३ सूचना केन्द्रको स्थापनाको लागि कार्य प्रारम्भ गरिएको छ।त्यसैगरी २,१४५ जना आप्रवासी कामदारलाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ भने बैदेशिक रोजगारबाट फर्केका १३८ जना पिडित महिला कामदारलाई आवास तथा मनोसामाजिक सेवा प्रदान गरिएको छ।
- वैदेशिक रोजगार नीतिको राष्ट्रिय कार्ययोजना मस्यौदा तयार गरीएको छ भने सामाजिक सुरक्षासंग सम्बन्धित ऐन नियमको मस्यौदा तयार भएको छ।
- सुरक्षित मातृत्व सम्बन्धी योजना कार्यविधि निर्माण र विरामी औषधि उपचार र कार्यस्थल दुर्घटना योजनाको मस्यौदा तयारी सम्पन्न भएको छ।

## ३.३० राष्ट्रिय योजना आयोगको सचिवालय

- नेपाललाई सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न सहयोग पुग्ने गरी वैदेशिक सहायता परिचालन अवधारणापत्रको मस्यौदा तयार भएको छ।
- वार्षिक घरपरिवार सर्भेक्षण २०७०/७१ सञ्चालन गरी प्रतिवेदनको पहिलो मस्यौदा तयार भएको छ।
- अनुगमनलाई स्वचालित र प्रभावकारी बनाउन विद्युतीय अनुगमन प्रणाली सञ्चालनमा ल्याउने क्रममा रहेको छ।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूमध्ये कबुलियती वन तथा पशु विकास कार्यक्रम, मध्यमर्स्याङ्दी जलविद्युत आयोजना, व्यवसायिक कृषि विकास आयोजना, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन कार्यक्रम समेत चार वटा आयोजनाको तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।
- पर्यटन व्यवसाय सर्भेक्षण तथा रियल स्टेट तथा कोल्ड स्टोरेज सम्बन्धी सर्वेक्षणको गणना कार्य सञ्चालन भइरहेको छ।
- सामाजिक तथ्याङ्क कार्यक्रम अन्तर्गत Nepal Info 2013 अद्यावधिक गरिएको छ।
- नेपाल बहुसूचक सर्वेक्षण २०१३ को निर्देशिका तथा प्रश्नावलीको छपाई कार्य सम्पन्न भएको छ।

## परिच्छेद ४
## राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति अवस्था

नेपाल सरकारले विभिन्न २१ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको छ। अर्थतन्त्रका मेरुदण्डका रुपमा रहेका उर्जा, सडक, रेल, सिंचाई, खानेपानी र पर्यटन क्षेत्रका ठूला र राष्ट्रिय महत्वका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखी पर्याप्त बजेट विनियोजन गरिएको छ। चालू आर्थिक वर्षमा राष्ट्रिय गौरवका यी आयोजनाहरुको लागि रू.२७ अर्ब ४० करोड ५ लाख विनियोजन गरिएको छ जसमध्ये समीक्षा अवधिसम्म रू.४ अर्ब २८ करोड २७ लाख खर्च भएको छ। आयोजनागत खर्चको विवरण अनुसूची १७ मा राखिएको छ।

आर्थिक समृद्धि र विकासका लागि सरकारले विशेष महत्व दिएका राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनको अवस्था, समीक्षा अवधिको उपलब्धी, अनुभूत गरिएका समस्या र चुनौतीहरुका सम्बन्धमा केन्द्रित भई देहायअनुसार विश्लेषण गरिएको छ।

### ४.१ मध्यपहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग)

मध्यपहाडी लोकमार्गले पूर्वमा पाँचथरको चियोभञ्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटलाई जोड्दछ। यस लोकमार्गको लम्बाइ करिब १७८९ कि.मी. रहेको छ। यसले नेपालको मध्यपहाडी क्षेत्रका २५ जिल्ला र २१५ बस्तीहरु जोड्ने लक्ष्य लिएको छ। यो सडकको विस्तारले मध्यपहाडी भूभागको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय, शैक्षिक लगायतका क्षेत्रको सन्तुलित विकास हुने अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०६४/६५ देखि शुरुवात गरिएको यस आयोजनाको कुल लागत करिब रू.४३ अर्ब रहेको अनुमान छ। यस लोकमार्गको कुल लम्बाइमध्ये १००० कि.मी. भाग निर्माण भइसकेको सडक खण्डमा पर्दछ।

आर्थिक वर्ष २०७१/७२ मा यस आयोजनाका लागि झण्डै रू.२ अर्ब बजेट विनियोजन भएको छ। समीक्षा अवधिसम्म रू.८२ करोड ३४ लाख खर्च भई वित्तीय प्रगति वार्षिक विनियोजको ४१.२१ प्रतिशत र भौतिक प्रगति प्रथम छ महिनाको लक्षको ९८ प्रतिशत रहेको छ।

यो आर्थिक वर्षमा ६६ कि.मि. कालोपत्रे गर्ने, २० कि.मि. ग्राभेल गर्ने र २० वटापुल निर्माण सम्पन्न गर्ने लक्ष रहेकोमा प्रथम ६ महिनामा ८ कि.मि. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको (खुर्कोट घुर्मी सडक), १२ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको र २ वटा पुलको (सिवा खोला र मेवा खोला पुल) निर्माण सम्पन्न भएको छ।

जग्गा प्राप्तिमा कठिनाई, स्थानीयद्वारा रेखाङ्कनमा विवाद, कम अंकमा ठेक्का कबोल गरी निर्माणमा ढिलाई र गुणस्तरमा कमजोरी जस्ता समस्या यस क्षेत्रमा रहेका छन्। समस्या समाधानको लागि आयोजनाको तर्फबाट प्रयासहरु भइरहेको जनाइएको छ।

### ४.२ मेलम्ची खानेपानी आयोजना

काठमाडौं उपत्यकामा खानेपानीको आवश्यकता पूरा गर्न मेलम्ची खानेपानी आयोजना एशियाली विकास बैंकको ऋण सहयोगमा आर्थिक वर्ष २०५५/५६ देखि शुरु भएको हो। प्रतिदिन १७ करोड लिटर खानेपानी उपलब्ध हुन सक्ने यस आयोजनाको अनुमानित कुल लागत २८७ मिलियन अमेरिकी डलर रहेको छ। मुख्य सुरूङ निर्माण गर्नको लागि ठेक्का लिएको निर्माण

कम्पनीले काम नगरेको कारण ठेक्का सम्झौता रद्द गरी २०७० असार ३१ मा पुनः ठेक्का सम्झौता भएको थियो।

यस आर्थिक वर्षमा यो आयोजनाको लागि रू.४ अर्व ६१ करोड ४८ लाख ४७ हजार बजेट विनियोजन भएको छ। समीक्षा अवधि सम्ममा रू.३१ करोड ६५ लाख ८३ हजार खर्च भएको छ। सो खर्च विनियोजित बजेटको ६.८६ प्रतिशत रहेको छ। चालू आर्थिक वर्षको खर्च समेत सो आयोजनामा हाल सम्म रू.१३ अर्व १३ करोड ८१ लाख ७८ हजार खर्च भईसकेको छ।

चालु आर्थिक वर्षमा थप ८ कि.मि. सुरुङ निर्माण गर्ने, सुन्दरीजलमा पानी प्रशोधन केन्द्रको थप ४०प्रतिशत निर्माण कार्य सम्पन्न गर्ने र आयोजना प्रभावित गा.वि.स.हरुमा सामाजिक उत्थान कार्यक्रमलाई निरन्तरता दिने लक्ष रहेकोमा समीक्षा अवधिसम्म हेडवर्कस निर्माणतर्फ ३८७९ घनमिटर माटो कटान गरेको र १३४.४ मिटर टनेल निर्माण भएको, ३१४६ मिटर सुरुङ निर्माण कार्य सम्पन्न भएको, पानी प्रसोधन केन्द्र तर्फ २०५५ घनमिटर कंक्रिट निर्माण कार्य सम्पन्न भएको र आयोजना प्रभावित क्षेत्रमा सामाजिक उत्थानका कार्यक्रमलाई निरन्तरता दिइएको छ।

निर्माण ब्यवसायीको कमजोर ब्यवस्थापन जस्तो उपकरण तथा जगेडा सामानमा कमी, निर्माण सामाग्री संकलन एवं ब्यवस्थापनमा कमी, जनशक्ति ब्यवस्थापनमा कमी देखिएको र ग्याल्थुम र सिन्धु अडिट पोर्टलबाट निर्माण गरिने सुरुङ मार्गमा अत्यन्त कमजोर भूभाग रहेकोले समस्या रहेकोमा सम्बन्धित निकायबाट ब्यवस्थापकीय र प्राविधिक समस्याको समाधानको लागि प्रयास भइरहेको छ।

### ४.३ सिक्टा सिंचाई आयोजना

कृषियोग्य भूमिमा वर्षै भरी सिंचाइ सुविधा उपलबध गराउने उद्देश्यले संचालित यो परियोजना बाँके जिल्लामा रहेको छ। राप्ती नदीमा ३१७ मिटर बाँध निर्माण गरी दायाँतर्फ करिव ३३७६६ हेक्टर र बायाँतर्फ ९००० हेक्टर समेत जम्मा ४२७६६ हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध गराउने लक्षका साथ आर्थिक वर्ष २०६१/६२ देखि यो आयोजनाको निर्माण कार्य शुरू भएको हो। दायाँतर्फको मात्र कुल अनुमानित लागत रू.१२ अर्व ८० करोड १७ लाख ३९ हजार रहेकोमा संशोधित अनुमान अनुसार रू.१५ अर्व ७३ करोड खर्च हुने देखिएकोछ। चालु आर्थिक वर्ष २०७१/७२ मा रू.१ अर्व ४० करोड ०६ लाख ३२ हजार विनियोजन भएकोमा समीक्षा अवधि सम्ममा रू.५० करोड ९२ लाख ५६ हजार खर्च भएको छ। आर्थिक वर्ष २०७०/७१ सम्म दायाँतर्फको ५० कि.मी. मुल नहर मध्ये १५ कि.मी. नहरको निर्माण कार्य सम्पन्न भएको छ। १५ कि.मी. देखि ३५ कि.मी. सम्मको निर्माण कार्य करीव ८५ प्रतिशत सम्पन्न भएको छ। हेडवर्क्सको निर्माण कार्यको गेट वाहेक अन्य कार्य सम्पन्न भइसकेको छ। सिंघानिया शाखा नहरको लागि ठेक्का बन्दोवस्त गर्ने कार्य सम्पन्न भइसकेको छ।

चालु आर्थिक वर्षमा १५ कि.मी.देखि ३५ कि.मी.सम्मको नहर निर्माणको बाँकी १५ प्रतिशत काम सम्पन्न गर्ने, मूल नहर ३५-५० कि.मी. खण्डको १५ कि.मि. नहरको लागत अनुमान तयार गरी ठेक्का व्वस्थापन गर्ने, Head Works को Gate Fitting सम्बन्धी कार्य सम्पन्न गर्ने, सिंघानिया शाखा नहरको निर्माण कार्य शुरु गर्ने, डुन्डुवा शाखा नहरको निर्माणको तयारी गर्ने, नदी नियन्त्रण

गरी कमाण्ड क्षेत्र एवं विद्यमान नहर संरचनाहरुको संरक्षण गर्ने, नहर तथा संरचना निर्माणको लागि जग्गा अधिग्रहण गर्ने लक्ष्य लिइएकोमा प्रथम छ महिनाको अवधिमा मूल नहरको १५-३५ कि.मी.सम्मको निर्माण कार्य चालु रहेको, ३५-५० कि.मी.सम्मको निर्माणको लागि निर्माण कार्य खरिद प्रकृयाको अन्तिम चरणमा रहेको, हेड बर्क्सको गेट फिटिङ्ग कार्य चालु रहेको, सिंघानीय शाखा नहरको निर्माण शुरु गर्न जग्गा अधिग्रहण र मुआब्जा वितरणको प्रकृया शुरु भएको, वन मन्त्रालयबाट नहरमा पर्ने रुख काट्न अनुमति प्राप्त भएको र डुन्डुवा शाखा नहरको निर्माणको लागि आवश्यक तयारी भइरहेको छ।



चित्रः सिक्टा सिंचाई आयोजनाको हेडवर्क्स

यस आयोजनाको लागि जग्गा अधिग्रहण र निर्माण सामाग्री प्रगति तथा उत्खननमा समस्या देखिएपनि समन्वयात्मक रुपमा कार्य अघि बढाइएको छ। आयोजना कहिले सम्पन्न हुन्छ र किसानको खेतमा कहिले सिंचाई हुन्छ भन्ने विषय अझै निश्चित भएको छैन।

## ४.४ रानीजमरा कुलरिया सिंचाई आयोजना

कर्णाली नदीबाट परम्परागत प्रणालीमा सञ्चालित रानी जमरा र कुलरिया सिंचाई प्रणालीलाई सुदृढीकरण गर्ने र सिंचित क्षेत्र विस्तार गर्ने लक्ष्य लिई यो आयोजना कैलाली जिल्लामा संचालित छ। यस आयोजनाबाट कैलालीका ८ गा.वि.स. र टीकापुर नगरपालिका समेतका २०३०० हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध हुनेछ। यस आयोजनाको कार्यान्वयनबाट परम्परागत सिंचाई प्रणालीको System Efficiency मा वृद्धि हुने देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा शुरू भई २०७५/७६ मा सम्पन्न गर्ने लक्ष्य राखिएको यो आयोजनाको कुल लागत रू १२ अर्ब ३८ करोड हुने अनुमान छ।

आर्थिक वर्ष २०७०/७१ सम्म इन्टेक निर्माणको काम सम्पन्न भइसकेको छ। कार्यालय भवन निर्माण र नदी नियन्त्रणको काम अन्तिम चरणमा पुगेको छ। परम्परागत रूपमा सञ्चालित नहर प्रणालीहरुको आधुनिकीकरण कार्यको लागि अन्तर्राष्ट्रिय स्तरको ठेक्का भई ३५ प्रतिशत काम सम्पन्न भएको छ भने सिचित क्षेत्र वचाव कार्यहरु पनि सुचारु रहेका छन्।

चालु आर्थिक वर्ष २०७०/७१ मा मूल/फिडर नहर र नदी नियन्त्रणका कार्यलाई निरन्तरता दिने, संरचना निर्माण, सिंचित क्षेत्रको वचाउ एवं ग्रामिण सडकको स्तरोन्नति गर्ने, शाखा नहरको आधुनिकीकरणको लागि कन्ट्रोल स्ट्रक्चर निर्माण र जग्गा अधिग्रहण गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिमा इन्टेक निर्माणमा थप ०.६४ प्रतिशत प्रगति भएको, मूल नहर निर्माण ४७० मिटर सम्पन्न भएको, सिंचित क्षेत्र वचाउ तथा संरक्षण कार्य ३.१०८ कि.मी. सम्पन्न भएको छ। शाखा नहर निर्माण र पुन: निर्माण कार्य ५-३८ कि.मी.सम्पन्न भएको छ। यसैगरी १६.७ कि.मी. ग्रामीण सडकको स्तरोन्नति भएको छ। चालु आर्थिक वर्षमा सो आयोजनालाई रू.१ अर्व ४४ करोड १२ लाख २८ हजार विनियोजन भएकोमा समीक्षा अवधिमा रू३६ करोड १५ लाख १० हजार खर्च भएको छ।

## ४.५ बबई सिंचाई आयोजना

अन्न भण्डारको रुपमा रहेको वर्दिया जिल्लाको करीव ३६ हजार हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध गराइ कृषि उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले आर्थिक वर्षा २०४५/४६ यो आयोजना शुरु भएको हो। यो आयोजना सम्पन्न गर्न कूल रू.३ अर्व ७७ करोड १० लाख ८७ हजार लाग्ने संशोधित अनुमान छ। यो आयोजना आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न गर्ने लक्ष्यका साथ कार्य अघि बढाइएको छ। गत आर्थिक वर्ष २०७०/७१ सम्म आयोजनाको हेडवर्कस तयार भएको, मूल नहर २८ कि.मी. र शाखा नहर ११५ कि.मी. सम्पन्न भएको, १६६८० हेक्टर (पूर्व १३६८० हे. र पश्चिम ५००० हे.) मा व्यवस्थित सिचाई सेवा उपलब्ध भएको, पश्चिम नहरतर्फको साइफन निर्माण कार्य सम्पन्न भएको र जग्गा अधिग्रहण गर्ने कार्य भएको छ।

चालु आर्थिक वर्षमा हेडवक्स तथा मूल नहर सञ्चालनलाई निरन्तरता दिने, पूर्वतर्फ मूल र शाखा/प्रशाखा नहर समेत २५ कि.मी.निर्माण सम्पन्न गर्ने र ४.५ कि.मी.नहर रिसेपिङ्ग गर्ने लक्ष्य छ भने पश्चिमतर्फ ८ कि.मी.मूल नहर निर्माण र रिमोडलिङ्गको काम सम्पन्न गर्ने लक्ष्य रहेकोमा पूर्वतर्फ २५ कि.मी. नहर निर्माण कार्य चालु रहेको र पश्चिमतर्फको ८ कि.मी. नहर निर्माण रिमोडलिङ्ग गर्ने कार्यको ठेक्का बन्दोवस्त भई निर्माण शुरु हुन लागेको अवस्था छ। ५.२ हेक्टर जग्गा प्राप्ति भएको छ। वर्षा याममा आएको बाढीको कारण क्षति भएका नहर र संरचनाको मर्मत र पुन:निर्मण कार्य भइरहेको छ।

चालु आर्थिक वर्षमा सो आयोजनालाई रू.७८ करोड २२ लाख ४ हजार विनियोजन भएकोमा समीक्षा अवधिमा रू.६ करोड ३२ लाख ६६ हजार खर्च भएको छ, जुन वार्षिक विनियोजित रकमको ८.०९ प्रतिशत हुन आउछ।

## ४.६ भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

रुपन्देही जिल्लामा गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गरी दिगो पर्यटन विकास गर्ने उद्देश्यले यो आयोजना आर्थिक वर्ष २०६८/६९ मा शुरु भई आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यसको कूल लागत नेपाल सरकार, स्थानीय स्रोत र आन्तरिक तथा वाह्य ऋणबाट ब्यहोरिने गरी ९९.५९ मिलियन अमेरिकी डलर हुने अनुमान छ। चालु आर्थिक वर्षमा सो विमानस्थल निर्माण कार्यलाई निरन्तरता दिने, VIC Building तथा NGO PAckage को Contract award गरी काम सम्पन्न गर्न र Lumbini

and Adjoining Greator Tourism Promotopm Plan तयार गर्ने जस्ता लक्ष्य पुरा गर्न रू.१ अर्व ९८ करोड ९६ लाख ९५ हजार वार्षिक बजेट छुट्याइएकोमा समीक्षा अवधिसम्म वित्तीय प्रगति हुन सकेको छैन।तर विमानस्थल निर्माणको लागि छनौट भएको चीनको North West Civil Avaition Airport Construction Group सँग यही २०७१ कार्तिक २७ गते विमानस्थल निर्माणको सम्झौता सम्पन्न भई सम्माननीय प्रधानमन्त्रीबाट २०७१ माघ १ गते निर्माण कार्यको शिलान्यास भएको छ। अब निर्माण कार्यले गति लिने र तोकिएको समयमा काम सम्पन्न हुने अपेक्षा गरिएको छ।

### ४.७ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

बाराको निजगढमा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी दीगो पर्यटन विकास गर्ने उद्देश्यले यो आयोजना निर्माणको थालनी गरिएको हो। यो विमानस्थललाई निर्माण सञ्चालन तथा हस्तान्तरण (BOOT) मोडेलमा निर्माण गरी सञ्चालन गर्ने लक्ष्य लिइएको थियो।

यस आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भई निर्माण मोडालिटीको विषयमा परामर्शको लागि (BOOT) कमिटीमा प्रस्ताव पठाइएको छ। BOOT मोडेलमा नीजि क्षेत्रका सहभागितामा निर्माण नीतिले साकार रुप लिन सकेन। लामो समयदेखि BOOT कमिटीले मोडालिटीको बारेमा निर्णय दिन नसक्दा थप अन्योलको अवस्था कायमै छ।

उक्त विमानस्थलको निर्माण कार्य शुरु गर्न चालु आर्थिक वर्षमा रू.५० करोड विनियोजन गरिएकोमा कार्यक्रम भर्खरै स्वीकृत भएको हुँदा पहिलो छ महिनामा बजेट रकम खर्च हुन सकेको छैन।

### ४.८ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लाको पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने उद्देश्यले यो आयोजना सन् २०११ मा शुरु भएको हो। चालू आर्थिक वर्षमा यस विमानस्थलको जग्गा अधिग्रहण समेतको लागि रू.२ अर्व ७ करोड बजेट विनियोजन भएको छ। धावन मार्ग विस्तारको लागि थप ५५० रोपनी जग्गा अधिग्रहण गर्ने कार्यको थालनी भएको छ। विमानस्थल वरिपरि नाला व्यवस्थित गर्ने कार्य सुचारु रहेको छ।

राष्ट्रिय गौरवको आयोजना भएर पनि अहिलेसम्म कुल लागतको अनुमान नहुनु, जग्गा अधिग्रहण र नाला ब्यवस्थापन कार्यमा मात्र आयोजनाको कार्यान्वयन सीमित हुनु र ठेकेदार छनौटको प्रक्रिया टुंगो नलाग्नु जस्ता समस्याहरु देखिएका छन्।

चालु आर्थिक वर्षको पहिले छ महिनामा ८० रोपनी जग्गा अधिग्रहण सम्बन्धी सूचना प्रकाशन भएको छ। सो अवधिमा विभिन्न कामका लागि रू.२६ करोड ८० लाख मात्र खर्च भएको छ।

### ४.९ पशुपति क्षेत्र विकास कोष

आर्थिक वर्ष २०७०/७१ राष्ट्रिय गौरवको आयोजनाको रुपमा वर्गीकरण गरिएको यो आयोजना पशुपति क्षेत्रको समग्र विकासको लागि बनाईएको गुरूयोजना कार्यान्वयनमा केन्द्रित रहेको छ। यसले पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवं पर्यटनको नमूना क्षेत्रको रुपमा विकास गर्ने

उद्देश्य राखेको छ। आर्थिक वर्ष २०७१/७२ मा कोषको लागि रू.३० करोड बजेट विनियोजन गरिएकोमा समीक्षा अवधिसम्म खर्च भएको छैन।

यस क्षेत्रमा हालसम्म विद्युत शवदाहगृहको स्ट्रक्चर निर्माण कार्य सम्पन्न भएको छ। तिलगंगामा पर्यटन सूचनाको संरचना निर्माण भएको छ। मृगस्थलीमा वातावरण तथा भू-संरक्षण केन्द्र निर्माण भएको छ। पशुपतिक्षेत्र भित्र रहेका धुनी संरक्षण तथा सत्तल, बाटो र ढल निर्माणका कार्यहरु भइरहेका छन्।

## ४.१० लुम्बिनी क्षेत्र विकास कोष

कपिलवस्तुको तिलौराकोट स्थित गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्धमार्गी एवं शान्तिप्रेमी व्यक्तिहरुको लागि अन्तर्राष्ट्रिय शान्ति केन्द्रको रुपमा विकास गर्ने दीर्घकालीन उद्देश्य कोषको रहेको छ। यसको अनुमानित कुल लागत रू.७ अर्व रहेने अनुमान छ। हालसम्म यो आयोजना अन्तर्गत जग्गा अधिग्रहण, गुरूयोजना तयारी, लुम्बिनी क्षेत्रको संरचना प्रारुप, अन्तर्राष्ट्रिय विहार क्षेत्रहरुको निर्माण, पवित्र उद्यान निर्माण र अन्तर्राष्ट्रिय विहार क्षेत्रमा नहर निर्माण कार्य सम्पन्न भइसकेका छन्। आर्थिक वर्ष २०७०/७१ देखि लुम्बिनी क्षेत्र विकास कोषको गुरूयोजना कार्यान्वयनलाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा वर्गीकरण गरिएको छ। चालू आर्थिक वर्षमा रू.५० करोड बजेट विनियोजन गरिएकोमा समीक्षा अवधिसम्ममा रू.१० करोड ११ लाख ३० हजार खर्च भएको छ।



चित्रः लुम्विनी विकास कोषमा निर्माणाधिन पूर्वाधार

समीक्षा अवधिमा कपिलवस्तुका पुरातात्विक क्षेत्र, देवदह रामग्राम क्षेत्रमा जग्गा खरिदको प्रकृया अघि बढाइएको, Visitors Information Center को निर्माण कार्य चालु रहेको र लुम्बिनीको पर्यटकीय महत्वको बारेमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिएको छ।

## ४.११ माथिल्लो तामाकोशी जलविद्युत आयोजना

दोलखा जिल्लाको लामाबगरमा अवस्थित यो आयोजना स्वदेशी लगानीमा निर्माणाधीन छ। आर्थिक वर्ष २०६५/६६ देखि शुरु भएको यस आयोजनाको क्षमता ४५६ मेगावाट रहेको छ। यस आयोजनाको अनुमानित लागत रू.३५ अर्व २९ करोड रहेको छ।विदेशी विनिमय दरमा पर्ने परिवर्तनको कारणले आयोजनाको लागत करिब ४१ अर्व पुग्ने अनुमान गरिएको छ। प्रस्तुत आयोजना २०७२ चैत मसान्तसम्ममा सम्पन्न गर्ने प्रारम्भिक अनुमान गरिएको थियो। मुख्य सुरूङको डिजाइन परिवर्तन, पेन स्टक पाइप खन्नमा उत्पन्न जटिलता, बाँध एवं टनेलमा कमजोर भू-भाग भेटिनु, मुआब्जा वितरणमा समस्या जस्ता कारणले आयोजना सम्पन्न गर्न थप केही समय लाग्ने देखिएकोले २०७३ माघसम्ममा सम्पन्न हुने देखिएको छ। यस आयोजनाको हालसम्म करिब ७२ प्रतिशत काम सम्पन्न भइसकेको छ। आर्थिक वर्ष २०७१/७२ मा यस आयोजनाका लागि नेपाल सरकारको तर्फबाट रू.३ अर्व बजेट (ऋण लगानी) व्यवस्था गरिएकोमा समीक्षा अवधिमा रू.१ अर्व ऋण लगानी भईसकेको छ।

निर्माण सम्बन्धी कार्यहरुमध्ये सिभिल कार्य, हाइड्रो मेकानिकल कार्य र मेकानिकल तथा इलेक्ट्रोनिक कार्य सन्तोषजनक रुपमा अघि बढेको छ भने प्रशारण लाइन र सबस्टेशन निर्माण सम्बन्धी कार्यमा जग्गा अधिग्रहण गरी जग्गा प्राप्त गर्ने कार्यमा स्थानीयहरुको अवरोध, रुख कटानमा समस्या जस्ता कारणले अशातीत प्रगति हुन नसकेको अवस्था छ। समीक्षा अवधिमा रोल्वालिङ्ग डाइभर्सनको विस्तृत इन्जिनियरिङ्ग डिजाइनको लागि प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कनमा सबैभन्दा बढी अंक प्रस्ताव गर्ने प्रस्तावदाता Lahmeyer International GmbH in Association with Total Management Services Pvt. Ltd and ITECO Nepal (P) Ltd लाई वार्ताका लागि आमन्त्रण गरी सकिएको छ।

### ४.१२ काठमाडौं तराई मधेश फास्ट ट्र्याक

राजधानीलाई तराई मधेशसँग जोडने सबैभन्दा छोटो मार्ग काठमाडौं तराई मधेश द्रुत मार्गको कुल लम्बाइ ७६ कि.मी. छ भने आयोजनाको कूल लागत DPR को अभावमा यकीन हुन अझै सकेको छैन। यस मार्गको ट्र्याक खोल्ने कार्य करिब सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा यो आयोजनाको लागि रू.२४ करोड ९८ लाख ९२ हजार विनियोजन भएकोमा समीक्षा अवधिमा जम्मा रू.४० लाख २९ हजार मात्र खर्च भएको छ।

चालु आर्थिक वर्षमा बाँकी ८ कि.मी. खण्डको जग्गा अधिग्रहण कार्य चालु राख्ने, १०कि.मी. ट्र्याक मर्मत गर्ने। BOT अन्तर्गत प्रवर्धक छनौट गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिमा प्रवर्धक छनौटको लागि आशय पत्र माग गरी प्राप्त प्रस्तावका आधारमा प्राविधिक अनुभव, जनशक्ति, स्रोत जुटाउने आधार र आर्थिक प्रस्तावको समेत मूल्याङ्कन गरी सफल प्रवर्द्धकको छनौट भएको छ BOT प्रणालीबाट निर्माण कार्य अगाडि बढाउने नीतिगत निर्णय भएकोले ट्र्याक मर्मत कार्य अघि नबढाइएको र जग्गा प्राप्तिको लागि सम्बद्ध पक्षहरु बीच समन्वय प्रयास जारी राखिएको छ।

### ४.१३ कोशी कोरिडोर

उत्तर-दक्षिण लोकमार्ग अन्तर्गत यो आयोजनाले तेह्रथुम जिल्लाको बसन्तपुरदेखि उत्तरी सिमाना किमाथाङ्कासम्म १९५ कि.मी.सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०७०/७१ सम्म ७० कि.मी.ट्र्याक खोल्ने काम भइसकेको छ भने २८ कि.मी.सडकमा ग्राभेल गरिएको छ।यो आर्थिक वर्षमा २८ कि.मी.ट्र्याक खोल्ने र १० कि.मी.ग्राभेल गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिमा १३ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।

### ४.१४ कालीगण्डकी कोरिडोर

यो कोरिडोर नवलपरासीको गैंडाकोटदेखि मुस्ताङ्गको कोरलासम्म ४३५ कि.मी. लम्बाइको छ। यस कोरिडोरको गैंडाकोट-राम्दी खण्डसम्म विभिन्न आयोजना र स्थानीय निकायबाट सडक निर्माण भइरहेको छ। यस आयोजनाको पाल्पाको राम्दीदेखि गुल्मीको रिडि-रुद्रवेनी-पूर्तिघाट हुँदै बाग्लुङ्ग बजारसम्मको सडक स्तरोन्नति एवं ट्र्याक खोल्ने कार्य भइरहेको छ।आर्थिक वर्ष २०७०/७१ सम्म २३० कि.मी.ट्र्याक खुलेको, ५ कि.मी.ग्राभेल र १९ कि.मी. कालोपत्रे भइसकेको छ।

चालु आर्थिक वर्षमा ३० कि.मी.सडकको स्तरोन्नति गर्ने, १५ कि.मी. ट्र्याक खुल्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा ५.७ कि.मी. ट्र्याक खोल्ने काम सम्पन्न भएको छ। वन क्षेत्रमा जग्गा प्राप्तिमा

समस्या, रेखाङ्कन सम्बन्धी विवाद र Low Bidding को समस्याले काममा अवरोध सृजना भए पनि समस्या समाधानको पहल ब्यवस्थापनबाट भइरहेको जानकारी प्राप्त भएको छ।

### ४.१५ कर्णाली कोरिडोर

यो कोरिडोरको उत्तरमा हिल्सादेखि सिमिकोटसम्मको ८८ कि.मी.को काम र दक्षिणमा कालिकोटदेखि सिमिकोटसम्मको १९६ कि.मी.को काम ठेक्का मार्फत् भइरहेको छ।जसमध्ये गत आर्थिक वर्ष २०७०/७१ सम्म खुलालु-सिमिकोट खण्डमा २५ कि.मी. र हिल्सा-सिमिकोट खण्डमा ६० कि.मी. ट्र्याक खुलिसकेको छ। यो आर्थिक वर्षमा खुलालु-सिमिकोट खण्डमा १५ कि.मी. र हिल्सा-सिमिकोट खण्डमा २८ कि.मी. ट्र्याक खोल्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा कूल १३.५ कि.मी. मात्र ट्र्याक खुल्न सकेको छ।

माथि उल्लिखित तीनवटा कोरिडोरहरुको लागि उत्तर दक्षिण लोकमार्ग अन्तर्गत एउटै बजेट उपशीर्षकबाट खर्च ब्यवस्थापन गरिएको छ। यी कोरिडोरहरुमा आर्थिक वर्ष २०७१/७२ मा कुल विनियोजित बजेट रू.१ अर्व १८ करोड ९ लाख २२ हजारमध्ये समीक्षा अवधिसम्म रू.२० करोड १० लाख ८३ हजार खर्च भएको छ। समग्रमा वित्तीय प्रगति वार्षिक बजेटको १६.९ प्रतिशत र भौतिक प्रगति छ महिनाको ८० प्रतिशत भएको छ।

### ४.१६ हुलाकी राजमार्ग

तराई क्षेत्रमा रहेको हुलाकी मार्गलाई स्तरोन्नति गरी पूर्व पश्चिम जोड्ने वैकल्पिक राजमार्गको रुपमा निर्माण गरी यातायात सर्वसुलभ बनाउने र त्यस मार्फत् शिक्षा, स्वास्थ्यमा जनताको पहुँच पुर्याई कृषि, व्यापार, उद्योग र बाटोको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्यले यस आयोजना आर्थिक वर्ष २०६३/६४ देखि शुरु गरिएको हो। विभिन्न पुल र सडक समेत निर्माण हुने यस आयोजनाको कुल लागत रू.२० अर्व ५० करोड लाग्ने अनुमान छ। यस राजमार्गको कुल लम्बाइ १६६३ कि.मी. रहेको छ।

चालु आर्थिक वर्षमा ८७ कि.मी. सडक कालोपत्रे गर्ने, ८ कि.मी. सडक ग्राभेलमा स्तरोन्नति गर्ने, ५० वटा पुल निर्माण कार्य चालु राख्ने त्यसमध्ये १५ वटा पुलहरुको निर्माण सम्पन्न हुने र थप १० वटा पुल निर्माण कार्य थालनी गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा ७.३ कि.मी. सडक कालोपत्रे भएको र २ वटा पुल निर्माण सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा रू.१ अर्व ९९ करोड ९३ लाख ३५ हजार विनियोजन भएकोमा प्रथम छ महिनामा रू.१३ करोड ९ लाख ४२ हजार खर्च भइसकेको छ।

### ४.१७ पूर्व-पश्चिम रेल मार्ग

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म रेल सञ्जाल निर्माण एवं सञ्चालन गर्ने लक्ष्य लिई आर्थिक वर्ष २०६६/६७ मा यो आयोजना शुरु भएको हो। यसको लम्बाई करिब ९४५ कि.मी. हुनेछ।

आर्थिक वर्ष २०७०/७१ सम्म बर्दिबास-सिमरा खण्ड र सिमरा-विरगञ्ज लिंक मार्गको १३६ कि.मी.को DPR तयार भएको, सिमरा-तामसारिया (११४ कि.मी) र तामसारिया-बुटवल-भैरहवा-लुम्बिनी खण्ड (१०९कि.मी) को विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य अन्तिम चरणमा रहेको। साथै बुटवल-कोहलपुर खण्डको विस्तृत अध्ययन आयोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि परामर्शदाता छनौट गर्ने कार्यको थालनी भएको छ। चालु आर्थिक वर्षमा मेची महाकाली

रेलमार्गको बाँकी खण्डको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्न परामर्शदाता छनौट कार्य अघि बढाउने, बर्दिबास-सिमरा, सिमरा-बीरगञ्ज लिंक मार्ग (१३६ कि.मी.) निर्माणको लागि ठेक्का व्यवस्थापन गरी निर्माण कार्य अघि बढाउने र जग्गा मुआब्जा वितरण कार्यलाई प्राथमिकता साथ अघि बढाउने लक्ष्य राखिएकोमा समीक्षा अवधिमा विभिन्न स्थानमा कल्भर्ट निर्माण थालनी गरिएको, ३०० कि.मी. रेलमार्ग र ६८ कि.मी. रेल लिंक मार्गको DPR तयार भएको, निजगढ, हेटौडा-भरतपुर खण्डको संभाव्यता अध्ययनको लागि प्राप्त आशयपत्र मूल्याङ्कन कार्य जारी रहेको छ। यसैगरी केही खण्डको मिक्स डिजाइनको कार्य अघि बढाइएको छ। सो आयोजनालाई चालु आर्थिक वर्षमा रू.१ अर्व ९९ करोड ९४ लाख छुट्याइएकोमा समीक्षा अवधिमा रू.३२ करोड ४९ लाख २ हजार खर्च भएको छ।

### ४.१८ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत जिल्लाबाट भेरी नदीको पानी १२ कि.मी. लामो सुरूङ मार्फत् बर्दिया जिल्लाको बबई नदीमा खसाई ४८ मेगावाट विद्युत उत्पादन सहित बर्दिया र बाँके जिल्लाका करीब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले यो आयोजना आर्थिक वर्ष २०६८/६९ देखि शुरू भएको हो। यो आयोजनालाई आर्थिक वर्ष २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा वर्गीकरण गरिएको छ। यस आयोजनाको कुल अनुमानित लागत रू.१६ अर्व ४३ करोड ३० लाख रहेको छ। आर्थिक वर्ष २०७१/७२ मा रू.१ अर्व १ करोड ९० हजार १ लाख ६४ हजार बजेट विनियोजन भएको छ। यस मध्ये समीक्षा अवधिमा रू.५५ लाख ८१ हजार मात्र खर्च भएको छ।

चालु आर्थिक वर्षमा सुरुङ्ग निर्माणको ठेक्का बन्दोवस्त गरी निर्माण कार्य शुरु गर्ने, वातावरणीय संरक्षण सम्बन्धी कार्य गर्ने, सुरुङ्ग निर्माणको अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्ति गर्ने, आयोजना कार्यालय भवन निर्माण जारी राख्ने लक्ष्य राखिएकोमा पहिलो छ महिनामा सुरुङ्ग निर्माण ठेक्का बन्दोबस्त कार्य अन्तिम चरणमा पुगेको, परामर्शदाता नियुक्ति सम्बन्धमा Request of Proposal को मूल्याङ्कन भइरहेको, भवन निर्माणका काम थालनी भएको र सामाजिक र वातावरण विकास अन्तर्गत Livelihood कार्यक्रमको लागि आयोजनाको अध्ययन गर्ने कार्य भइरहेको छ। उक्त बहुउद्देशीय आयोजना पुरा हुँदा उर्जा, सिंचाइ, शहरी विकार र जलाधार संरक्षणमा महत्वपूर्ण योगदान पुगी स्थानीयस्तरका जनताको जीवनस्तर उकास्न र राष्ट्रको खाद्यान्न सङ्कट सम्वोधन गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ।

### ४.१९ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

आर्थिक वर्ष २०७०/७१ मा मा राष्ट्रिय गौरवको रुपमा वर्गीकरण भएको यो आयोजनाबाट एकीकृत रुपमा चुरे क्षेत्रको दीगो व्यवस्थापन गर्दै उपल्लो तटीय र तल्लो तटीय वातावरणीय अन्तर सम्बन्धबाट तराई क्षेत्रको समेत संरक्षण गर्ने उद्देश्य रहेको छ। चालु आर्थिक वर्ष २०७१/७२ मा रू.९० करोड विनियोजन गरिएकोमा समीक्षा अवधिमा जम्मा रू.५ करोड ११ लाख ९० हजार खर्च भैसकेको छ।

यस आयोजनाको महत्वलाई ध्यानमा राखी २०७१ साल असार २ गते राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति गठन भई आफ्नो कार्य प्रारम्भ गरिसकेको छ। ४ वटा नदी प्रणालीहरु

लालबकैया, रातु, जलाद र वलानको स्थलगत सर्भेक्षण गरी संरक्षण योजना तर्जुमा भएको छ। उपभोक्ता समूहहरु मार्फत् बलान र जलाद नदी प्रणालीमा केही कामहरु भएको छ। चुरे क्षेत्रमा पर्ने ३२ जिल्लाहरुमा सामाजिक परिचालनको लागि सेवा प्रदायक संस्थाहरुबाट प्राप्त आसयपत्रको मूल्यांकन भइरहेको छ। चुरे क्षेत्र संरक्षणको गुरु योजना तयार गर्न विज्ञ टोलीको गठन भएको छ।

### ४.२० बुढीगण्डकी जलविद्युत आयोजना

६०० मेगावाट (वार्षिक २५० करोड युनिट विद्युतीय उर्जा) क्षमताको यो जलविद्युत आयोजना धादिङ्ग जिल्लामा अवस्थित छ। नेपाल सरकारद्वारा आर्थिक वर्ष २०६९/७० मा विकास समिति गठन गरी यो आयोजना निर्माणको कार्य अगाडि बढाइएको छ। कुल लागत रू.२ खर्ब हुने अनुमान रहेको यो आयोजनाको लागि आर्थिक वर्ष २०७१/७२ मा रू.५७ करोड २२ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिसम्म रू.१२ करोड १८ लाख खर्च भएको छ। यो खर्च विनियोजन बजेटको २१.२८ प्रतिशत हो।

समीक्षा अवधिमा सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन सम्बन्धी कार्य Tractebel Engineering बाट भएको, आयोजनाको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको साथै सीप विकास तथा तालीम गोष्ठी एवं अनुगमन मूल्याङ्कन सम्बन्धी कार्य सञ्चालन भइरहेको छ। ठूला भू-भाग डुवानमा पर्ने देखिएको यो आयोजनामा पुनर्वास र पुनर्स्थापनाको काम प्राथमिकताका साथ अघि बढाउनु पर्ने देखिन्छ।

### ४.२१ पश्चिम सेती जलविद्युत आयोजना

डोटी जिल्लामा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ। समीक्षा अवधिसम्म सम्भाव्यता अध्ययन नै हुन नसकेको भन्ने जानकारी प्राप्त भएको छ।

### राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र सुझावहरु

सरकारले उच्च महत्वका साथ सुरु गरेका राष्ट्रिय गौरवका आयोजनाहरूमा आफ्नै खाले समस्याहरू रहेका छन्। यी समस्याहरूलाई देहायबमोजिम एकत्रित गरिएको छ।

- कतिपय आयोजनाहरूको सम्भाव्यता अध्ययन नै नभएको, कुनैमा काम शुरु हुन नसकेको, कुनैमा निर्माण प्रकृया सम्बन्धमा अल्मलिएको पाइएको छ। सञ्चालन भएका आयोजनाहरुमा जग्गा प्राप्ति, वन क्षेत्रका रुखहरुको कटानमा ढिलाई, निर्माण सामाग्रीहरुको अभाव, ठेकेदारहरुको अनुगमन र मूल्याङ्कन प्रकृया फितलो, प्राविधिक कर्मचारीहरुको अभाव जस्ता समस्याहरु देखिएका छन्।
- चालु आर्थिक वर्षमा राष्ट्रिय गौरवका आयोजनाहरुमा रू.२७ अर्व ४० करोड विनियोजन गरिएकोमा समीक्षा अवधिमा मात्र रू.४ अर्व २८ करोड अर्थात् १५.६२ प्रतिशत मात्र खर्च हुन सकेको छ। आर्थिक वर्षको बाँकी छ महिनामा बाँकी ८४ प्रतिशत खर्च हुन सक्ने आधार देखिएको छैन।

- आयोजनागत रुपमा हेर्दा पश्चिम सेती जल विद्युत आयोजनाको सम्भाव्यता अध्ययन नै हुन सकेको छैन, दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक काम नै शुरु भएको छैन, काठमाडौं तराई मधेश द्रुत मार्गको निर्माण गर्ने मोडालिटीमा नै अलमल देखिएको छ।
- यसैगरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा जग्गा प्राप्तिको समस्या ज्वलन्त रहेको छ भने मेलम्ची खानेपानी आयोजनाको काममा तीब्रता आउन सकेको छैन।
- सडक, रेलमार्ग र सिंचाइ नहर निर्माण सम्बन्धित आयोजनाहरु पनि जग्गा प्राप्ति, प्राविधिक जनशक्तिमा कमी, निर्माण सामाग्रीहरुको अभाव र ठेकेदारहरुको न्यूनस्तरको कार्य सम्पादनका कारण समस्यामा रहेका छन्।
- धेरैजसो आयोजनामा निकै कम अंकमा ठेक्का कबोल गर्ने र काम हुने बेलामा निर्माण व्यवसायी फेला नपर्ने समस्या देखिएको छ। निकै कम अंकमा ठेक्का कबोल गर्दा एकातिर काममा ढिलाइ हुने र अर्कोतिर कामको गुणस्तरमा पनि समस्या देखिने गरेको छ।

**समस्या समाधानका लागि सुझावहरु**

राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्यलाई तीव्रता दिन पर्याप्त स्रोतको ब्यवस्था गर्नुको साथै प्रकृयागत विषयहरुलाई छोट्याउन उपयुक्त हुन्छ।

राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्यमा संलग्न निर्माण ब्यवसायीहरुलाई समेत यी आयोजनाहरुको महत्वको बारेमा संवेदनशील हुन उत्प्रेरित गरी ढिलाइ गर्ने वा अनेकौ वहाना बनाइ दायित्वबाट पन्छिने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्दछ। यसका लागि विद्यमान कानूनी प्रावधानहरुको अधिकतम उपयोग गरिनु पर्दछ।

जग्गा प्राप्ति लगायतका स्थानीय समस्या हल गर्न समयवद्ध कार्य तालिका बनाइ कामलाई तिव्रता दिनु पर्दछ।

अन्तरनिकाय समन्वयलाई सुदृढ गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा रहेको संस्थागत ब्यवस्था र चालु आर्थिक वर्षको वजेट वक्तव्यमा उल्लेखित राष्ट्रिय योजना आयोगको संयोजकत्वको समितिलाई थप क्रियाशील बनाउनु पर्दछ।

राष्ट्रिय गौरवका आयोजनाका आयोजना प्रमुखहरुको कार्य सम्पादनलाई कार्यसम्पादन मूल्यांकनसंग आवद्ध गरिनु पर्दछ।

# परिच्छेद ५
# सार्वजनिक खर्च ब्यवस्थापन र विश्लेषण

## ५.१ वार्षिक बजेट विनियोजन

५.१.१ चालू आर्थिक वर्ष २०७१/७२ का लागि कुल रू.६१८ अर्व १० करोड बजेट विनियोजन गरिएको छ। यसको विवरण तालिका ५.१ मा प्रस्तुत गरिएको छ।

तालिका ५.१: बजेट ब्यवस्था

(रू.हजारमा)

| बाँडफाँट | विनियोजन रकम | कुल विनियोजनमा प्रतिशत |
|---|---|---|
| चालू | ३९८९५११९५ | ६४.५४ |
| पूँजीगत | ११६७५५०४२ | १८.८९ |
| वित्तीय ब्यवस्था | १०२३९३७६३ | १६.५७ |
| **कुल** | **६१८१००००००** | **१००.००** |

### ५.१.२ अख्तियारीको स्थिति

बजेटको प्रभावकारी कार्यान्वयनको लागि २०७१ साउन १ गते नै अर्थ मन्त्रालयबाट सम्बद्ध मन्त्रालय/निकायहरुमा २०७० साउन १५ गतेभित्र ती निकायहरुले खर्च गर्ने इकाईहरुमा पठाउने गरी खर्च गर्ने अख्तियारी पठाइएको थियो। यसैगरी निःशर्त अनुदानको रकमको अख्तियारी सोझै स्थानीय निकायहरुलाई पठाइएको थियो। तथापि केही मन्त्रालय/विभागहरुले केही खर्च इकाईहरुमा समयमै अख्तियारी पठाउन ढिलाई गरेको पाइयो। यसरी पुसको अन्तिम साता र माघको पहिलो साता राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको टोली धेरै पूजीगत बजेट भएका मन्त्रालयहरुमा जाँदा केही आयोजना/ कार्यक्रमको अख्तियारी सो समयसम्म नपठाएको पाइयो। खर्च गर्ने इकाईसम्म समयमै अख्तियारी नपुग्दा कार्यान्वयनमा बाधा आउनु स्वभाविकै हो।

### ५.१.३ कार्यक्रम स्वीकृतिको अवस्था

चालू आर्थिक वर्ष २०७१/७२ मा कुल ४९१ आयोजनाहरु मध्ये पहिलो प्राथमिकताका ३३९, दोस्रो प्राथमिकताका १३० र तेस्रो प्राथमिकताका २२ आयोजनाहरु रहेका छन्। कार्यक्रम स्वीकृतिमा ढिलाई भएमा समग्र कार्यक्रम कार्यान्वयनमा असर पर्ने भएकोले बजेट वक्तव्य मार्फत् पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यक्रम राष्ट्रिय योजना आयोगले र दोस्रो तथा तेस्रो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यक्रम सम्बन्धित मन्त्रालय/निकायले २०७१ साउन २५ गतेभित्रै स्वीकृत गरिसक्नु पर्ने ब्यवस्था गरियो। कार्यक्रम तयारीको लागि शुरुमा केही समय लागेकाले तोकिएकै अवधिभित्रै सबै कार्यक्रम स्वीकृत हुन नसके तापनि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको संयुक्त प्रयासको परिणाम स्वरुप पहिलो प्राथमिकता प्राप्त ३३९ आयोजनामध्ये ३२७ आयोजनाहरुको मात्र

कार्यक्रम स्वीकृति भएको छ। यतिका प्रयासहरुका बाबजूद पनि १२ आयोजनाको कार्यक्रम स्वीकृत हुन नसक्नुले विकास निर्माणमा भएको र हुने ढिलाइलाई प्रष्ट्याउँछ।

चालू आर्थिक वर्ष २०७१/७२ को खर्च प्रक्षेपण

चालू आर्थिक वर्षमा चालूतर्फ रू.३६७ अर्ब ३ करोड ५२ लाख, पूँजीगततर्फ रू.९९ अर्ब २४ करोड १७ लाख र वित्तीय व्यवस्थातर्फ रू.९२ अर्ब १५ करोड ४४ लाख गरी कूल खर्च रू.५५८ अर्ब ४३ करोड १३ लाख खर्च हुने अनुमान गरिएको छ। यो कुल बजेट विनियोजनको ९०.३५ प्रतिशत हो।

### ५.१.४ समष्टिगत खर्च स्थिति

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रू.१६१ अर्ब ९४ करोड ४० लाख खर्च भएको छ। यो रकम कुल बजेटको २६.२० प्रतिशत हो। कुल खर्चमध्ये चालू खर्च रू.१२३ अर्ब ४९ करोड ३ लाख, पूँजीगत खर्च रू.१४ अर्ब ७० करोड ६९ लाख र वित्तीय ब्यवस्थातर्फ रू.२३ अर्ब ७४ करोड ६८ लाख खर्च भएको छ। यो खर्च चालू, पूँजीगत र वित्तीय ब्यवस्थातर्फ विनियोजित बजेटको तुलनामा क्रमशः ३०.९५, १२.६० र २२.१९ प्रतिशत हो। समीक्षा अवधिको कुल चालू, पूँजीगत र वित्तीय तर्फको खर्च र गत आर्थिक वर्षको सोही अवधिको खर्च बीचको तुलनात्मक विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

तालिका ५.२: समष्टिगत खर्चको तुलनात्मक स्थिति

(रकम रू.लाखमा)

| विवरण | विनियोजन | | पहिलो छ महिनाको खर्च | | आर्थिक वर्ष ०७०/७१ को तुलनामा चालू आर्थिक वर्षको परिवर्तन % | बजेटको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | ०७०/७१ | ०७१/७२ | | ०७०/७१ | ०७१/७२ |
| चालू | ३५३४१७५ | ३९८९५१२ | १३००६१४ | १२३४९०३ | -५.०५ | ३६.८० | ३०.९५ |
| पूँजीगत | ८५०९९७ | ११६७५५० | ११४६४५ | १४७०६९ | २८.२८ | १३.४७ | १२.६० |
| वित्तीय ब्यवस्था | ७८७२२८ | १०२३९३८ | १४५४२६ | २३७४६८ | ६३.२९ | १८.४७ | २३.१९ |
| जम्मा | ५१७२४०० | ६१८१००० | १५६०६८६ | १६१९४४० | ३.७६ | ३०.१७ | २६.२० |

गत आर्थिक वर्षको प्रथम छ महिनाको तुलनामा चालु आर्थिक वर्ष २०७१/७२ को सोही अवधिमा चालु खर्च केही घटेको छ। गत आर्थिक वर्षको पहिलो छ महिनामा संविधानसभाको निर्वाचनको कारण खर्च बढ्न भएकोले गत आर्थिक वर्षको चालू खर्च केही बढी देखिन गएको हो। पूँजीगततर्फ २८.३ प्रतिशतको वृद्धि भएको छ भने वित्तीय ब्यवस्थातर्फ ६३.३ प्रतिशत वृद्धि भएको छ। गत आर्थिक वर्षको कूल खर्चको तुलनामा यो आर्थिक वर्षमा

३.७६ प्रतिशतको सामान्य वृद्धि देखिएको छ। बजेटको आकार नै ठूलो भएको हुँदा यो वृद्धिलाई सकारात्मक रुपमा नै लिनु पर्दछ।

गत आर्थिक वर्षको पहिलो छ महिनामा विनियोजित बजेटको तुलनामा कुल खर्च अनुपात ३०.१७ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात २६.२० प्रतिशत भई कुल खर्च अनुपातमा ३.९७ प्रतिशत बिन्दूले कम भएको छ। गत आर्थिक वर्षको पहिलो छ महिनामा चालू खर्च अनुपात ३६.८० प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा चालू खर्च अनुपात ३०.९ प्रतिशत भई चालू खर्च अनुपातमा ५.८५ प्रतिशत बिन्दूले न्यून भएको छ। पूँजीगत खर्च अनुपात गत आर्थिक वर्षको यही अवधिमा १३.४७ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा पूँजीगत खर्च अनुपात १२.६० प्रतिशत भई पूँजीगत खर्च अनुपातमा ०.८७ प्रतिशत बिन्दूले कमी आएको छ।चालु आर्थिक वर्षमा पूँजीगत खर्चको आकार अघिल्लो वर्षको तुलनामा ठूलो रहेको र विगतमा चालु तर्फ भएका केही खर्चहरु पूँजीगत तर्फ राखिएका कारण पूँजीगत खर्चको अनुपात किञ्चित सानो देखिएको हो। पूँजीगत खर्च तर्फ सोझै भुक्तानी हुने वैदेशिक सहायताको रकमको ठूलो हिस्सा यसमा समावेश नभएकाले पनि यो अनुपात सानो देखिन गएको हो।

गत आर्थिक वर्षको पहिलो छ महिनामा वित्तीय ब्यवस्थातर्फ विनियोजित बजेटको १८.४७ प्रतिशत रकम परिचालन भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा २३.१९ प्रतिशत भई ४.७२ प्रतिशत बिन्दूले वृद्धि भएको छ।सरकारले गर्ने लगानीको अंश वृद्धि भएको र सरकारको शेयर तथा ऋण लगानीमा निर्माण हुने आयोजनाहरुको प्रगति राम्रो रहेकाले यो अनुपातमा वृद्धि भएको हो।

तथापि चालु आर्थिक वर्षमा समयमै बजेट प्रस्तुत भएको, अख्तियारी समयमै गएको, कार्यक्रम स्वीकृतिमा सरलीकरण गरिएको वावजुद पनि पुँजिगत खर्चमा सुधार नदेखिनुलाई सन्तोषजनक मान्न सकिँदैन।यसमा सुधार गर्न प्रक्रियागत ब्यवस्थाका साथै कानुनी/नीतिगत सुधार पनि आवश्यक देखिएको छ।

**स्तम्भ चित्र ५.१: समीक्षा अवधिको खर्चको तुलनात्मक स्थिति**

(रू.लाखमा)



## ५.२ निकाय मन्त्रालयगत/खर्च स्थिति

समीक्षा अवधिको विभिन्न निकाय/मन्त्रालयहरुको कुल खर्चको तुलना गर्दा विनियोजनको अनुपातमा परराष्ट्र मन्त्रालय ६६.२४ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालय ५३.८८ प्रतिशत र गृह मन्त्रालय ५१.०१ प्रतिशत खर्च गरी अग्रस्थानमा रहेका छन्।

चालू खर्च तर्फ परराष्ट्र मन्त्रालय ५८.०८ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालय ५४.१० प्रतिशत र रक्षा मन्त्रालय ५३.४७ प्रतिशत खर्च गर्न सफल भएका छन्।

यस वर्ष सम्पन्न भएको अठारौं सार्क सम्मेलनका कारणले परराष्ट्र, गृह र रक्षा मन्त्रालय बढी खर्च गर्ने मन्त्रालयमा परेका छन् भने खेलकूद क्षेत्रमा केही थप कार्य शुरु भएकोले युवा तथा खेलकूद मन्त्रालयको खर्चमा वृद्धि भएको देखिन्छ।

पूँजीगत खर्चतर्फ पहिलो, दोस्रो तथा तेस्रोमा क्रमशः राष्ट्रपतिको कार्यालय (३९.१३ प्रतिशत), गृह मन्त्रालय (३४.०७ प्रतिशत) र परराष्ट्र मन्त्रालय (३१.५९ प्रतिशत) रहेका छन्। राष्ट्रपति कार्यालयको भवन निर्माणको कार्यले गति लिएकाले यो खर्च बढी देखिएको हो भने सार्क सम्मेलनका समयमा भएको सवारी साधन खरिद एवं केही पूँजीगत सुधारका कारण गृह र परराष्ट्र मन्त्रालयको खर्च बढी भएको हो।बढी पूँजीगत खर्च विनियोजन भएका मन्त्रालयहरुको पूँजीगत खर्च कम भएको देखिएको छ। समग्र पूँजीगत खर्चमध्ये ठूला पूर्वाधार निर्माण गर्ने मन्त्रालयहरुको खर्च कम भएका कारणले पूँजीगततर्फको कूल खर्च प्रतिशत न्यून देखिएको हो। विभिन्न निकायहरुले गरेको खर्चको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

## ५.३ कार्यगत खर्चको स्थिति

समीक्षा अवधिमा विनियोजित बजेट रकमको तुलनामा सबैभन्दा बढी सामान्य सार्वजनिक सेवा तर्फ रू.५१ अर्व ६० करोड ४० लाख, आर्थिक मामिला क्षेत्रमा रू.३२ अर्व २८ करोड ७९ लाख र तेस्रोमा शिक्षा क्षेत्रमा रू.२८ अर्व २३ करोड ८० लाख खर्च भएको छ। यो कूल खर्चको ३१.८६ प्रतिशत, १९.९४ प्रतिशत र १७.४४ प्रतिशत हुन आउँछ। यी तीन क्षेत्रमा मात्र कूल खर्चको ६९.२४ प्रतिशत खर्च भएको छ।

कार्यगत क्षेत्रका अनुसार विनियोजित बजेटको तुलनामा क्रमशः रक्षामा ४५.९६ प्रतिशत, सार्वजनिक शान्ति सुरक्षामा ४२.४१ प्रतिशत र सामाजिक सुरक्षामा ३४.५२ प्रतिशत खर्च भएको छ।

## ५.४ प्राथमिकताका आधारमा खर्च स्थिति

समीक्षा अवधिमा पहिलो प्राथमिकताको क्षेत्रमा २६.४६ प्रतिशत, दोस्रोमा ३०.५१ प्रतिशत र तेस्रोमा ३.६९ प्रतिशत खर्च भएको छ। पहिलो प्राथमिकताको क्षेत्रमा गत वर्षको सोही अवधिको तुलनामा ४.४३ प्रतिशत र तेस्रो प्राथिमकताको क्षेत्रमा ५.४१ प्रतिशत विन्दुले कमी भएको छ भने दोस्रो प्राथमिकताको क्षेत्रमा ०.१८ प्रतिशत बिन्दूको सामान्य वृद्धि भएको छ। प्राथमिकताको हिसावले पहिलो प्राथमिकताको वृद्धि प्रतिशत दोस्रोभन्दा कम देखिएकोले प्राथमिकताको क्षेत्रलाई केन्द्रित गरी खर्च गर्न सकेको देखिएन। प्राथमिकताका आधारमा तुलनात्मक खर्च स्थितिको विवरण तालिका नं.५.३ मा देखिएको छ

तालिका ५.३: प्राथमिकता आधारमा तुलनात्मक खर्च स्थिति

(रू.लाखमा)

| **प्राथमिकता** | **बजेट विनियोजन** | | **पुस महिनासम्मको खर्च** | | **कुल बजेटको तुलनामा खर्च प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७०/७१ | २०७१/७२ | २०७०/७१ | २०७१/७२ |
| पहिलो (P1) | ४४२०५६४ | ५२७३८२२ | १३६५६५९ | १३९५५५२ | ३०.८९ | २६.४६ |
| दोस्रो (P2) | ५९६३३७ | ७०९८५० | १८०८७६ | २१६६०२ | ३०.३३ | ३०.५१ |
| तेस्रो (P3) | १५५४९९ | १९७३२८ | १४१५० | ७२८६ | ९.१० | ३.६९ |
| **जम्मा** | ५१७२४०० | ६१८१००० | १५६०६८५ | १६१९४४० | ३०.१७ | २६.२० |

## ५.५ रणनीतिक स्तम्भहरुको आधारमा खर्च स्थिति

रणनीतिक स्तम्भहरुको आधारमा विष्लेषण गर्दा समीक्षा अवधिमा साधारण प्रशासनमा ३४.५९ प्रतिशत पहिलो, विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी दीगो, फराकिलो र समावेशी आर्थिक वृद्धिमा २४.९० प्रतिशत र सामाजिक सेवाका क्षेत्रहरुमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धिमा १६.६५ प्रतिशत खर्च भएको देखिएको छ। गत आर्थिक वर्षमा ती स्तम्भहरुमा क्रमशः ३८.८८, ३६.५३ र २२.७२ खर्च भएको थियो। आम जनताको चासोका विषय विशेषतः "सार्वजनिक तथा अन्य क्षेत्रहरुमा सुशासन अभिवृद्धि", "भौतिक पूर्वाधार विकास गर्ने" र लक्षित वर्ग क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तिकरणमा अभिवृद्धि जस्ता स्तम्भहरुमा सबैभन्दा कम क्रमशः ११.८४ र १५.५३ र १२.६० प्रतिशत मात्र खर्च भएको देखिन्छ। यी क्षेत्रहरुमा खर्च अनुपात गत आर्थिक वर्षको भन्दा कम देखिन्छ। रणनीतिक स्तम्भहरुको आधारमा खर्च स्थिति तालीका नं. ५.४ मा दिइएको छ।

तालिका ५.४: रणनीतिक स्तम्भहरुको बजेट तथा खर्चको तुलनात्मक स्थिति

(रू.लाखमा)

| **रणनीतिक स्तम्भ** | **२०७१/७२ को बजेट** | **२०७१ पुस सम्मको खर्च** | **खर्च %** |
|---|---|---|---|
| विकास प्रक्रियामा निजी,सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी दीगो,फराकिलो र समावेशी आर्थिक वृद्धि | ३४५६२४ | ८६०७४ | २४.९० |
| भौतिक पूर्वाधार विकास | १३७१११४ | २१२८८५ | १५.५३ |
| सामाजिक सेवाका क्षेत्रहरुमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि | ७७२७०७ | १२८६७२ | १६.६५ |
| सार्वजनिक तथा अन्य क्षेत्रहरुमा सुशासन अभिवृद्धि | १६०७७९ | १९०६८ | ११.८४ |
| लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि | १३३७७३ | १६८५५ | १२.६० |

| | | | |
|---|---|---|---|
| जलवायु परिवर्तन नकारात्मक असरहरु कम | ८८५३३ | ११३६० | १२.८३ |
| साधारण प्रशासन | ३३०८४७० | ११४४५५६ | ३४.५९ |
| **जम्मा** | **६१८१०००** | **१६१९४४०** | **२६.२०** |

**आर्थिक वर्ष २०७१/७२ को कुल बजेटको तुलनामा रणनीतिक स्तम्भहरुको खर्च अनुपात प्रतिशत**




### ५.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको खर्च स्थिति

वैदेशिक अनुदान सहायतामा सञ्चालित कार्यक्रम/आयोजनाहरुमा चालू आर्थिक वर्ष रू.७३ अर्व ३८ करोड ५९ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा रू.६ अर्व १७ करोड १३ लाख अर्थात विनियोजनको ८.४१ प्रतिशत मात्र खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक अनुदान सहायता अन्तर्गत जम्मा रू.१० अर्व १७ करोड १३ लाख खर्च भएको थियो। समीक्षा अवधिमा यो खर्च ३४.२७ प्रतिशत कमी आएको देखिन्छ।

वैदेशिक ऋण सहायता अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरुमा चालू आर्थिक वर्ष रू.४९ अर्व ५२ करोड ८८ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा जम्मा रू.२ अर्व ४१ करोड ९७ लाख अर्थात ४.९ प्रतिशत मात्र खर्च भएको छ। आर्थिक वर्षको मध्य अवधिसम्म ५ प्रतिशत कम खर्च हुनु निराशजनक अवस्था हो। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक ऋण सहायता अन्तर्गत जम्मा रू.२ अर्व ५७ करोड ९७ लाख खर्च भएको थियो। वैदेशिक ऋणको उपयोग पनि गत आर्थिक वर्षको पहिलो छ महिनाको खर्चभन्दा ५.९ प्रतिशतले कम भएको छ।

यसै गरी वैदेशिक सहायता तर्फको गैर नगद खर्चतर्फ चालु आर्थक वर्षमा चालु खर्च रू.१३ अर्ब ५४ करोड २८ लाख, पूँजीगततर्फ रू.१९ अर्ब ९९ करोड ८३ लाख र वित्तीय ब्यवस्थातर्फ रू.२० अर्ब २८ करोड २८ लाख गरी जम्मा ५४ अर्ब ४२ करोड ३९ लाख विनियोजन भएकोमा समीक्षा अवधिमा शुन्य प्रगति देखिएको छ। समयमा प्रतिवेदन हुन नसकेको कारण यस्तो स्थिति देखिएको हो। गत आर्थिक वर्षको सोही अवधिमा रू.४ लाख ३१ हजार खर्च भएको थियो।

वैदेशिक सहायतातर्फ सोझै भुक्तानीमा हुने खर्च बढ्दै गएको र आर्थिक वर्ष शुरु भइसकेपछि भुक्तानी विधि परिवर्तन भएका कारण वैदेशिक सहायताको ठूलो अंश गैर नगद तर्फ रहने गरेको र सो को प्रतिवेदन समयमै नहुने भएकाले पनि वैदेशिक सहायता कम खर्च भएको देखिन गएको हो।यसले एकातिर खर्च भएपनि खर्च गर्ने क्षमता कमजोर भएकोले खर्चको यथार्थता एकिन गर्न समेत कठिन भएको छ।

## ५.७ शीर्षकगत खर्च स्थिति

चालू आर्थिक वर्षको समीक्षा अवधिमा भएको शीर्षकगत खर्च रकमलाई विनियोजित रकमसँग तुलना गर्दा सबैभन्दा बढी औषधी उपचार खर्चमा विनियोजित रकमको २८९.६८ प्रतिशत खर्च भएको छ। मन्त्रालय/निकायहरुलाई गरिएको विनियोजनका अलावा अर्थ मन्त्रालयबाट पटक पटक थप निकासा गरिएकाले यो रकम बढी देखिएको हो। दोस्रो र तेस्रोमा क्रमशः घर भाडामा ५९.६८ प्रतिशत र सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निसर्त चालु अनुदानमा ५२.३९ प्रतिशत खर्च भएको छ। यस्तै विनियोजित रकमको तुलनामा सबैभन्दा कम भवन खरीदमा ०.०८ प्रतिशत, जग्गाको भाडामा ०.५६ प्रतिशत र सफ्टवेयर निर्माण र खरीदमा १.५९ प्रतिशत मात्र खर्च भएको छ। खर्च शीर्षकगत खर्चको तुलनात्मक विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ।

## ५.८ खर्चको संशोधित अनुमान र त्यसका आधारहरु

### समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

खर्च प्रवृत्तिको विश्लेषण गर्दा हरेक आर्थिक वर्षको पहिलो छ महिनाभन्दा पछिल्लो छ महिनामा बढी खर्च हुने गरेको छ। यसै तथ्यलाई आत्मसात गरी गत सात आर्थिक वर्षको खर्च शीर्षकगत विनियोजनको तुलनामा भएको औसत खर्च प्रतिशतलाई आधार लिई चालू आर्थिक वर्षको छ महिनामा भएको खर्च र वर्तमान स्थितिमा देखिएका सम्भावित खर्च समेतको आधारमा खर्च प्रक्षेपण गरिएको छ। माथि उल्लिखित खर्चको प्रवृत्ति र अनुमानको आधारमा चालू खर्च रू.३६७ अर्ब ३ करोड ५२ लाख, पूँजीगत खर्च ९९ अर्ब २४ करोड १७ लाख र वित्तीय ब्यवस्थातर्फ रू.९२ अर्ब १५ करोड ४४ लाख समेत गरी कुल खर्च रू.५५८ अर्ब ४३ करोड १३ लाख पुग्ने संशोधित खर्च अनुमान रहेको छ। यो कुल बजेटको ९२.६३ प्रतिशत हुन आउँछ।

### चालू खर्च अनुमान

चालू आर्थिक वर्ष २०७१/७२ को समीक्षा अवधिमा रू.१२३ अर्ब ४९ करोड ३ लाख अर्थात विनियोजित चालू बजेटको ३०.९५ प्रतिशत खर्च भएको छ।वाढीजन्य क्षति एवं अन्य प्राकृतिक प्रकोपबाट भएको क्षतिको पुनर्निर्माण र पुनःर्स्थापनाका लागि दिइएको प्रतिवद्धता खर्च, वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनाहरुको लागि नेपाल सरकारले समपूरक कोषको लागि ब्यवस्था

गर्नुपर्ने खर्च, मन्त्रालय/निकायहरुबाट भएका थप बजेट मागलाई सम्बोधन गर्नुपर्ने, मुद्रास्फीति र अन्य भैपरी खर्चमा हुनसक्ने वृद्धि समेतको आधारमा चालू आर्थिक वर्षको बाँकी अवधिमा चालू खर्चतर्फ रू.२४३ अर्व ५४ करोड ४९ लाख खर्च भई रू.३६७ अर्व ३ करोड ५२ लाख अर्थात ९२.०० प्रतिशत खर्च हुने प्रक्षेपण गरिएको छ। गत आर्थिक वर्ष २०७०/७१ को पहिलो छ महिनामा रू.१३० अर्व ६ करोड १४ लाख र पछिल्लो छ महिनामा रू.१७३ अर्व ४३ करोड ६४ लाख खर्च भएको थियो।

**पूँजीगत खर्च अनुमान**

चालू आर्थिक वर्षको पहिलो छ महिनामा रू.१४ अर्व ७० करोड ६९ लाख अर्थात कुल पूँजीगत विनियोजनको १२.६० प्रतिशत खर्च भएको छ। यो खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २८.२८ प्रतिशतले बढी हो। गत आर्थिक वर्ष २०७०/७१ को पहिलो छ महिनामा रू.११ अर्व ४६ करोड ४५ लाख र पछिल्लो छ महिनामा रू.५४ अर्व ९१ करोड ६८ लाख खर्च भएको थियो। यसरी पछिल्लो छ महिनाको खर्च पहिलो छ महिनाको खर्चको तुलनामा ४.७९ गुणाले बढी भएको थियो।

समयमा बजेट स्वीकृत भएको, समयमै अख्तियारी प्रदान गरी कार्यक्रम स्वीकृत एवं सार्वजनिक खरीद प्रक्रिया शुरु भएको, कार्यक्रम सञ्चालन गर्न कार्यविधि र निर्देशिका तयार भएको, ठूला आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता भएको, आयोजना सञ्चालनमा गतिशीलता आएको तथा थप मागलाई सम्बोधन गर्नुपर्ने अवस्था, विगत वर्षहरुको समेत खर्च विश्लेषण एवं प्रत्यक्ष भुक्तानीतर्फ भएको खर्चको प्रतिवेदन नआएको स्थितिको आधारमा चालू आर्थिक वर्षको बाँकी अवधिमा जम्मा रू.८४ अर्व ५३ करोड ४८ लाख खर्च भई कुल पूँजीगत खर्च रू.९२ अर्व १५ करोड ४४ लाख प्रक्षेपण गरिएको छ जुन पूँजीगत विनियोजनको ८५ प्रतिशत हुने आउँछ।

**वित्तीय ब्यवस्था तर्फको अनुमान**

आर्थिक वर्ष २०७०/७१ को पहिलो छ महिनामा रू.१४ अर्व ५४ करोड २६ लाख र पछिल्लो छ महिनामा रू.५० अर्व १३ लाख वित्तीय ब्यवस्था अन्तर्गत ऋण लगानी, शेयर लगानी, वैदेशिक तथा आन्तरिक ऋणको साँवा भुक्तानी भएको थियो। चालू आर्थिक वर्षको पहिलो छ महिनामा रू.२३ अर्व ७४ करोड ६८ लाख भुक्तानी भएको छ। यो भुक्तानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६३.२९ प्रतिशतले बढी छ। ऋण तथा शेयर लगानीतर्फ गत आर्थिक वर्षमा भएको खर्च तथा थप माग समेतको आधारमा बाँकी अवधिमा रू.६८ अर्व ४० करोड ७६ लाख खर्च भई कूल रू.९२ अर्व ४८ करोड ४४ लाख खर्च हुने प्रक्षेपण छ, जुन विनियोजित रकमको ९० प्रतिशत हुन आउँछ।

**स्रोतगत खर्च अनुमान**

स्रोत परिचालन तर्फ नेपाल सरकारको आन्तरिक स्रोत (आन्तरिक ऋण समेत) बाट रू.४७७ अर्व ४३ करोड ५३ लाख र वैदेशिक सहायता (ऋण तथा अनुदान) बाट रू.८० अर्व ९९ करोड ६० लाख परिचालन हुने अनुमान रहेको छ। समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

वैदेशिक सहायता परिचालन सन्दर्भमा विगत सात वर्षको खर्च विश्लेषण गर्दा वैदेशिक अनुदान सहायता तर्फ विनियोजन बजेटको औसत ६५.९२ प्रतिशत र वैदेशिक ऋण सहायतातर्फ औसत ४७.९० प्रतिशत खर्च भएको देखिन्छ। विगत सात वर्षको औसत, गत आर्थिक वर्ष भएको प्राप्ति तथा चालू आर्थिक वर्षको पहिलो छ महिनाको खर्च समेतलाई विश्लेषण गर्दा वैदेशिक अनुदान सहायतातर्फ विनियोजनको करिब ७४.९१ प्रतिशत खर्च हुने अनुमान रहेको छ। वैदेशिक ऋण सहायतातर्फ विगत सात वर्षमा भएको औसत खर्च र चालू आर्थिक वर्षको पहिलो छ महिनाको खर्चको आधारमा चालु वर्षमा ५२.५४ प्रतिशत को हाराहारीमा खर्च हुने अनुमान रहेको छ। यसरी चालू आर्थिक वर्षमा कुल रू.५५८ अर्व ४३ करोड १३ लाख खर्च हुने संशोधित अनुमान मध्ये नेपाल सरकारको स्रोतबाट रू.४७७ अर्व ४३ करोड ५३ लाख, वैदेशिक अनुदान सहायताबाट रू.५४ अर्व ९७ करोड ५२ लाख र वैदेशिक ऋण सहायताबाट रू.२६ अर्व २ करोड ८ लाख खर्च हुने अनुमान गरिएको छ।

# परिच्छेद ६
# स्रोत ब्यवस्थापन

## ६.१ चालु आर्थिक वर्ष मा भएका राजस्व सँग सम्बन्धित मुख्य मुख्य कार्यहरु

- राजस्व प्रणालीको वर्तमान अवस्थाको विस्तृत अध्ययन गरी आगामी दिनमा राजस्व प्रणालीमा गर्नुपर्ने समग्र सुधारका लागी आवश्यक सिफारिस गर्न उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरिएको। आयोगलाई २०७१ चैत्र मसान्त सम्मको समय सीमा तोकिएको।
- सुरक्षित मुद्रणको मान्यता दिने सम्बन्धी प्रारम्भिक अवधारणा पत्र तयार भई छलफलको क्रममा रहेको।
- तातोपानी नाकाबाट हुने तिब्वत निकासीलाई सरलीकरण गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा शिलछाप लगाई निकासी गर्ने ब्यवस्था कार्यान्वयन गरिएको।
- करदाताले विद्युतीय माध्यमबाट कर भुक्तानी (E- Payment) गर्ने ब्यवस्थाका लागि अध्ययन गर्ने सम्बन्धी Terms of Reference तयार भई छलफलको क्रममा रहेको।
- भन्सार प्रशासनलाई विद्युतीय भन्सारमा रुपान्तरण गर्ने क्रममा ASYCUDA World लागु गर्न UNCTAD सँग सम्झौता सम्पन्न भएको।
- बंगलादेशसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि अन्तिम चरणको वार्ता सम्पन्न भई सम्झौता गर्ने चरणमा पुगेको।

## ६.२ राजस्व संकलनको अवस्था

- आर्थिक वर्ष २०७१/७२ मा राजस्व असुलीको वार्षिक लक्ष्य रू.४२२ अर्व ९० करोड रहेको छ। समीक्षा अवधिमा राजस्वको लक्ष्य १८५ अर्व ४८ करोड ३३ लाख रहेकोमा रू.१९० अर्व ५२ करोड ६ लाख असुली भई वार्षिक लक्ष्यको ४५.०५ प्रतिशत असुली भएको छ जुन समीक्षा अवधिको लक्ष्यको तुलनामा १०२.७२ प्रतिशत हो। गत आर्थिक वर्ष २०७०/७१ को यसै अवधिमा रू.१६३ अर्व ४४ करोड ४३ लाख संकलन भएको थियो। तसर्थ गत वर्षको तुलनामा यस वर्षको समीक्षा अवधिमा १६.५७ प्रतिशत वृद्धिदर हासिल भएको छ जुन यस वर्षको अपेक्षित वार्षिक वृद्धिदर १८.५१ भन्दा १.९४ ले कम छ।
- समीक्षा अवधिमा संकलित राजस्व मध्ये कर राजस्व तर्फ १७४ अर्व ४० करोड र गैर कर राजस्व तर्फ १६ अर्व १२ करोड ३ लाख संकलन भएको छ, जुन समीक्षा अवधिको लक्ष्यको तुलनामा कर राजस्व र गैर कर राजस्व तर्फ क्रमशः १०१.४० प्रतिशत र ११९.४६ प्रतिशत प्रगति हुन आँउछ। समीक्षा अवधिमा कुल राजस्वमा कर राजस्व र गैर कर राजस्वको योगदान क्रमशः ९१.५४ प्रतिशत र ८.४६ प्रतिशत रहेको छ।
- समीक्षा अवधिमा संकलित कर राजस्वको संरचनाको विश्लेषण गर्दा कर राजस्वमा सबै भन्दा बढी ३१.९२ प्रतिशत योगदान मूल्य अभिवृद्धि करको रहेको देखिन्छ। गत वर्ष समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको योगदान ३३.६१ प्रतिशत थियो। त्यस्तै आयकर, भन्सार महसुल र अन्तःशुल्कको कर राजस्वमा योगदान क्रमशः २२.४५ प्रतिशत, २०.८३ प्रतिशत र १४.३९ प्रतिशत रहेको छ जुन गत वर्षको समीक्षा अवधिमा क्रमशः २४ प्रतिशत,

२२.७६ प्रतिशत र १५ प्रतिशत थियो। तसर्थ समीक्षा अवधिमा गत वर्षको तुलनामा मुख्य राजस्व शीर्षकहरुको योगदान केही घट्न गई अन्य कर ( घरजग्गा रजिष्ट्रेशन र अन्य ) को योगदान बढेको अवस्था छ। कुल कर राजस्वमा विभिन्न कर राजस्वको शीर्षकगत योगदानलाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ।

**वृतचित्र ६.०१:कर राजस्वको शीर्षकगत योगदान**




**शीर्षकगत राजस्व संकलनको अवस्था**

**मूल्य अभिवृद्धि कर:**

चालु आर्थिक वर्ष २०७१/७२ मा मूल्य अभिवृद्धि कर तर्फ बार्षिक रू.१२१ अर्व ७३ करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.५६ अर्व ८७ करोड १४ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.५५ अर्व ६६ करोड ८८ लाख असुली भई ९७.८९ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ४५.७३ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.४७ अर्व ९७ करोड ४३ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर १६.०१ प्रतिशत भएको छ जुन यस वर्ष अपेक्षित वृद्धिदर २०.५६ प्रतिशतको तुलनामा ४.५५ प्रतिशतले कम हो। संकलित मूल्य अभिवृद्धि करमा पैठारीको योगदान ६६ प्रतिशत छ भने आन्तरिक उत्पादन, बिक्रि र सेवाको योगदान ३४ प्रतिशत रहेको छ।

**आयकर:**

चालु आर्थिक वर्ष २०७१/७२ मा आयकर तर्फ बार्षिक रू.९४ अर्व १ करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रु ४० अर्व ६६ करोड २९ लाखको लक्ष्य

निर्धारण गरिएकोमा रू.३९ अर्व १४ करोड ७४ लाख असुली भई ९६.२७ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ४१.६४ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.३४ अर्व २६ करोड २४ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर १४.२६ प्रतिशत भएको छ जुन यस वर्ष अपेक्षित वृद्धिदर २०.६४ प्रतिशतको तुलनामा ६.३८ प्रतिशतले कम हो। संकलित आयकरमा बहालकर र व्याजकरको योगदान क्रमशः ३.३२ प्रतिशत र ७.५७ प्रतिशत रहेको छ।

**अन्तःशुल्कः**

चालु आर्थिक वर्ष २०७१/७२ मा अन्तःशुल्क तर्फ बार्षिक रू.५५ अर्व ३३ करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.२६ अर्व १५ करोड ६९ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.२५ अर्व ०९ करोड ८९ लाख असुली भई ९५.९५ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ४५.३६ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.२१ अर्व ४१ करोड २६ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर १७.२२ प्रतिशत भएको छ जुन यस वर्ष अपेक्षित वृद्धिदर २१.८८ प्रतिशतको तुलनामा ४.६६ प्रतिशतले कम हो। संकलित अन्तःशुल्कमा पैठारी र आन्तरिक उत्पादनको योगदान क्रमशः ४६.१६ प्रतिशत र ५३.८४ प्रतिशत रहेको छ।

**भन्सार महसुलः**

चालु आर्थिक वर्ष २०७१/७२ मा भन्सार महसुल तर्फ बार्षिक रू.८० अर्व ६६ करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.३६ अर्व ३७ करोड ९२ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.३६ अर्व ३२ करोड ९ लाख असुली भई ९९.८४ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ४५.०२ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.३२ अर्व ४८ करोड ७१ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर ११.८० प्रतिशत भएको छ जुन यस वर्ष अपेक्षित वृद्धिदर १८.८३ प्रतिशतको तुलनामा ७.०३ प्रतिशतले कम हो। संकलित भन्सार महसुलमा पैठारी महसुल योगदान ९४.२२ प्रतिशत रहेको छ।

**रजिष्ट्रेशन दस्तुरः**

चालु आर्थिक वर्ष २०७१/७२ मा रजिष्ट्रेशन दस्तुर तर्फ बार्षिक रू.५ अर्व ३६ करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.२ अर्व ३९ करोड ०४ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.४ अर्व ६२ करोड ५१ लाख असुली भई १९३.४८ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ८६.१५ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.२ अर्व ३५ करोड ५३ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर ९६.३७ प्रतिशत भएको छ।

**सवारी साधन करः**

चालु आर्थिक वर्ष २०७१/७२ मा सवारी साधन कर तर्फ बार्षिक रू.५ अर्व ५० करोड लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.३ अर्व १५ करोड ७९ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.३ अर्व ४३ करोड ०९ लाख असुली भई १०८.६५ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ८५.७७ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.२ अर्व १९ करोड ७४ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर ५६.१४ प्रतिशत भएको छ।

**शिक्षा सेवा शुल्कः**

चालु आर्थिक वर्ष २०७१/७२ मा शिक्षा सेवा शुल्क तर्फ बार्षिक रू.५० करोड २३ लाख लक्ष्य निर्धारण गरिएको थियो। जस मध्ये प्रथम ६ महिनामा रू.२९ करोड १२ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.२६ करोड ६६ लाख असुली भई ९१.५४ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ५३.०८ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.२५ करोड ७२ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर ३.६४ प्रतिशत भएको छ।

**स्वास्थ्य सेवा शुल्कः**

चालु आर्थिक वर्ष २०७१/७२ मा स्वास्थ्य सेवा शुल्कतर्फ बार्षिक रू.५० करोड ८५ लाख लक्ष्य निर्धारण गरिएको थियो। जसमध्ये प्रथम ६ महिनामा रू.२९ करोड ७८ लाखको लक्ष्य निर्धारण गरिएकोमा रू.३४ करोड ३१ लाख असुली भई १२४.३९ प्रतिशत प्रगति भएको छ जुन वार्षिक लक्ष्यको ६७.४८ प्रतिशत हो। गत वर्ष सोही अवधिमा संकलित रू.२६ करोड ०४ लाखको तुलनामा यस वर्षको समीक्षा अवधिको वृद्धिदर ३१.७४ प्रतिशत भएको छ।

**तालिका ६.१: राजस्व संकलनको प्रगति विवरण (रू.हजारमा )**

| कर शीर्षक | वार्षिक लक्ष (०७१/७२) | ०७१/७२ पौष सम्मको | | वार्षिक लक्ष्यको तुलनामा % | पौष महिनाको लक्षको तुलनामा प्रगति % | पौष महिनासम्म को लक्षको तुलनामा प्रगति % | गत वर्षको यस अवधिको तुलनामा वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | असूली | | | | |
| भंसार महसुल | ८०६६९२५६ | ३६३७९२०२ | ३६३२०९९५ | ४५.०२ | ९१.६५ | ९९.८४ | ११.८० |
| मूल्य अभिबृद्धी कर | १२१७३०७३९ | ५६८७१४४५ | ५५६६८८४४ | ४५.७३ | ८९.३० | ९७.८९ | १६.०१ |
| अन्तःशुल्क | ५५३३११६७ | २६१५६९९९ | २५०९८९०२ | ४५.३६ | ८४.९५ | ९५.९५ | १७.२२ |
| स्वास्थ्य सेवा शुल्क | ५०८५४७ | २९७८२० | ३४३१६१ | ६७.४८ | १२४.३९ | ११५.२२ | ३१.७४ |
| शिक्षा सेवा शुल्क | ५०२३५५ | २९१२५९ | २६६६२८ | ५३.०८ | ६०.४७ | ९१.५४ | ३.६४ |
| आयकर | ९४०१७३६६ | ४०६६२९७६ | ३९१४७४७३ | ४१.६४ | ९२.१३ | ९६.२७ | १४.२६ |
| रजिष्ट्रेशन दस्तुर | ५३६८७७५ | २३९०४४६ | ४६२५१११ | ८६.१५ | ३४६.२८ | १९३.४८ | ९६.३७ |
| सवारीसाधन कर | ५५०३२५९ | ३१५७९५० | ३४३०९९१ | ६२.३४ | १०१.६५ | १०८.६५ | ५६.१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य कर | ११०७४५३४ | ५७८०९०६ | ९४९८१९५ | ८५.७७ | २०३.२८ | १६४.३० | ५२०.६० |
| जम्मा कर राजस्व | ३७४७०५९९८ | १७१९८९००३ | १७४४००३०० | ४६.५४ | ९९.१४ | १०१.४० | २२.१७ |
| गैर कर राजस्व | ४८१९४००२ | १३४९४३२० | १६१२०३०० | ३३.४५ | ८३.९० | ११९.४६ | -२२.११ |
| कुल राजस्व | ४२२९००००० | १८५४८३३२३ | १९०५२०६०० | ४५.०५ | ९८.२४ | १०२.७२ | १६.५७ |

## ६.३ आठ वर्षको प्रथम छ महिनाको कर राजस्वको संरचनागत प्रवृति

विगत आठ वर्षको प्रथम छ महिनाको राजस्व असुलीको प्रवृत्ति हेर्दा २०६४/६५ मा कूल कर राजस्वमा २४.१० प्रतिशत योगदान गरेको भन्सार महसुलको पछिल्ला वर्षहरुमा कर राजस्वमा गरेको योगदान क्रमशः घट्दै गएको गई २०७१ मा २०.८३ पुगेको छ। अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार पैठारी तर्फका भन्सारका दरहरु घट्दै जानु र अधिकांश वस्तुहरुमा निर्यात महशुल हटाइएको कारणले भन्सार महसुलको कर राजस्वमा योगदान घट्दै गएको हो।

त्यस्तै कर राजस्वमा सबैभन्दा बढी योगदान गर्ने मूल्य अभिवृद्धि करको समेत विगत आठ बर्षको प्रथम छ महिनामा कर राजस्वमा योगदान घट्दे गएको देखिन्छ। २०६४/६५ मा कर राजस्वमा ३७.१७ प्रतिशत योगदान गरेको मूल्य अभिवृद्धि करको योगदान पछिल्लो तीन वर्षमा घट्दै गई २०७१/७२ मा ३१.४६ प्रतिशतमा पुगेको छ। मूल्य अभिवृद्धि कर तर्फ कर सहभागिताको स्तरमा कमी आउनु, अधिकांश कर विवरणहरु क्रेडिटमा रहनु र न्यून बिजकीकरणको समस्या कायमै रहनु प्रमुख समस्याका रुपमा रहेका छन्।

अन्तःशुल्क तर्फ विगत आठ वर्षको प्रथम छ महिनाको असुलीको प्रवृति हेर्दा कर राजस्वमा गरेको योगदानमा उतारचढाव देखिन्छ। शुरुका वर्षहरुमा यसको योगदान बढेको भएपनि पछिल्ला वर्षहरुमा केही कम हुँदै गएको देखिन्छ। २०६४/६५ मा कर राजस्वमा १२.३४ प्रतिशत योगदान गरेको अन्तःशुल्कको योगदान २०७१/७२ मा १४.३९ प्रतिशतमा पुगेको छ। अन्तःशुल्कको कर आधारमा बर्षेनी केही परिवर्तन हुने भएकोले यसको योगदानमा उतारचढाव देखिएको हो।

प्रत्यक्ष करको प्रमुख श्रोतको रुपमा रहेको आयकरको विगत आठ वर्षको प्रथम छ महिनाको असुलीको प्रवृति हेर्दा कर राजस्वमा गरेको योगदान बढ्दै गए पनि पछिल्लो तीन वर्षमा केही कमी आएको छ। २०६४/६५ मा कर राजस्वमा २०.९१ प्रतिशत योगदान गरेको आयकरको योगदान २०७१/७२ मा २२.४५ प्रतिशतमा पुगेको छ। करको दायरामा भएको विस्तारले गर्दा आयकरको योगदान बढ्दै जानु सुखद् पक्षनै भएपनि ठूलो मात्रामा रहेको अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन थप प्रयास गरेमा आयकरको योगदान उल्लेख्य रुपले बढ्ने संभावना कायमै छ।

रजिष्ट्रेशन दस्तुर तर्फ विगत आठ वर्षको प्रथम छ महिनाको असुलीको प्रवृति हेर्दा कर राजस्वमा गरेको योगदान क्रमशः घट्दै गएको भएको भएपनि चालु आर्थिक वर्ष २०७१/७२ मा घरजग्गा कारोवारमा भएको बढोत्तरीका कारण रजिष्ट्रेशन दस्तुरको योगदान बढेको छ। २०६४/६५ मा

कर राजस्वमा ३.३८ प्रतिशत योगदान गरेको रजिष्ट्रेशन दस्तुरको योगदान २०७१/७२ मा २.६५ प्रतिशतमा रहेको छ।

विगत आठ वर्षको प्रथम छ महिनाको राजस्व असुलीको प्रवृतिलाई तलको स्तम्भमा देखाइएको छ।




## ६.४ राजस्व व्यवस्थापन मा देखिएका चुनौतीहरुः

चालु आर्थिक वर्ष २०७१/७२ को प्रथम छ महिनाको प्रगतिको आधारमा राजस्व परिचालनमा देहायका चुनौतीहरु देखापरेका छन्।

- गत बर्ष भन्दा आयात बढेपनि भन्सार महसुल तर्फ लक्ष्य बमोजिम राजस्व संकलन नभएको।
- मूल्य अभिवृद्धि करको कुल राजस्वमा रहेको योगदानमा कमी आएको।
- आन्तरिक राजस्व तर्फ लक्ष्य बमोजिम प्रगति नभएको। मुख्य शीर्षकहरु आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क तर्फ लक्ष्य बमोजिम प्रगति नभएको। मूल्य अभिवृद्धि कर र अन्तःशुल्क तर्फ वृद्धिदर समेत गत वर्षको तुलनमा घटेको।
- मूल्य अभिवृद्धि कर तर्फ र आयकर तर्फ ठूलो संख्यामा ननफाइलर रहेको। मूल्य अभिवृद्धि कर तर्फ शून्य विवरण र क्रेडिट विवरणको संख्या उच्च रहेको।
- दुवै विभाग तर्फ बहुसंख्यक कार्यालयहरुको राजस्व असुली लक्ष्य बमोजिम नभएको।

## परिच्छेद ७
## वैदेशिक सहायता ब्यवस्थापन

### ७.१ वैदेशिक सहायताको वर्तमान अवस्था

नेपालमा विकासका लागि आवश्यक स्रोतको न्यून पूर्ति गर्न वैदेशिक सहायताको योगदान महत्वपूर्ण रहँदै आएको छ। चालू आर्थिक वर्षमा वैदेशिक सहायता अनुदानतर्फ रू.७३ अर्व ३८ करोड ५९ लाख र ऋणतर्फ रू.४९ अर्व ५२ करोड ८८ लाख गरी जम्मा रू.१ खर्व २२ अर्व ९१ करोड ४७ लाख भएको छ, जुन कूल वजेटको करिव २० प्रतिशत हो।यो अनुमान गत आर्थिक वर्षको भन्दा ८.५ प्रतिशत बढी छ।

**वैदेशिक सहायता प्रतिवद्धता, वार्षिक बजेटमा वैदेशिक सहायता प्राप्ति र खर्चको अवस्था**

रू.लाखमा

| सि. नं. | विवरण | आर्थिक वर्ष २०७०/७१ | | | आर्थिक वर्ष २०७१/७२ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | प्रतिवद्धता पहिलो ६ महिना | ३७४६५० | १७८२८० | ५५२९३० | १०९९२३७ | १०७७४८१ | २१७६७१८ | २९३.७ |
| २ | वार्षिक बजेट | ६९५३६१ | ४३७०३९ | ११३२४०० | ७३३८५९ | ४९५२८८ | १२२९१४७ | ८.५ |
| ३ | प्राप्ति पहिलो ६ महिना | २१५६२३ | १०८०४१ | ३२३६६४ | १५०१०७ | ६२९९४ | २१३१०१ | -३४.१७ |
| ४ | खर्च पहिलो ६ महिना | १०४९७४ | २५७२२ | १३०७९६ | ६१७१३ | २४१९७ | ८५९१० | -३४.२७ |

समीक्षा अवधिमा विकास साझेदारहरुको सहयोग प्रतिवद्धता ह्वात्तै वृद्धि भई विभिन्न आयोजनाहरुका लागि २ खर्व १७ अर्व ६७ करोड रुपैयाभन्दा बढी सहयोग आउने प्रतिवद्धता प्राप्त भएको छ। गत वर्षको पहिलो ६ महिनामा रू.५५ अर्व २९ करोड २९ लाख वरावरको मात्र प्रतिवद्धता प्राप्त भएको थियो। यो सहायता प्रतिवद्धता ऐतिहासिक रुपमै उच्च हो। खासगरी, दोस्रो संविधान सभाको निर्वाचन पश्चात् देश स्थायित्वतिर उन्मुख हुनु र जननिर्वाचित सरकार सत्तामा रहनुले नेपालप्रति विकास साझेदारहरु आश्वस्त भै सहायता रकम उल्लेखनीय रुपमा प्राप्त हुन गएको हो। छिमेकी राष्ट्र भारतका प्रधानमन्त्री मोदीको भ्रमणका समयमा प्राप्त अमेरिकी डलर १ अर्व

बराबरको वैदेशिक ऋणले पनि सहायता प्रतिवद्धतामा भएको वृद्धिलाई सघाउ पुऱ्याएको हो। छिमेकी राष्ट्र भारतबाट प्राप्त भएको यो ऋणलाई घटाएर हेर्दा पनि सहायता प्रतिवद्धतामा उल्लेखनीय वृद्धि भएको पाइन्छ। वैदेशिक सहायताको प्रतिवद्धतामा भएको उत्साहजनक वृद्धिलाई नेपाल सरकारले अवलम्बन गरेका शृङ्खलाबद्ध आर्थिक सुधारका प्रयासहरु तथा नेपाल सरकारले लागू गरेको नयाँ "विकास सहायता नीति, २०७१" प्रति विकास साझेदारहरुको सकारात्मक सोचको संकेतका रुपमा समेत लिन सकिन्छ।

तर वैदेशिक सहायताको प्राप्ति समीक्षा अवधिमा अनुदानतर्फ रू.१५ अर्व १ करोड ७ लाख र ऋणतर्फ रू.६ अर्व २९ करोड ९४ लाख गरी जम्मा रू.२१ अर्व ३१ करोड १ लाख मात्र भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा अनुदानतर्फ रू.२१ अर्व ५६ करोड २३ लाख र ऋणतर्फ रू.१० अर्व १० करोड ४१ लाख गरी जम्मा रू.३२ अर्व ३६ करोड ६४ लाख प्राप्त भएको थियो। बजेट अनुमानमा वृद्धि भएको तर प्राप्तिमा भने गत आर्थिक वर्षको तुलनामा ३४.१६ प्रतिशतले कमी आएको छ। यसै गरी खर्चतर्फ समीक्षा अवधिमा अनुदानतर्फ रू.६ अर्व १७ करोड १२ लाख र ऋणतर्फ रू.२ अर्व ४१ करोड ४७ लाख गरी जम्मा रू.८ अर्व ५९ करोड १० लाख मात्र खर्च भएको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा अनुदानतर्फ रू.१० अर्व ४९ करोड ७४ लाख र ऋणतर्फ रू.२ अर्व ५७ करोड २२ लाख गरी जम्मा रू.१३ अर्व ६ करोड ९६ लाख खर्च भएको थियो। खर्चको तुलना गर्दा गत आर्थिक वर्षको प्रथम छ महिनाको भन्दा चालु आर्थिक वर्षको सोही अवधिमा ३४.२७ प्रतिशतले घटेको देखिन्छ। यसले हाम्रो वैदेशिक सहायताको उपयोग क्षमतामा ह्रास आएको देखाउँछ। तर वैदेशिक सहायता तर्फ सोझै भुक्तानी हुने खर्च, वस्तुगत सहायता र प्रविधिक सहायता समेतलाई जोड्दा यो रकममा वृद्धि हुन्छ। यो खर्चहरुको प्रतिवेदन प्राप्त नभएकाले यथार्थ लेखांकनमा समस्या परेको छ। तथापी समग्र पूँजीगत खर्च वढाउन पूँजीगत खर्चका कार्यक्रमहरुमा रहेका अवरोधहरु हटाई खर्च गर्ने क्षमताको विकास गर्नु जरुरी रहेको छ। पूँजीगत खर्चमा वृद्धि हुन सके वैदेशिक सहायताको उपयोगमा पनि वृद्धि हुन जानेछ।

## ७.२ समीक्षा अवधिमा हासिल भएका केही महत्वपूर्ण उपलब्धीहरु

### वैदेशिक सहायताको प्रतिवबद्धता

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा १७ वटा विकास आयोजना कार्यान्वयनको लागि रू.२ खर्व १७ अर्व ६७ करोड १८ लाख वरावरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। यस मध्ये रू.१ खर्व ९ अर्व ९२ करोड ३७ लाख अनुदान (५०.५ प्रतिसशत) र रू.१ खर्व ७ अर्व ७४ करोड ८१ लाख वरावरको सहुलियतपूर्ण ऋण सहायता (४९.५ प्रतिशत) रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा १६ वटा आयोजना कार्यान्वयनको लागि वैदेशिक सहायताको प्रतिबद्धता रू.५५ अर्व २९ करोड ३० लाख रहेको थियो, जसमध्ये रू.३७ अर्व ४६ करोड ५० लाख अनुदान (५४.७ प्रतिशत) र रू.१७ अर्व ८२ करोड ८० लाख वैदेशिक ऋण (४५.२ प्रतिशत) रहेको थियो।यस अवधिमा हस्ताक्षर सम्पन्न वैदेशिक सहायताका आयोजनाहरु

तथा सोका प्रतिवद्धता रकमहरु उल्लेख भएका विवरणहरु अनुसूची ८, ९ र १० मा दिइएको छ।




**Donor Profile को प्रकाशन**

समीक्षा अवधिमा नेपाललाई विकास सहायता प्रदान गर्ने वहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरुका विवरणहरु समावेश भएको Donor Profile लाई अद्यावधिक गरी प्रकाशन गरियो। यसबाट नेपालका विकास साझेदारहरुको सहायता प्रवाह सम्वन्धी सूचना अद्यावधिक समेत हुन पुगेको छ।

**Local Donor Meeting सम्पन्न**

नेपाल सरकार र स्थानीय रुपमा कार्यरत विकास साझेदारहरु बीच विकास सहायता नीति कार्यान्वयन एवं सहायता परिचालनका सिलसिलामा आइपर्ने समस्या उपर नियमित रुपमा निरन्तर सम्वाद र समन्वयको मन्चको रुपमा रहेको Local Donor Meeting सेप्टेम्बर ५, २०१५ मा सम्पन्न भयो। सो वैठकमा विकास सहायता नीति, २०७१ को जानकारी तथा कार्यान्वयनका विषयमा छलफल हुनुका साथै वैदेशिक सहायताको उपयोगमा देखिएका विविध मुद्दाका पक्षहरुको विषयमा छलफल तथा सहमति भएको थियो।

**विश्ववैकको सहयोगमा संचालित विकास आयोजनाहरुको प्रगति समीक्षा**

विश्व बैकको सहयोगमा नेपालमा संचालित परियोजनाहरुको कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा तथा भावी कार्यदिशा पहिचान गर्ने उद्देश्यका साथ नेपाल सरकार, अर्थ मन्त्रालय र नेपालस्थित विश्व वैंकको कार्यालयको संयुक्त आयोजनामा एक समीक्षा वैठक सम्पन्न भएको थियो। Enhancing Project Implementation Resulting in Accelerated Disbursements भन्ने मुल विषय रहेको थियो।

**विकास सहायता नीति कार्यान्वयन कार्ययोजना (Matrix) कार्यशाला गोष्ठी**

नेपालमा वैदेशिक सहायता परिचालनाको मुख्य नीतिगत मार्गदर्शनको रुपमा रहेको विकास सहायता नीति, २०७१ को कार्यान्वयन कार्ययोजना (Matrix) तयार गरी नीति कार्यान्वयनलाई थप प्रभावकारी बनाउने उद्देश्यले Development Cooperation Policy Matrix Preparation Workshop

सम्पन्न भयो। नीतिका केही प्रावधानहरुलाई थप स्पष्ट पार्न यस किसिकको नीति कार्यान्वयन म्याट्रिक्सको आवश्यकता महसुस भएको हो।

**नेपाल AIIB को संस्थापक सदस्य**

नेपाल Asian Infrastructure Investment Bank (AIIB) को संस्थापक सदस्य भयो। सो सम्वन्धी समझदारी पत्रमा अक्टुवर २४, २०१४ मा माननीय अर्थमन्त्री राम शरण महतवाट वेइजिङमा हस्ताक्षर सम्पन्न भएको थियो। प्रारम्भमा २४ सदस्य राष्ट्रले हस्ताक्षर गरेको २४ राष्ट्र सदस्य रहने उक्त बैक स्थापनाका सम्वन्धमा विभिन्न चरणमा Consultation Meeting आयोजना भएका थिए। उक्त दिन नेपाल लगायत अन्य २२ सदस्य राष्ट्रहरुले समझदारी पत्रमा हस्ताक्षर गरेका थिए। बैक स्थापनाको मुख्य उद्देश्य एसियन राष्ट्रहरुमा पूर्वाधारमा लगानीको लागि नपूग पूंजी जुटाउन सदस्य राष्ट्रहरुलाई आवश्यक सहायता प्रदान गर्नु रहेको छ। २०१५ को अन्त्यतिर सञ्चालनमा आउने उक्त बैकको प्रधान कार्यालय चीनको वेइजिङमा रहने ब्यवस्था छ।

**Line of Credit को संयुक्त प्रगति पुनरावलोकन बैठक सम्पन्न**

भारतीय आयात निर्यात बैकको सहुलियतपूर्ण ऋण सहायतामा नेपालमा संचालित विकास आयोजनाहरुको संयुक्त प्रगति समीक्षा वैठक भारतको नयाँ दिल्लीमा सम्पन्न भयो। सो वैठकमा कार्यान्वयनमा रहेका आयोजनाहरुको प्रगति समीक्षा हुनुको साथै Line of Credit III अन्तरगत सञ्चालन हुने नयाँ आयोजनाहरुको छनौट गर्ने प्रारम्भिक कार्य सम्पन्न भयो। वैठकमा नेपाल पक्षले प्रस्तुत गरेको सरलीकृत र संक्षिप्त परियोजना कार्यान्वयन चेकलिष्टलाई भारतीय पक्षले स्वीकार गरेको थियो। विगतमा रहेको लामो र झन्झटिलो प्रकृयामा परिवर्तन आएपछि आयोजनाको समग्र कार्यान्वयन चुस्त हुनगई प्रतिफल सुनिश्चित हुने अपेक्षा गरिएको छ। यसलाई समीक्षा वैठकको महत्वपूर्ण उपलब्धीको रुपमा लिइएको छ।

**AMP Best Practice कार्यशाला गोष्ठी सम्पन्न**

नेपालको सह आयोजनामा 7th Aid Management Platform Best Practice Workshop डिसेम्वर १० देखि १२, २०१४ मा काठमाडौंमा सम्पन्न भयो। Development Gateway Foundation मुख्य आयोजक र अर्थ मन्त्रालय सह आयोजक रहेको उक्त कार्यशाला गोष्ठीमा AMP प्रयोग गर्ने ११ वटा देशका करिव ३० सहभागीहरुको उपस्थिति रहेको थियो। यस गोष्ठिको मुख्य उद्देश्य AMP प्रयोग गर्ने राष्ट्र वबीच ज्ञानको साटासाट गर्ने र यसलाई थप प्रभावकारी र प्रयोगमैत्री बनाउन आवश्यक सुझाव दिनु रहेको रहेको थियो।

**नेपाल चीन संयुक्त आर्थिक तथा ब्यापार समितिको वैठक**

नेपाल चीन संयुक्त आर्थिक तथा ब्यापार समितिको ११ औ बैठक १७ देखि १८ डिमसेम्वबर २०१४ मा चीनको राजधानी वेइजिङमा सम्पन्न भयो। सन् २००७ मा काडमाडौमा १० औ बैठक आयोजना भए पश्चात यस किसिमको बैठक आयोजना हुन सकेको थिएन। बैठकमा द्विपक्षीय ब्यापार, आर्थिक तथा प्राविधिक सहायताका विषयमा छलफल भएको थियो।

**नेपाल र जर्मन सरकार वीच द्विपक्षीय सहायता वार्ता सम्पन्न**

नेपाल र जर्मन सरकार वबीच सरकारी स्तरमा द्विपक्षीय विकास सहायता वार्ता १-२ डिसेम्वर, २०१४ मा काठमाडौंमा सम्पन्न भयो। नेपालको दिगो आर्थिक विकास तथा ब्यापार, नवीकरणीय

उर्जा तथा स्वास्थ्य क्षेत्रमा जर्मन सरकारले सहायता प्रदान गर्ने समझदारी बैठकमा भएको थियो। यी कार्यक्रमहरु कार्यान्वयनका लागि युरो ४८ मिलियन बराबरको आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्ने प्रतिबद्धता ब्यक्त समेत भएको थियो।

**NPPR को पहिलो समीक्षा बैठक सम्पन्न**

Nepal Portfolio Performance Review Action Plan 2014 को पहिलो समीक्षा वैठक अर्थ मन्त्रालयको सभाहलमा सम्पन्न भयो। वैठकमा ५ वटा Thematic Area खासगरी सार्वजनिक वित्तीय ब्यवस्थापन, मानव संसाधन ब्यवस्थापन, सार्वजनिक खरिद, विकास नतिजाका लगि ब्यवस्थापन तथा पारस्पारिक जवाफदेहिताका विषयमा प्रगति विवरण प्रस्तुत भएको थियो। वैठकमा विश्व बैक, एसियाली विकास वबैक, वेलायत सरकारको अन्तराष्ट्रिय सहयोग नियोग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, अष्ट्रेलिया लगायतका विकास साझेदारहरुका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। वैठकमा उनीहरुले नेपालमा समग्र सहायता ब्यवस्थापनका विविध विषयमा छलफल भएको थियो।

## ७.३ सहायता ब्यवस्थापन र कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरु

- प्रत्येक वर्ष सहायता प्रतिवबद्धता जसरी बढिरहेको छ सोही अनुपातमा सहायताको उपयोगमा वृद्धि हुन सकेको अवस्था छैन।
- वैदेशिक श्रोततर्फ शोधभर्नाको रकम समयमै माग गरी लिन नसक्दा सरकारी कोषमाथि अनावश्यक भार पर्ने गरेको छ।
- विकास साझेदारबाट सहायता सूचना प्रणालीमा प्राप्त हुने सहायता सूचनाहरु समयमै प्राप्त नहुंदा त्यसको अधिकतम फाइदा लिन सकिएको छैन।
- अझै पनि वैदेशिक सहयोग रकम स-साना विकास आयोजनाहरुमा छरिएर परिचालन भइरहेको अवस्था छ भने एउटा दाता औषतमा ९ वटा निकायहरुसँग आवद्ध भई काम गर्ने गरेको पाइन्छ।
- समग्र आयोजना कार्यान्वयन क्षमतामा अपेक्षित सुधार आउन नसक्नु, केही ठूला आधारभूत विकास आयोजना कार्यान्वयनमा ढिलाई, निर्णय प्रकृयामा शिथिलता, ठेक्काहरुमा बिलम्ब, समय समयमा उपभोक्ताहरुबाट हुने अवरोध जस्ता मुद्दा समस्याहरुले विकास निर्माणमा बाधा पुगेको कारणले सहायता प्रभावकारितामा प्रतिकूल असर पर्न गएको छ।
- जग्गा अधिग्रहणमा अप्राकृतिक माग र अवरोधले खासगरी जलविद्युतको प्रशारण लाइनको निर्माणमा अवरोध आएको छ।
- सार्वजनिक वित्तीय ब्यवस्थापन, सार्वजनिक खरिद तथा बारम्बार हुने कर्मचारी सरुवा जस्ता आयोजना कार्यान्वयनसँग सम्बन्धित विषयहरु दाताहरुका तर्फबाट वर्षेपिच्छे चासोको विषय बनेको छ।
- वैदेशिक स्रोततर्फ प्रत्यक्ष भुक्तानीको अंश बढ्दै गएको तर त्यसको प्रतिवेदन समयमा प्राप्त नहुँदा सार्वजनिक खर्चको वास्तविक आकडा प्राप्तिमा कठिनाई भएको छ।

## ७.४ सहायता परिचालनमा सुधार ल्याउनका निम्ति गर्नुपर्ने कार्यहरु

- खासगरी विश्व बैंक तथा एशियाली विकास बैंक अन्तर्गत कुन आयोजनाको कति रकम शोधभर्ना हुन बाँकी छ, सम्बन्धित दातासंग समन्वय गरी महालेखा नियन्त्रक कार्यालय तथा तालूक मन्त्रालयहरुमा त्रैमासिक रुपमा छलफल गरी लिन बाँकी शोधभर्नाको कारवाही प्रभावकारी रुपमा अघि बढाउनु पर्ने।
- बजेट ब्यवस्थापन सूचना प्रणाली, वित्तीय ब्यवस्थापन सूचना प्रणाली र सहायता ब्यवस्थापन प्रणालीलाई एकीकृत गरी सूचना आदान प्रदान गर्न सक्ने ब्यवस्था गर्ने।
- परियोजना ब्यवस्थापन तथा वित्तीय ब्यवस्थापनका विषयमा क्षमता विकासका कार्यक्रमहरु निरन्तर सञ्चालन गर्ने।
- विकास सहायता नीति, २०७१ को कार्य योजना बनाई लागू गर्ने। विकास सहायता नीति अनुरुप सहायता परिचालन गर्ने गराउने कार्यलाई सबै सरोकारवालाहरुसँग समन्वय गरी प्राथमिकता दिने।
- विदेशी सहयोग सम्बन्धी सम्पूर्ण तथ्यांङ्क AMP (Aid Management Platform) मा प्रविष्ट गर्न सबै सरोकार निकाय/साझेदारलाई अभिप्रेरित गरी समयमै प्रतिवेदन गर्ने ब्यवस्थाको सुनिश्चितता गर्ने।
- आयोजनाको वार्षिक प्रगति समीक्षा वैठक (NPPR) को नियमित रुपमा आयोजना गरी आयोजना ब्यवस्थापनमा निरन्तर सुधारका लागि दवाव दिने।
- सोझै भुक्तानी हुने खर्च, वस्तुगत सहायता र प्राविधिक सहायताको मासिक प्रतिवेदन गर्ने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो को लेखा राख्ने ब्यवस्था मिलाउने।
- वैदेशिक सहायताको शोधभर्ना प्रक्रियामा देखिएको जटिलता र सोझै भुक्तानीतर्फको प्रतिवेदन प्राप्त गर्न ढिलाईको पृष्ठभूमिमा संभव भएसम्म नगदकै रुपमा सहायता प्राप्त गर्ने गरी सहायता सम्झौता गर्ने रणनीति अवलम्वन गर्न आवश्यक देखिएको छ।

# परिच्छेद ८

## सार्वजनिक संस्थान व्यवस्थापन

### ८.१ नीतिगत सुधार

- आर्तिक वर्ष २०७१/०७२ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार काठमाण्डौको चोभारमा अन्तर्राष्ट्रिय स्तरको प्रर्दशनीस्थल र काठमाण्डौ प्रवेश गर्ने ढुवानी साधनहरुलाई व्यवस्थित गर्न आन्तरिक डिपो निर्माणका लागि नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७१/०८/०४को निर्णय अनुसार हिमाल सिमेन्ट कम्पनी लिमिटेडको चोभारस्थित सबै सम्पतिको स्वामित्व नेपाल सरकारले लिने र कम्पनीको एन.आइ.डि.सी. विकास बैंक लि.मा रहेको ऋण रू.१३ करोड भुक्तानीका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निकासा दिइएको छ।
- सार्वजनिक संस्थानमा विभिन्न पदहरुमा नियुक्ति गर्ने, उच्च व्यवस्थापन र कर्मचारीहरुको सुविधा वृद्धि गर्ने र संस्थानको थप आर्थिक दायित्व सिर्जना गर्ने जस्ता अनुत्पादक खर्चका कारण अन्ततः नेपाल सरकारको बजेटमा भार पर्ने र विकास निर्माण कार्यक्रममा स्रोत अभाव हुने भएकोले यस्ता कार्य तुरुन्त बन्द गर्न र कथंकदाचित नियुक्ति गर्नुपर्ने वा थप आर्थिक दायित्व वृद्धि गर्नुपर्ने अवस्था सिर्जना भए अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र निर्णय गर्न सबै संस्थान र सम्बद्ध मन्त्रालयहरुलाई परिपत्र गरिएको छ।
- सार्वजनिक संस्थान निर्देशन बोर्ड आदेश, २०६९ को अनुसूची १ बाट निम्न संस्थानहरु झिकी ती संस्थानहरुमा रिक्त रहेका कार्यकारी प्रमुखहरुमा नियुक्ति गर्ने मार्ग प्रशस्त गरिएको छ।
    - कृषि विकास बैंक
    - राष्ट्रिय वाणिज्य बैंक
    - एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक
    - राष्ट्रिय वीमा संस्थान
    - नागरिक लगानी कोष
    - हेटौंडा सिमेन्ट उद्योग लि.
    - उदयपुर सिमेन्ट उद्योग लि.
    - औद्योगिक क्षेत्र व्यवस्थापन लि.
    - राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.
    - दी टिम्बर कर्पोरेशन अफ नेपाल लि.
    - नेशनल ट्रेडिङ्ग लिमिटेड
    - नेपाल आयल निगम
    - नेपाल पारबाहन तथा गोदाम व्यवस्था कम्पनी लि.

## ८.२ नयाँ संस्थानहरु स्थापना पूँजी वृद्धि

- आर्थिक वर्ष २०७१/०७२ को पहिलो अर्धवार्षिक अविधमा पाँचवटा क्षेत्रीय स्तरका ग्रामीण विकास बैंकहरुलाई मर्जर गरी एउटै ग्रामीण विकास बैंक स्थापना भएको छ।
- यस अवधिमा पुनर्वीमा कम्पनीको स्थापना भएको छ।
- यसै आर्थिक वर्षमा नेपाल बैंक लिमिटेडको पूँजी वृद्धि गरी नेपाल सरकारको शेयर अंश ६२ प्रतिशत पुर्‍याइएको छ।
- राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लिमिटेड स्थापना गरी यस कम्पनीमा नेपाल सरकारले रू.१ अर्व ५० करोड शेयर लगानी गर्ने निर्णय भएको छ।

## ८.३ शेयर विनिवेश र रणनीतिक साझेदार नियुक्ति

- नेपाल रेल्वे कम्पनी लिमिटेडको खारेजी सम्बन्धमा मिति २०७१/०८/२२ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निम्न विषयमा सहमति दिइएको छः
    - ♦ कर्मचारीको नियमानुसार पाउने सुविधा र उपदान दिई अवकाशका लागि मन्त्रिपरिषदमा प्रस्ताव लैजाने।
    - ♦ कम्पनीको सम्पति/दायित्व यकिन गर्ने, लिलाम गर्ने, खारेजी गर्ने लगायतका सबै विषयमा प्रस्ताव मन्त्रिपरिषदमा लैजाने।
    - ♦ कम्पनीका कर्मचारीको अवकाशित दायित्व र विद्युत वापतको वक्यौता लगायतका सबै दायित्वको हिसाब गरी कम्पनीमा ऋण लगानी गर्न आवश्यक रकम यकिन गरी मन्त्रिपरिषदमा प्रस्ताव लैजाने।
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रणनीतिक साझेदार नियुक्तिका लागि परामर्शदाता छनौट गरिएको छ।
- राष्ट्रिय वाणिज्य बैंकको तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्ने सम्बन्धी प्रक्रिया आरम्भ गरिएको छ।
- व्यापारिक क्षेत्रमा निजी क्षेत्र सक्षम र प्रतिष्पर्धी भइसकेको सन्दर्भमा नेशनल ट्रेडिङ्ग लिमिटेड सञ्चालन र ब्यवस्थापनको मोडालिटी (खारेजी/ब्यवस्थापन सुधार लगायत) का सम्बन्धमा नीतिगत र प्रक्रियागत लगायतका विकल्प बारे वाणिज्य तथा आपूर्ति मन्त्रालयको धारणा/प्रतिक्रिया माग गरिएको छ।

## ८.४ निजीकरण सम्बन्धी प्रगति

- निजीकरण समितिको ८२ औं बैठक असोज १३ मा वसेको थियो।
- निजीकरण ऐन, २०५० को समसामयिक संशोधनको मस्यौदा तयार भएको छ
- नेपाल सरकार र रोजिन एण्ड टर्पेन्टाइन उद्योगबीच भएको सम्झौता अनुसार खोटो संकलन ब्यवस्थाका लागि निर्णय प्रक्रिया अगाडि बढाइएको छ।

- विभिन्न छ वटा उद्योगहरुः ओरिण्ड म्याग्नेसाइट प्रा.लि., नेपाल मेटल कम्पनी लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, बीरगञ्ज चिनी कारखाना लिमिटेड, नेपाल औषधि लिमिटेड र जनकपुर चुरोट कारखाना लिमिटेडको निजीकरणका लागि गृहकार्य भैरहेको छ।
- निजीकरण गरिएका संस्थानहरुको निजीकरण पछिको कार्यसम्पादनका बारेमा अध्ययन भैरहेको छ।

## ८.५ संस्थानमा चालु अनुदान

- खारेजी भइसकेका वीरगञ्ज चिनी कारखाना लिमिटेड र कृषि औजार कारखाना लिमिटेडका लागि चालु अनुदान स्वरुप खर्च गर्ने गरी क्रमशः रू.१८,३२,५०० र रू.९,१९,००० गरी यस अवधिमा जम्मा रू.२७,४९,५०० रकम ब.उ.शी. नं. ३०५१०९३ बाट कोष तथा लेखा नियन्त्रक कार्यालय पर्सालाई अख्तियारी दिइएको छ।

**संस्थानमा ऋण लगानीको विवरण**

यस अवधिमा देहाय वमोजिमका सार्वजनिक संस्थानहरुमा देहाय वमोजिम कार्यहरुका लागि ऋण लगानी गरिएको छ।

| क्र.सं. | संस्थानको नाम | ऋण लगानी रकम (रू.) | ऋणको उद्देश्य |
|---|---|---|---|
| १ | एन.सी.सी.एन. लिमिटेड | १,०५,७०,३९४ | कर्मचारीहरुलाई अवकाश दिई दायित्व फरफारक गर्ने |
| २ | नेपाल मेटल कम्पनी लि. | १२,५०,००० | कर्मचारीहरुलाई तलब भत्ता खुवाउन |
| ३ | बुटवल धागो कारखाना | २२,९५,७९८ | कर्मचारीको तलब भत्ता र प्रशासनिक खर्च भुक्तानी गर्न |
| ४ | जनकपुर चुरोट कारखाना लि. | १४,०८,१९,४७४ | जनकपुर नगरपालिका, आयकर, मू.अ.कर, र अन्तःशुल्क बुझाउन |
| ५ | नेपाल रेल्वे कम्पनी लि. | १,७०,४२,१०५ | अवकाश भएका कर्मचारीको सुविधा भुक्तानी गर्न |
| ६ | जनक शिक्षा सामग्री केन्द्र लि. | २०,००,००,००० | पाठ्यपुस्तक छपाई, कच्चा पदार्थ र मेशिनरी पार्टपूर्जा खरीद गर्न |
| ७ | नेपाल औषधि लि. | १,८०,००,००० | कर्मचारीको तलब भत्ता र संचयकोष दाखिला गर्न |
| ८ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. | ५४,००,००० | कर्मचारीहरुलाई तलब भत्ता र सुविधा उपलब्ध गराउन |
| ९ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. | ३१,५०,८३१ | कर्मचारीको तलब भत्ता र प्रशासनिक खर्च भुक्तानी गर्न |
| १० | नेपाल ओरिण्ड म्याग्नेसाइट | ८,५०,००० | यस संस्थान विरुद्ध परेको मुद्दाको लिखित जवाफ, |

| | | | |
|---|---|---|---|
| | प्रा. लि. | | बहस पैरवी लगायतका खर्चका लागि |
| ११ | नेपाल औषधि लिमिटेड | १,२८,००,००० | सेवा निवृत्त कर्मचारीहरुको अवकाश दायित्व भुक्तानी गर्न |
| १२ | नेपाल मेटल कम्पनी लि. | ३,००,००० | वार्षिक साधारण सभा सम्पन्न गर्न |
| १३ | जनकपुर चुरोट कारखाना लि. | ३,२२,००,००० | एभरेष्ट बैंकको ऋण राफसाफ गर्न |
| १४ | जनक शिक्षा सामग्री केन्द्र लि. | ३०,००,००,००० | पाठ्यपुस्तक छपाई, कच्चा पदार्थ र मेशिनरी पार्टपूर्जा खरीद गर्न |
| १५ | नेशनल ट्रेडिङ्ग लिमिटेड | ५०,००,००,००० | विभिन्न बैंकहरुसँग लिएको कर्जा राफसाफ गर्न |
| | | १,२४,४६,७८,६०२ | |

## ८.६ नीतिगत रायपरामर्श/

सार्वजनिक संस्थानहरुको सुदृढीकरण, संस्थागत क्षमता विकास तथा सञ्चालन दक्षताका सम्बन्धमा देहाय वमोजिमका नीतिगत राय परामर्श प्रदान गरिएको छ।

- दी टिम्बर कर्पोरेशन अफ नेपाल लि. को कर्मचारी सेवा सर्त नियमावली, २०५२ मा संशोधन गर्न सहमति दिइएको छ।
- नेपाल खाद्य संस्थानको महाप्रबन्धक शिवहरी श्रेष्ठसँग भएको कार्य सम्पादन सम्झौता संशोधन गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सहमति दिइएको छ।
- राष्ट्रिय बीउबिजन कम्पनी लि.को कर्मचारी प्रशासन विनियमावली, २०६२ मा संशोधन गर्न सहमति प्रदान गरिएको छ।
- उदयपुर सिमेन्ट उद्योग लि.को कर्मचारी सेवा सर्त नियमावलीमा संशोधन गर्न सहमति प्रदान गरिएको छ।
- नेपाल विद्युत प्राधिकरणलाई उत्पादन, प्रशारण र वितरण गरी तीन वटा संरचनामा टुक्र्याउने कारवाहीका सन्दर्भमा राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लि. नामको अलगगै स्वशासित संस्था गठन सम्बन्धी प्रबन्धपत्र र नियमावलीको मस्यौदा उपर उर्जा मन्त्रालयलाई राय/प्रतिक्रिया उपलब्ध गराइएको छ।
- प्रस्तावित नेपाल सुख्खा बन्दरगाह तथा बहुप्राविधिक ढुवानी प्राधिकरण विधेयकमा नीतिगत तथा कानूनी रुपमा राय प्रतिक्रिया वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पठाइएको छ।
- आर.एम. इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. उद्योग दर्ता गर्ने सम्बन्धमा राय माग भएको विषयमा उद्योग मन्त्रालयलाई कानून बमोजिम दर्ता गर्न सहमति दिइएको छ।

- घरेलु तथा उद्योग विकास समितिको उपदान तथा नियमावली संशोधनका लागि राय उपलब्ध गराइएको छ।
- कृषि सामग्री कम्पनी लिमिटेडको काठमाण्डौ महानगरपालिका वडा नं. ९क मा रहेको ३ रोपनी जग्गा बेचविखन गर्ने विषय मन्त्रिपरिषदमा लैजान कृषि विकास मन्त्रालयलाई सहमति दिइएको छ।

## ८.७ संस्थान सञ्चालन, ब्यवस्थापन सुधार सम्बन्धी समस्या र समाधानका लागि सुझावहरु

**समस्याहरुः**

- **संस्थान सञ्चालन सम्बन्धी नीतिमा एकरुपता नहुनुः** अर्थ मन्त्रालय र विभिन्न विषयगत मन्त्रालयबीच संस्थान स्थापना, ब्यवस्थापन, खारेजी वा निजीकरण सम्बन्धमा मतैक्य छैन। वर्तमान परिप्रेक्ष्यमा सरकारले थप लगानी गरेर सञ्चालन गर्न आवश्यक नभएका संस्थानहरु (जस्तैः नेशनल ट्रेडिङ्ग लि., नेपाल रेल्वे कम्पनी) खारेज गर्ने विषयमा सम्बन्धित मन्त्रालयबाट सहमति जुटाउन सकिएन।
- **संस्थानमा ऋण लगानीः** चालू आर्थिक वर्षमा संस्थान समन्वय महाशाखा मार्फत् रू.१ अर्व २५ करोड ऋण लगानी गरिएको छ। तर सार्वजनिक संस्थानमा गरिने ऋण लगानीको स्पष्ट नीतिको अभावमा कुनै संस्थानमा सञ्चालन खर्चका लागि त कुनैमा कर्मचारी सुविधाका लागि र कतिपय संस्थानमा ऋण भुक्तानी गर्न र सरकारी राजस्व बुझाउन पनि ऋण माग गर्ने र लगानी गर्ने प्रवृत्ति देखिएको छ। यसले संस्थानको उत्पादकत्व बढ्नु भन्दा सरकारी साधन स्रोत समेत खेर गइरहेको स्थिति छ।
- **संस्थानमा अध्यक्ष तथा कार्यकारी प्रमुख नियुक्तिः** सार्वजनिक संस्थानहरुको कार्यकारी प्रमुखहरुको नियुक्तिमा एकरुपता छैन। यसमा एकरुपता कायम गर्न गठित सार्वजनिक संस्थान निर्देशन बोर्ड हाल कामबिहीन अवस्थामा छ। संस्थानहरुमा व्यावसायिक, अनुभवी, दक्ष र योग्यतम कार्यकारी प्रमुख प्रतिस्पर्धाका आधारमा नियुक्ति गरी संस्थानको सञ्चालन र ब्यवस्थापनमा सुधार ल्याउने नीतिले निरन्तरता पाउन सकेन।
- **वित्तीय अनुशासनः** सार्वजनिक संस्थानहरुको आर्थिक अनुशासन कमजोर रहेको छ। ३७ वटा सार्वजनिक संस्थानमध्ये १३ वटाले अध्यावधिक लेखापरीक्षण नगराएको अवस्था छ। संस्थाको आर्थिक अवस्था, व्यावसायिकता, प्रतिफलको अवस्था र प्रतिव्यक्ति उत्पादकत्व नहेरी फगत कर्मचारीका सुविधा वृद्धि, सञ्चालकहरुका भत्ता वृद्धि एवं अनुत्पादक खर्च लगायतका राज्यको आर्थिक व्ययभार बढ्ने खर्च समेत अर्थ मन्त्रालयको सहमति विना खर्च गर्ने प्रवृत्ति बढ्दै गएको छ। यसले राज्यको बजेटमा थप व्ययभार थपिइरहेको छ।
- **सुविधा वृद्धिमा मात्र ध्यान केन्द्रितः** सार्वजनिक संस्थानको कार्य सम्पादनमा सुधारतर्फ ध्यान दिनुभन्दा पनि सुविधा वृद्धितर्फ केन्द्रित रहेको पाइन्छ। संस्थानको वित्तीय अवस्था नोक्सानमा भएतापनि ट्रेड यूनियनको दबाबमा ब्यवस्थापन तथा सञ्चालक समिति र सम्बद्ध मन्त्रालयले विश्लेषण नै नगरी अर्थ मन्त्रालयमा पठाउने र अनुचित दबाब र प्रभाव दिई सुविधा बढाउने प्रवृत्ति बढेको छ। सुविधाका सम्बन्धमा एकरुपता र स्पष्ट आधारसहितको नीतिको अभाव यथावत छ।

- **निजीकरणका सम्झौता तथा शर्त पालनाः** संस्थानहरु निजीकरण गर्दा सरकार र निजी क्षेत्रबीच भएका सम्झौता तथा शर्तहरुको पूर्ण पालना भएको देखिदैंन। कतिपय संस्थानहरु स्वीकार गर्ने निजी क्षेत्रले व्यवसाय र सम्पत्तिको सञ्चालन र उपयोगमा मनोमानी गर्ने र उद्देश्य अनुरुप कार्य नगर्ने र निजीकृत संस्थानमा आइपर्ने दायित्वको जिम्मेवारी नलिने प्रवृत्ति मौलाउँदै गएको छ।
- **सार्वजनिक संस्थान निर्देशन बोर्ड कामबिहीन अवस्थामाः** बोर्डको गठन सम्बन्धमा सम्मानित सर्बोच्च अदालतमा मुद्दा बिचाराधीन रहेको छ। संस्थानमा कार्यरत जनशक्तिलाई काम विना तलब भत्ता दिइरहनु परेको अवस्था छ। सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरुको नियुक्तिको सिफारिश ठप्प छ भने सार्वजनिक संस्थानहरुको अनुगमन/मूल्याङ्कन गर्ने काममा समेत बोर्डको उपस्थिति निष्प्रभावी देखिएको छ।
- **अनुगमन तथा मूल्याङ्कनः** सार्वजनिक संस्थानको अनुगमन र मूल्याङ्कन प्रभावकारी छैन। त्यसैले संस्थान सञ्चालन र ब्यवस्थापन पक्ष पनि कमजोर हुँदै गएको छ। धेरैजसो संस्थानमा आशातीत सुधार हुन सकेको देखिदैंन। निजीकरण पश्चातको अनुगमन तथा मूल्याङ्कन पनि प्रभावकारी छैन। जुन उद्देश्यका लागि ऋण लगानी भएको हो सो अनुसार कार्य भए नभएको सम्वन्धमा समेत अनुगमन तथा मूल्याङ्कनको सर्वथा अभाव छ।

**समाधानका लागि सुझावहरु**

- सार्वजनिक संस्थान स्थापना, सञ्चालन, ब्यवस्थापन, विनिवेश, निजीकरण अनुगमन तथा मूल्याङ्कन लगायतका विषयमा सरकारको स्पष्ट दृष्टिकोण सहितको सार्वजनिक संस्थान नीति तर्जुमा गरी लागु गर्न जरुरी छ।
- संस्थानमा गरिने शेयर तथा ऋण लगानीका सम्बन्धमा ठोस नीति तर्जुमा गरी संस्थानको कार्य प्रकृति, वित्तीय अवस्था, आर्थिक अनुशासन, सरकारी अनुदानको आवश्यकता, सामाजिक र सेवामूलक उद्देश्यको विश्लेषण समेतका आधारमा सार्वजनिक संस्थानमा लगानी गरिने नीति बनाउन आवश्यक छ।
- सार्वजनिक संस्थानहरुको कार्य प्रकृति, वित्तीय अवस्था, आर्थिक अनुशासन, उत्पादकत्व, जनशक्तिको दक्षता, विज्ञता र आपूर्तिको स्थिति समेतका आधारमा पारिश्रमिक एवं सुविधामा एकरुपता/विशिष्टता कायम गर्ने ठोस नीति अवलम्बन गर्नुपर्दछ।
- सार्वजनिक संस्थानका अध्यक्ष तथा कार्यकारी प्रमुखको नियुक्तिको आधारलाई कानूनी रुपमा नै स्पष्ट गरी व्यावसायिक, अनुभवी, दक्ष र योग्यतम कार्यकारी प्रमुख प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने ब्यवस्था व्यवहारिक रुपमा नै लागू गर्ने नीतिको कडाईका साथ पालना गर्नुपर्दछ।
- सार्वजनिक संस्थान निर्देशन बोर्डलाई स्पष्ट कानूनी आधार दिएर अधिकार सम्पन्न बनाउने, बोर्डलाई सार्वजनिक संस्थानको समग्र पक्षको अनुगमन/मूल्याङ्कन गर्ने तथा कारवाही गर्ने अधिकार समेत कानूनद्धारा नै प्रदान गर्नुपर्दछ।
- वित्तीय तथा आर्थिक अनुशासनमा नरहने, समयमै लेखापरीक्षण सम्पन्न नगराउने सार्वजनिक संस्थानका जिम्मेवार अधिकारीहरुलाई कारवाही गर्ने ब्यवस्था हुनुपर्दछ। दण्डनीय अधिकार

सहितको अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु पर्दछ। निकायगत अनुगमन, नियमन र समन्वयको भूमिका स्पष्ट गर्न उपयुक्त हुन्छ।

- निजीकरण भइसकेका सार्वजनिक संस्थानहरुको अवस्थाको यथार्थ अध्ययन गरी राज्यले भविष्यमा थप दायित्व लिनु नपर्ने गरी ब्यवस्थापन गर्नु आवश्यक छ।

# परिच्छेद ९
# बजेट कार्यान्वयनका लागि भएका प्रयास र प्राप्त उपलब्धीहरु

## ९.१ बजेट कार्यान्वयनका प्रयासहरु

चालू आर्थिक वर्षको बजेटको प्रभावकारी कार्यान्वयनका लागि देहायका प्रयासहरु गरिएका छन्:

- विगतमा लामो समयदेखि समयमै वार्षिक बजेट आउन नसकेको अवस्था रहेकोमा चालू आर्थिक वर्षको लागि २०७१ असार मै व्यवस्थापिका संसदमा बजेट प्रस्तुत भई २०७१ साउन १ गते नै सबै क्षेत्रगत मन्त्रालय/निकायहरुलाई अख्तियारी पठाइएको।
- स्थानीय निकायहरुबाट सञ्चालन गर्ने कार्यक्रम बाहेक पहिलो प्राथमिकताका सबै विकास कार्यक्रमहरुको चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रमको स्वीकृति र संशोधन राष्ट्रिय योजना आयोगबाट र दोस्रो तथा तेस्रो प्राथमिकताका विकास कार्यक्रम र बजेट उपशीर्षक नम्वर **xxx**१०० सम्मका कार्यक्रमको स्वीकृति तथा संशोधन सम्बन्धित मन्त्रालयको स्वीकृतिको आधारमा निकासा/भुक्तानी दिने व्यवस्था मिलाइएको।
- २०७१ साउन २५ गते भित्रै कार्यक्रम स्वीकृत गरिसक्नु पर्ने व्यवस्था गरिएको। देहायको अवस्थामा भने २०७१ साउन २५ गतेपछि पनि कार्यक्रम स्वीकृत हुन सक्ने व्यवस्था गरिएको।
    - दातृ संस्थासँग सम्झौता हुन नसकेको,
    - अर्थ बजेटबाट थप निकासा दिइएको,
    - अर्थ बजेटको कार्यक्रममा रहेको ,
    - रोक्का रहेको बजेट उपशीर्षकको बाँकी वा थप कार्यक्रम र
    - भैपरी अबण्डामा रहेको रकम।
- पहिलो चौमासिक अवधिमा बाहेक आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको।
- स्वीकृत कार्यक्रमको ठेक्कापट्टा सम्झौता २०७१ मंसीर मसान्तभित्र सम्पन्न गरिसक्नु पर्ने व्यवस्था गरिएको।
- तलबी प्रतिवेदन सम्बन्धित निकायबाट पारित नगरी/नगराई तलब भत्ता वापतको रकम भुक्तानी नदिने व्यवस्थालाई अनिवार्य रुपमा पालना गराउने र यो व्यवस्था शिक्षकहरुको तलब, भत्ता अनुदानमा पनि अनिवार्य गरिएको।
- त्रिवर्षीय खर्च प्रक्षेपणभित्र परेका एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाहरूको निर्माण कार्य एवं वस्तु र सेवाको खरिदको हकमा त्रिवर्षिय प्रक्षेपित अंकमा नबढ्ने गरी राष्ट्रिय योजना आयोगको सहमतिमा बहुवर्षीय ठेक्का (Multi-Year Contract) सम्झौता गर्न सकिने व्यवस्था गरिएको। यस्तो ठेक्का सम्झौता भएपछि सो को जानकारी अर्थ मन्त्रालयमा अनिवार्य रुपमा दिनु पर्ने व्यवस्था मिलाइएको।

- अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्य तालिका बनाई कार्य सम्पादन गर्ने ब्यवस्था मिलाइएको। अर्थ मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरी कम प्रगति देखिएका आयोजनाहरूको विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अरू आयोजनातर्फ आवश्यकता अनुसार रकमान्तर गर्न सकिने ब्यवस्था गरिएको।

- वैदेशिक सहायतामा संचालित आयोजनाहरूको बजेट खर्चलाई आयोजनाले गरेको खर्च, कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तीय तथा लेखा परीक्षण प्रतिवेदन सम्बन्धी कार्य सम्पादन गरे नगरेकोसँग आवद्ध गरिएको। शोधभर्ना हुनु पर्ने रकम शोधभर्ना नभएकोमा सम्बन्धित आयोजना प्रमुख र लेखा प्रमुखलाई प्रचलित कानून अनुसार कारवाही गर्ने ब्यवस्था मिलाइएको।

- जिल्ला विकास समिति अन्तर्गत अनुदानबाट तलब भुक्तानी हुने स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा अस्पताल आदिमा कार्यरत निजामती तर्फका स्थायी कर्मचारीहरूको लागि र अन्य निकायहरूको तलव भत्ता भुक्तानीका लागि बजेट बाँडफाँड स्वीकृति गर्दाकै अवस्थामा तलव भत्ता वापत पर्याप्त रकम छुट्याउनु पर्ने ब्यवस्था गरिएको।

- कर्णालीका सवै जिल्ला, बाजुरा, दार्चुला, बझाङ्ग, दैलेख, मुस्ताङ्ग, जाजरकोट र रूकुम जिल्लाहरूमा सञ्चालन हुने रू.१ करोड रूपैंयाँ भन्दा माथिका विकास कार्यक्रमहरूको लागि आवश्यकतानुसार वहुवर्षीय ठेक्का प्रणाली अवलम्बन गर्ने ब्यवस्था गरिएको।

- रू.६० लाखभन्दा माथिको ठेक्कापट्टा विद्युतीय वोलपत्र (e-tendering) को माध्यमबाट गर्नुपर्ने ब्यवस्था अनिवार्य गरिएको।

- बजेटका नीति कार्यक्रमहरूको कार्यान्वयनको समीक्षा प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र सम्बन्धित मन्त्रालयमा गर्ने, दुई महिना समाप्त भएको १० दिनभित्र अर्थ मन्त्रालयमा गर्ने र चार महिना समाप्त भएको १५ दिनभित्र राष्ट्रिय विकास समास्या समाधान समितिमा गरिने ब्यवस्था गरिएको।

- रू.१५ करोड भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगतिको अनुगमन माननीय अर्थमन्त्रीको नेतृत्वमा रहेको उच्चस्तरीय समितिले द्वैमासिक रूपमा गर्ने ब्यवस्था मिलाइएको।

- सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्नुपर्ने र स्थानीय निकायलाई जाने सशर्त र निःशर्त अनुदान र राजस्व आम्दानी रकमको विवरण छुट्टै होर्डिङ्ग बोर्ड बनाई सर्वसाधारणले देख्ने गरी राख्नुपर्ने ब्यवस्था गरिएको।

- विकास आयोजनाको वित्तीय र भौतिक प्रगति चौमासिक रूपमा सार्वजनिक गर्नुपर्ने ब्यवस्थाको कडाईका साथ पालना गराउने ब्यवस्था गरिएको।

- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरीद गर्ने ब्यवस्था मिलाइएको।

- सरकारी तथा स्थानीय निकायबाट गरिने निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित उपलब्धी वा परिमाण) देखिने गरी काम सम्पन्न नभएसम्म र्सवसाधारणले देख्न सक्ने गरी विवरण सार्वजनिक गरी राख्ने व्यवस्था गरिएको। यस्तो कार्य रू.१० लाख भन्दा बढीको निर्माणसँग सम्बन्धित ठेक्कामा अनिवार्य रूपले गर्ने गरी बोलपत्रको कागजातमा शर्तको रूपमा संलग्न हुने व्यवस्था कडाईका साथ पालना गराउने व्यवस्था मलाइएको।
- निकासा तथा खर्चको एकिकृत केन्द्रीय हिसावको प्रतिवेदन प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखामा पठाउने व्यवस्था मिलाइएको।
- पूँजीगत खर्चमा प्रभावकारिता ल्याउन कार्यान्वयन निकाय र सहयोगी निकाय विच समन्वयको प्रयास स्वरुप अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको संयोजकत्वमा समन्वय मिसन बनाई छलफल गरी समस्या समाधानको प्रयास गरिएको।

## ९.२ समीक्षा अवधिमा हासिल भएका केही महत्वपूर्ण उपलब्धीहरु

- आर्थिक वृद्धि दर ५ प्रतिशतभन्दा बढी हुने अवस्था छ भने मुद्रास्फीति ७.३ प्रतिशतमा रहेको छ।
- काठमाडौमा सम्पन्न भएको १८ औं सार्क शिखर सम्मेलनको तयारीका लागि आवश्यक स्रोत र साधनको कुशलतापूर्वक व्यवस्थापन गरिएको परिणाम स्वरुप उक्त सम्मेलन भव्यताका साथ सम्पन्न भएको।
- बाढीजन्य क्षतिबाट बढी प्रभावित बाँके वर्दिया सुर्खेत, दाङ र सिन्धुपाल्चोक जिल्लामा क्षतिग्रस्त संरचनाहरुको पुनर्थापना एवं पुनर्निर्माणको लागि स्रोतको सुनिश्चितता गरिएको साथै प्रभावितहरुको तत्काल राहतको लागि रू.३६ करोड थप स्रोत निकासा गरिएको। बाढीबाट भएको क्षतिको पुनर्निर्माण र पुनर्स्थापनाका लागि रू.१ अर्व भन्दा बढी स्रोतको प्रत्याभूति गरिएको।
- मध्य र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ८ वटा जडिवुटी पहुँच मार्ग निर्माण गर्न रू.८ करोड निकासा गरिएको।
- निकायगत कार्यसम्पादन सूचकहरु तयार गरी ३१ वटा मन्त्रालय/केन्द्रीय निकायहरुको सूचकका आधारमा मासिक रुपमा अनुगमन गर्नका साथै सुशासन, पारदर्शिता एवं खर्चमा मितब्ययिता कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।
- शहरी सुरक्षा प्रणालीलाई भरपर्दो र विश्वासनीय तुल्याउन काठमाडौ उपत्यका र अन्य सहरहरुका सम्वेदनशील ८ क्षेत्रमा CCTV जडान गरिसकिएको र बाँकी स्थानमा जडान कार्य भइरहेको छ।

- अध्यागमन सेवालाई विद्युतीय प्रविधिमा आधारित बनाउने कार्य अन्तर्गत एम.आर.पी.मा रहेको विवरण सफ्टवेयरमा भण्डारण गर्ने कार्य शुरु गरिएको छ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको शिलान्यास सम्पन्न भएको। यस विमानस्थलको अन्तर्राष्ट्रिय प्रतिष्पर्धाको टेण्डर प्रक्रियाबाट छनौट भएको चिनिया निर्माण कम्पनी North West Civil Aviation Airport Construction Group Ltd. सँग २०७१ कार्तिक २७ गते रू.६ अरव २२ करोड ५१ लाख २० हजार २ सय २७ रुपैया ९१ पैसामा सम्झौता भै ठेकेदारबाट कार्य शुरु भएको छ।
- यही २०१५ फेब्रुअरीको पहिलो साता भित्र १ वटा एअरवस ३२०—२०० जहाज प्राप्त भएको र अर्को एअरवस ३२०—२०० जहाज यही अप्रिल महिनामा प्राप्त हुने भएको छ।
- राष्ट्रपति चुरे तराइ मधेस संरक्षण विकास समिति गठन भई समितिले काम शुरु गरिसकेको र अति संवेदनशील क्षेत्रका रुपमा शिफारिस गरिएका ४ वटा नदी प्रणालीहरुको सम्बन्धित निकायहरुसंग समन्वय गरी स्थलगत सर्वेक्षणका आधारमा योजना तर्जुमा गरिएको छ।
- चीनमा निर्यात हुने ८,०३० वस्तुहरुको भन्सार छुटको लागि चीनसँग द्विपक्षीय सम्झौता (Letter of Exchange) सम्पन्न भएको छ।
- भारत र नेपालको पारवहन सुविधाको लागि जटही पिपरन नाका सञ्चालनमा आएको एवं नेपाल र चीन विचको व्यापार सहजीकरणको लागि रसुवा गढी नाका खुल्ला गरिएको छ।
- खाद्यान्नतर्फ दुर्गम जिल्लामा ३,३३८ मे.टन. खाद्यान्न ढुवानी भएको,१०,०३४ मे.टन. खाद्यान्न राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दात रहेको, सार्क खाद्य सुरक्षा बैंकमा ८,००० मे.टन. खाद्यान्न मौज्दात रहेको एवं कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत दुर्गम जिल्लामा २७,६४६ क्विन्टल नून ढुवानी भएको छ।
- भू-उपयोग सम्बन्धी ऐनको मस्यौदा तयार भएको र नियमावलीको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको। सरकारी जग्गा दर्ता तथा लिजमा लिने सम्बन्धी कार्यनीति, २०७१ स्वीकृत भएको छ।
- ३५१ मुक्त कमैया परिवारलाई जग्गा खरीद गर्न, ४६५ परिवारलाई घर निर्माण अनुदान, ९० परिवार मुक्त हलियालाई जग्गा खरीद र २५ परिवारलाई घर निर्माण अनुदान उपलब्ध गराइएको छ।
- वर्षभरि यातायात सुविधा अभाव भएका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक सडक बहुवर्षीय ठेक्कामा कार्यान्वयन गर्ने गरी निर्माण कार्य अघि बढाउन विभिन्न निर्वाचन क्षेत्रमा सडक कार्यालयबाट बहुबर्षीय ठेक्का प्रक्रिया अघि बढेको छ।
- मध्यपहाडी लोकमार्गमा थप १२ कि.मी. ग्रावेल, ८ कि.मी. कालोपत्रे र २ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।
- उत्तर दक्षिण लोकमार्गको कालीगण्डकी कोरिडोरको १९.२ कि.मी.ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने कोशी करिडर अन्तर्गत १३ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।

- हुलाकी राजमार्गको ७.३० कि.मी. कालोपत्रे र २ वटा पुल निर्माण सम्पन्न भएको छ।
- काठमाडौ उपत्यका सहरी सडक विस्तार लगायतका कार्य अन्तर्गत काठमाडौ जिल्लामा ५.५ कि.मि. मा मार्किङ कार्य भएको, भक्तपुर जिल्ला अन्तर्गत मध्यपुर थिमिको न्हुहिटिदेखि मगरगाउँ मधुचोकसम्म सडक विस्तार कार्य भइरहेको। ब्यासी हुँदै झौखेल चाँगुनारयण सडक विस्तार कार्य भइरहेको, मध्यपुर थिमीको सिद्धकाली मार्गको सडक विस्तार कार्य भइरहेको छ।
- वाग्मती क्षेत्र भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सुन्दरीजल—गोकर्णखण्डको ८ कि.मि. मा २०२१ सालको नापी नक्सा अनुसारको वाग्मती नदीको बहाव कायम गरी नदी नियन्त्रणको काम सम्पन्न भएको छ भने गोकर्ण—गुह्येश्वरी खण्डमा २२ कि.मि. ढल, ४.१ कि.मि. सडक निर्माण र ११ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ।
- समीक्षा अवधिमा राहत पाउन बाँकी द्वन्द्व पिडित मृतकका हकदार ४७ जना, एकल महिला ४५ जनालाई, बेपत्ता भएका ६ जनाका हकदार, बेपत्ताका पत्नी १ जना, अङ्गभङ्ग भएका ४५ जनालाई राहत प्रदान गरिएको छ।
- सहकारी तथा गरिवी निवारण ब्यवस्थापन सूचना प्रणाली (Cooperatives and Poverty Management Information System- COPOMIS) को माध्यमबाट अनुगमन कार्य प्रभावकारी बनाउन परामर्शदाताको छनौट तथा सम्झौता गरी परामर्शदाताले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरी सफ्टवेयर डिजाइनका लागि कार्य भइरहेको छ।
- भेरी बबइ डाइभरर्सन बहुउद्देश्यीय आयोजना सुरुङ निर्माण कार्यको ठेक्का बन्दोबस्त कार्य अन्तिम चरणमा रहेको, परामर्शदाता नियुक्ति सम्बन्धमा Request of Proposal को मुल्यांकन भैरहेको तथा कार्यालय भवनको जग निर्माण कार्य सम्पन्न भएको। सामाजिक तथा वातावरण विकास अन्तर्गत Liveihood कार्यक्रमको लागि आयोजनाको अध्ययन गर्ने कार्य भैरहेको छ।
- रेडियो नेपालको सेवालाई मुलुकका सबै जिल्लामा पुग्ने गरी विस्तार गर्न धनकुटाको भेडेटारको लागि Bay Panel Antenna राख्ने कार्य अघि बढेको। साथै, STL Link सम्बन्धी कार्य पूरा भई प्रशारण गुणस्तरमा सुधार आएको छ।
- निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ र स्थानीय निकाय गैसस परिचालन कार्यविधि, २०६१ को प्रथम संशोधन भई लागु भएको छ।
- बैंकिङ प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न सबै जि.वि.स. र न.पा. लाई निर्देशन दिइएको छ। बाँके, बाग्लुङ र सुर्खेतमा शाखारहित बैंकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न सिटिजन बैंकलाई रकम उपलब्ध गराइएको छ।
- परिचयपत्र लिएका अति अशक्तता भएका २२,०८० जना अपाङ्गहरुका लागि मासिक ३०० उपलब्ध गराउन अख्तियारी पठाइएको छ।
- ७० वर्ष उमेर पुगेका ८,३६,५८० जेष्ठ नागरिकलाई वार्षिक रू.२,००० औषधोपचार रकम उपलब्ध गराउन अख्तियारी पठाइएको छ।

- नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०१४-२०२० तयार गरिएको छ।

- वीर अस्पतालमा राष्ट्र प्रमुख सरकार प्रमुख लगायतका अति विशिष्ट तथा विशिष्ट पदाधिकारीका लागि सुविधा सम्पन्न वार्ड स्थापना भएको छ।

- अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गर्ने र नयाँ बन्ने शिक्षा र स्वास्थ्यका संरचनामा अपांगमैत्री बनाउन गरी नक्सा डिजाइन तथा निर्माण गरिएको छ।

- वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुमध्ये कबुलियती वन तथा पशु विकास कार्यक्रम, मध्यमर्स्याङ्दी जलविद्युत आयोजना, व्यवसायिक कृषि विकास आयोजना, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन कार्यक्रम समेत चार वटा आयोजनाको तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

- आर्थिक वर्ष २०७०/७१ को वार्षिक बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

- नेपालको वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप तुल्याउन नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards) (NEPSAS) को दुई मन्त्रालयहरुमा नमूना परीक्षण (Pilot Testing) को कार्य सम्पन्न भएको छ।

- अर्थ मन्त्रालयबाट बजेट प्रणालीमा समसामयिक सुधार गर्न गत आर्थिक वर्ष देखि प्रयोगमा ल्याइएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को प्रभावकारी कार्यान्वयनको लागि LMBIS र Activity Coding सम्बन्धी अभिमुखीकरण तालिम सबै मन्त्रालयहरुलाई प्रदान गरिएको। यसबाट आगामी आर्थिक वर्षको बजेट पूर्ण रुपमा Online System बाट तयार गर्न सकिने अपेक्षा गरिएको छ।

- मन्त्रालय/निकाय/आयोग र सचिवालयबाट अनुरोध भए अनुसार ती संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दरबन्दी समायोजन र थप गरिएको छ।

- अर्थ मन्त्रालयबाट २५ करोड भन्दा माथिका ४० वटा आयोजनाहरु छनौट गरी अनुगमन गर्ने कार्य शुरु गरिएको छ।

- बजेटको नीति तथा कार्यक्रम र ठूला आयोजनाहरुको प्रगति समीक्षा बैठक अर्थ मन्त्रीको अध्यक्षतामा सबै मन्त्रालयका सचिवहरुको उपस्थितिमा नियमित रुपमा भई समस्या समाधानको प्रयास भैरहेको छ।

- समीक्षा अवधिमा वैदेशिक सहायतातर्फ अनुदानमा रू.१ खर्व ९ अर्व ९२ करोड ३७ लाख र वैदेशिक ऋणमा रू.१ खर्व ७ अर्व ७४ करोड ८१ लाख गरी जम्मा रू.२ खर्व १७ अर्व ६७ करोड १८ लाखको नयाँ प्रतिबद्धता प्राप्त भएको छ।यो प्रतिबद्धता ऐतिहासिक रुपमा नै उच्च हो।

- १३१ वटा गैर सरकारी संस्थालाई Aid Management Portal (AMP) मा आबद्ध गरिएको छ।
- विकास सहायता प्रदान गर्ने साझेदारहरुको Donor Profile तयार गरिएको छ।
- नेपाल Asian Infrastructure Development Bank को संस्थापक सदस्य बनेको छ।
- राजस्व संकलन कार्यलाई प्रभावकारी तुल्याउन र संकलित राजस्वको यथार्थ तथ्याङ्क सहज तरिकाले प्राप्त गर्न Revenue Management Information System लाई काठमाडौं उपत्यकास्थित कार्यालयहरुमा Piloting को रुपमा शुरु गरिएको छ।
- तातोपानी नाकाबाट हुने तिब्वत निकासीलाई सरलीकरण गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा शिलछाप लगाई निकासी गर्ने ब्यवस्था कार्यान्वनमा ल्याइएको छ।
- भन्सार प्रशासनलाई विद्युतिय भन्सारमा रुपान्तरण गर्ने क्रममा ASYCUDA World लागु गर्न UNCTAD सँग सम्झौता सम्पन्न भएको छ।
- समीक्षा अवधिमा राजस्वको लक्ष्य रू.१८५ अर्ब ४८ करोड ३३ लाख रहेकोमा वार्षिक लक्ष्यको ४५.०५ प्रतिशत अर्थात रू.१९० अर्ब ५२ करोड ६ लाख असुली भएको र समीक्षा अवधिको लक्ष्यको तुलनामा १०२.७२ प्रतिशत छ।
- नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकिङ्ग कसुर सम्वन्धी ऐन, २०६४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ का संशोधन विधेयकहरु ब्यवस्थापिका-संसदको यसै अधिवेशनमा पेश गर्ने गरी तयार गरिएको छ।
- पाँचवटा ग्रामीण विकास बैकहरु मर्जर गरिनुका साथै पुनर्बीमा कम्पनी स्थापना भएको छ।
- ६ वटा सार्वजनिक संस्थानहरु निजीकरणका लागि प्रक्रिया अगाडि बढाइएको र केही संस्थानहरु गाभ्ने प्रक्रियाका लागि पहल गरिएको छ भने NCCN का कर्मचारीहरुलाई Pay-off गरी विघटन गरिएको छ। नेपाल रेलवे कम्पनीलाई खारेज गर्ने र नेशनल ट्रेडिङ कम्पनीलाई खारेज वा मर्ज गर्ने विषयमा छलफल थालिएको छ।
- वर्तमान कर प्रणालीमा समयानुकुल सुधार गर्दै मूल्य अभिवृद्धि कर र आयकरलाई राजस्वको प्रमुख श्रोतको रुपमा विकास गर्नुका साथै करको दायरा विस्तार र चुहावट नियन्त्रण गरी राजस्व संकलनमा वृद्धि गर्न कर प्रणाली पुनरावलोकन आयोग गठन भएको छ।
- लघुवित्त सेवाको पहुँच कम भएका २२ जिल्लामा घ वर्गको वित्तीय संस्थाहरुले शाखा खोली वित्तीय कारोवार गर्दा शून्य ब्याजदरमा उपलब्ध गराइने प्रति शाखा कर्जा सीमा रू.२० लाखबाट बढाएर रू.३० लाख पुर्‍याइएको छ।
- विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउन र आवश्यक औषधी खरिद गर्ने प्रयोजनको लागि नेपाली नागरिकहरुलाई तोकिएको मापदण्डका आधारमा वार्षिक अमेरिकी डलर १० हजारसम्मको सटही सुविधा प्रदान गर्ने ब्यवस्था मिलाइएको छ।

# परिच्छेद १०
## समस्या तथा चुनौतीहरु

१०.१ आर्थिक वृद्धि, गरिवी न्यूनीकरण, रोजगारी वृद्धि र समग्र आर्थिक सामाजिक विकासको आधारशीला खडा गर्ने उद्देश्यका साथ चालु आर्थिक वर्षको बजेट समयमै प्रस्तुत गरिएको थियो। साउन १ गते नै मन्त्रालयहरुमा अख्तियारी पठाएको र कार्यक्रम स्वीकृति प्रकृयालाई सरलीकृत गरिएको बावजुद समीक्षा अवधिमा अपेक्षित खर्च हुन सकेन। पूँजीगत खर्च एवं लगानीमा प्रगति कम हुँदा आर्थिक वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष असर पर्ने भएकाले आर्थिक वर्षको बाँकी अवधिमा स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनमा तीब्रता दिदै सार्वजनिक खर्चमा वृद्धि गर्ने चुनौति रहेको छ।

१०.२ खर्च नहुने तर थप बजेट माग गरिरहने प्रवृत्ति दोहोरिइरहेको सन्दर्भमा विनियोजन कुशलता (Alocation Efficiency) वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

१०.३ विनियोजन कुशलता (Alocation Efficiency) मा कमजोरी भएकै कारणले कार्य सम्पन्न भई दायित्व श्रृजना भएको तर भुक्तानी अड्किएको अवस्थाले वास्तविक खर्चको प्रतिवेदन नहुने हुँदा श्रृजित दायित्व समयमै भुक्तानी गर्ने/गराउने कार्य चुनौतिपूर्ण देखिएको छ।

१०.४ कूल बजेटमा वैदेशिक स्रोततर्फको सोझै भुक्तानीको विनियोजनको अंश बढ्दै गएको अवस्था छ। तर यस्तो विनियोजन खर्चको विवरण समयमा नै प्राप्त नभएकाले सम्पन्न भएको कार्य र खर्चको यथार्थ प्रतिवेदन प्राप्त हुन सकेको छैन। फलतः सार्वजनिक खर्चको विवरणहरु नै अल्प विवरणमा आधारित भएका छन्। यसलाई यथार्थ बनाउन बजेटमा सोझै भुक्तानीको अनुपात घटाउने र भएको खर्चको विवरण समयमै प्राप्त हुने संयन्त्र बनाउने कार्य चूनौतीपूर्ण छ।

१०.५ करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण, विजक जारी नगर्ने प्रवृत्तिमा नियन्त्रण गरेको कारणबाट राजस्व संकलन अपेक्षित रुपमा वृद्धि भएको अवस्था छ। तथापि, कर राजस्व वृद्धिका लागि चोरी पैठारी नियन्त्रण र विजक जारी गर्ने प्रवृत्तिमा थप सुधार गर्नु आवश्यक छ।

१०.६ सञ्चालनमा रहेका कतिपय आयोजना/कार्यक्रमहरुको विस्तृत परियोजना प्रतिवेदन नभएको कारणबाट दशकौं देखि कार्यान्वयनमा रहेका छन्। ती कहिले सकिने हुन्, अवका वर्षहरुमा कति विनियोजन हुनु पर्ने हो त्यसको प्रतिफल के आउने हो स्पष्ट नभई गरिएको विनियोजनले बजेट कार्यान्वयनमा पनि जटिलता उत्पन्न भएको छ। आयोजना कार्यान्वयनका लागि आवश्यक पूर्व शर्तहरु (Pre Requisites) जस्तै: सीमा (Allighment) निर्धारण, जग्गा प्राप्ति, कर्मचारी ब्यवस्थापन जस्ता आधारभूत विषयहरुको तयारी विना बजेट प्रस्ताव हुने, टेण्डर आह्वान हुने, स्वीकृत हुने र कार्यदेश दिने जस्ता प्रकृयाले आयोजनाको लागत वृद्धि, समय वृद्धि र स्रोतको वर्वादी हुने हुँदा बजेट विनियोजन पूर्व परियोजना प्रतिवेदन अनिवार्य गर्ने, पूर्व शर्तहरु पूरा भएको हुनुपर्ने अनि मात्र बजेट विनियोजन गर्ने गराउने कार्य चूनौतिपुर्ण छ।

१०.७ सक्षेत्रगत मन्त्रालयहरुबाट अपेक्षित रुपमा नयाँ आयोजनाहरु तर्जुमा भएका छैनन्। विगत केही वर्षदेखि राष्ट्रिय अर्थतन्त्रलाई प्रभाव पार्ने र आर्थिक वृद्धिमा ठोस योगदान पुऱ्याउने केही ठूला आयोजनाहरुको प्रारम्भ भए तापनि अपेक्षित रुपमा नयाँ आयोजनाहरु प्रारम्भ गर्न सकिएको छैन।

अर्थतन्त्रलाई गति दिने ठूल्ठूला आयोजनाहरु (Mega Project) को Project Bank तयारी गरी यसलाई ठीक ढंगले कार्यान्वयनमा लैजाने कार्य चूनौतीपूर्ण छ।

१०.८ ठूलाठूला आयोजनाहरुमा स्रोत प्रवाह गर्ने र पूँजीगत खर्चमा वृद्धि गर्ने उद्देश्यले प्रारम्भ गरिएको बहुवर्षिय ठेक्का ब्यवस्थापन प्रणाली (Multi Year Contract Management System) ले केही प्रतिफल दिए तापनि अझै पनि यसको पूरा नतिजा आउन सकेको छैन। स-साना जुनसुकै प्रकृतिका आयोजनाहरुलाई बहुवर्षीय ठेक्कामा लगाउने प्रचलन बढेर गएको छ। आयोजना कार्यान्वयनको पूर्व शर्तहरु पूरै नगरी बहुवर्षीय ठेक्का लगाउने र बहुवर्षीय ठेक्का प्रणालीलाई स्रोतको प्रतिवद्धताको अस्त्रको रुपमा प्रयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी ब्यवस्थित गर्ने कार्य चुनौतपूर्ण रहेको छ।

१०.९ पूँजीगत खर्च कम हुनुको मुख्य समस्याहरुमा जग्गा प्राप्तिको समस्या, बन क्षेत्रको रुखहरुको कटान समयमा नहुने, ठेकेदारहरुको ब्यवस्थापकीय असक्षमता, निर्माण सामाग्रीको अभाव, प्राविधिक जनशक्तिको अभाव, प्रभावकारी अनुगमन एवं मूल्यांकनको अभाव, स्थानीय वासिन्दाको अस्वाभाविक मागहरु जस्ता विषयहरु दोहोरिइरहेको पाइन्छ। यी समस्याहरु समाधान गरी पूर्वाधार निर्माणको कार्यलाई प्रभावकारी बनाउनु चूनौतीपूर्ण रहेको छ।

१०.१०प्रत्येक वर्ष वैदेशिक सहायताको प्रतिवद्धता बढे अनुरुप सोही अनुपातमा सहायताको उपयोगमा वृद्धि ल्याउन सकिएको छैन। समग्र आयोजना कार्यान्वयन क्षमतामा अपेक्षित सुधार आउन नसक्नु, ठूला आयोजनाहरुको कार्यान्वयनमा ढिलाइ, निर्णय प्रकृयामा शिथिलता, ठेक्का ब्यवस्थापन अप्रभावकारी रहनु जस्ता समयाहरु निरन्तर चुनौतीको रुपमा रहेका छन्।

१०.११वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुमा खर्च भएको करीव रू.२७ अर्व ३० करोड दाताहरुबाट शोधभर्ना लिन बाँकी छ।वैदेशिक सहायतामा संचालित आयोजनाहरुको लेखा र प्रतिवेदन ब्यवस्थालाई प्रभावकारी बनाइ समयमै शोधभर्ना प्राप्त गर्ने कार्य चुनौतीपुर्ण रहेको छ।

१०.१२ चालु आर्थिक वर्षको प्रथम छ महिनाको अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कूल निर्यातमा ह्रास आएको र कूल आयातमा वृद्धि भएको कारण कूल ब्यापार घाटा उच्च रहन गएको छ।यसलाई सम्बोधन गर्न आन्तरिक उत्पादन वृद्धि गर्ने तर्फ खर्च लक्षित गर्नु पर्ने चुनौति छ।

१०.१३चालु विप्रेषण आप्रवाह न्यून दरले वृद्धि हुनु, वस्तु तथा सेवा आयात उच्च दरले बढ्नु, वैदेशिक सहायताको उपयोग क्षमतामा कमी आउनु जस्ता कारणले चालु खातामा बचत न्यून हुँदै गएको छ। यी क्षेत्रमा सुधार ल्याई चालु खाता बचतमा सुधार ल्याउने कार्य चूनौतीपूर्ण छ।

१०.१४प्रमुख खाद्यान्न वाली लगाउने समयमा वर्षमा ढिला शुरु भएकोले धान तथा मकैको उत्पादनमा क्रमशः ५.१ प्रतिशत र ६.० प्रतिशतले ह्रास आएको अनुमान छ। हिउँदे बाली राम्रो हुने देखिए पनि प्रमुख खाद्यान्न बालीको उत्पादनमा ह्रास आएको कारणले यस क्षेत्रको उत्पादन १.८ प्रतिशतले मात्र वृद्धि हुने देखिन्छ।

१०.१५राजनीतिक संक्रमण लम्विने देखिएको, पूँजीगत खर्च सोचे अनुरुप हुन नसकेको, ऊर्जा संकटमा सुधार नआएको जस्ता कारणले गैर कृषि क्षेत्रको वृद्धिदर पनि लक्ष हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिएको छ।

१०.१६वस्तु र सेवाको उत्पादन तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले स्थापित सार्वजनिक संस्थानहरु समस्याग्रस्त छन्। संस्थान सञ्चालन सम्बन्धी नीतिमा एकरुपता नहुनु,

वित्तीय अनुशासनको पालना नहुनु, सुविधा वृद्धिमा मात्र ध्यान केन्द्रित हुनु, नीजिकरण हुँदाको बखतको शर्तको जिम्मेवारी नलिने प्रवृत्ति र अनुगमन तथा मूल्यांकनमा देखिएको कमजोरीको कारण सार्वजनिक संस्थानहरुको सुधार निकै चूनौतीपूर्ण छ।

# परिच्छेद ११
# सुधारका लागि चाल्नु पर्ने कदमहरु

## ११.१ तत्काल चाल्नु पर्ने कदमहरु

- चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनलाई तिव्रता दिन आवश्यक देखिन्छ। यसका लागि तत्काल देहायका कदमहरु अवलम्वन गर्न जरुरी छ।
    - सिर्जना भइसकेको दायित्व ( शिक्षकको तलव, भत्ता, कर्मचारीहरुको पेन्सनको शोधभर्ना, ठेकेदारको वीलको भुक्तानी आदि) तोकिएको अवधिभित्र भुक्तानी गर्न क्षेत्रगत मन्त्रालयहरुलाई अनुरोध गर्ने र यस्तो दायित्व भुक्तानी भए नभएको भन्ने सम्बन्धमा अर्थ मन्त्रालयबाट नियमित अनुगमन गर्ने ब्यवस्था मिलाउनु आवश्यक देखिन्छ। नियमानुसार सम्पन्न कामको भुक्तानी नपाउने संस्था, वा ब्यक्तिले अर्थ मन्त्रालयमा तत्काल गुनासो गर्न सक्ने सूचना जारी गर्न उपयुक्त हुन्छ।
    - विशेषतः पूँजीगत खर्च हुने मन्त्रालयहरु (भौतिक पूर्वाधार तथा यातायात ब्यवस्था, शहरी विकास, संघीय मामीला तथा स्थानीय विकास, सिंचाई, उर्जा, स्वास्थ्य, शिक्षा, पर्यटन तथा नागरिक उड्डयन, शान्ति तथा पुनर्निर्माण, कृषि) मा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी सहितको टोली बनाई महिनाको एक पटक सम्बन्धित मन्त्रालयसंग छलफल गरी (मिसन पठाई) परेका बाधा, ब्यवधानहरु निराकरण गर्नु आवश्यक देखिन्छ।
    - चालु बजेट तर्फका प्रतिवद्ध खर्चहरु तलव, भत्ता, धारा विजुली एवं संचार महशुल, घरभाडा र विमा, निवृत्तभरण, औषधोपचार बापतको हाल सम्मको सिर्जित दायित्वका लागि रकम नपुग भए आवश्यक प्रमाणित विवरण सहित तत्काल माग गर्न सम्बन्धित सबै मन्त्रालयहरुलाई परिपत्र गर्ने र जतिसक्दो चाँडो निकासा दिई भुक्तानीको ब्यवस्था मिलाउन उपयुक्त देखिन्छ।
    - सोझै भुक्तानीतर्फ विनियोजित बजेटको खर्चको प्रतिवेदन अतिनै न्यून देखिई समग्र बजेटको कार्यान्वयनको अवस्था नै पनि प्रभावित भएको देखिएको हुँदा हाल सम्म भएको खर्च तत्काल सम्बन्धित को.ले.नि.का. मार्फत् प्रतिवेदन गर्न लेखा उत्तरदायी अधिकृतहरुलाई महालेखा नियन्त्रक कार्यालयले परिपत्र गर्ने र यसरी प्रतिवेदन नबुझाउने/नपठाउने आयोजना/ कार्यक्रमको बजेट आगामी आर्थिक वर्षदेखि बजेटमा समावेश गर्न कठिनाइ पर्ने ब्यहोराको जानकारी अन्तर्ष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा मार्फत् सम्बन्धित निकाय तथा दाताहरुलाई समेत दिन उपयुक्त देखिन्छ।
    - कतिपय आयोजना/कार्यक्रमहरुको सिर्जना भइसकेको दायित्व भुक्तानी गर्न नसकिएको अवस्था भए स्वीकृत संशोधित कार्यक्रमको आधारमा अर्थ मन्त्रालयले स्रोतको ब्यवस्थापन गर्नु उपयुक्त देखिन्छ।
    - बहुवर्षीय ठेक्कामा निर्माण भइरहेको आयोजनाहरुको कार्य चालु वर्षको वजेटको सीमाभित्र रही हुने/गर्ने गरेको अवस्था समेत देखिएकाले यस्ता आयोजनाहरुको जेठमसान्त सम्म

भएको कामको नपुग हुने रकम निकासा हुने गरी थप कामको लागि समेत सम्बन्धित मन्त्रालयहरुलाई स्रोतको प्रत्याभूति दिन उपयुक्त देखिन्छ।

- स्वीकृत कार्यक्रमको ठेक्का सम्झौताको म्याद मंसिर मसान्त सम्म तोकिएकोमा यसलाई फागुन मसान्त सम्म पुऱ्याउने र बैशाख मसान्त सम्ममा कार्यक्रम संशोधन गर्न सक्ने अख्तियारी प्रदान गर्न उपयुक्त देखिन्छ।
- निर्माण सामाग्रीको अभाव हुन नदिन सम्बन्धित निकायहरु विच तत्काल समन्वय र पहल हुन जरुरी छ।
- चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख गरिएको आर्थिक सुधारको श्रृंखला अन्तरगतका नीतिगत/कानुनी विषयहरुलाई सम्बोधन गर्ने गरी आवश्यक कानुन निर्माण एवं सुधार गर्ने कार्यलाई सवै निकायले तीब्रता दिनु पर्दछ।

- **वैदेशिक सहायताको परिचालनमा देखिएको कमजोरीका कारण चालु आर्थिक वर्षको स्रोतको ब्यवस्थापनमा केही समस्याहरु देखिएका छन्: जसलाई तत्काल देहाय बमोजिम सम्बोधन गर्न उपयुक्त देखिन्छः**
  - जापान सरकारको के.आर.-१ र के.आर.-२, जापान डि.आर.ए.फ, आइ.डि.ए. नगद र ए.डि.वि. नगद अनुदानको स्रोत विनियोजन भएको रकम मध्ये हालसम्म प्रापत नभएको स्रोतको रकम प्राप्तिका लागि अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले दातृ संस्था र नेपाल सरकारका सम्बन्धित निकायहरुसंग तत्काल समन्वयको कार्य अगाडि बढाउन र सो स्रोतको विनियोजित रकम मध्ये प्राप्त नभएको रकमको हकमा नेपाल सरकारको स्रोतबाट निकासा दिन र आर्थिक वर्षको अन्त्यसम्म पनि यो स्रोतबाट रकम प्राप्त नभएमा स्रोतान्तरको लागि पेश गर्न महालेखा नियन्त्रक कार्यालयलाई निर्देशन हुनु उपयुक्त देखिन्छ।
  - वैदेशिक अनुदान र ऋणको परिचालनमा देखिएको समस्याको सम्बन्धमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको अगुवाईमा आयोजनागत रुपमा आयोजना प्रमुखहरु र दातृ निकाय विच तत्काल छलफल गरी देखा परेका समस्याहरु समाधान गर्नु आवश्यक देखिन्छ।
  - शोधभर्नाको वक्यौता र यसमा देखिएको प्रकृयागत समस्या समेत निराकरण गर्न अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको संयोजकत्वमा महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र बजेट तथा कार्यक्रम महाशाखा एवं अनुगमन महाशाखाको प्रतिनिधिहरु सम्मिलित कार्यटोली बनाइ यथाशीघ्र कार्यारम्भ गर्नु उपयुक्त देखिन्छ।
  - चालु वर्ष बजेट सहायता अन्तर्गत केही स्रोतको रकम प्राप्तिको सम्भावना न्यून रहेको समेत अवस्था हुँदा नेपाल सरकारको स्रोतमा थप दवाव पर्ने पृष्ठभूमिमा अपेक्षित राजस्वको लक्ष पुरा गर्न थप प्रयास आवश्यक देखिन्छ। यस क्रममा मुलतः पैठारीबाट प्राप्त हुनु पर्ने राजस्व चुहावट नियन्त्रणका लागि राजस्व अनुसन्धान विभागको अगुवाईमा अर्थ मन्त्रालयको राजस्व महाशाखा, अनुगमन तथा मूल्यांकन महाशाखा, भन्सार विभाग, आन्तरिक राजस्व विभागका प्रतिनिधि समेत सम्मिलित गरी द्रुत गस्ती (Flying Squad) परिचालन गर्न आवश्यक देखिन्छ। साथै अर्थ मन्त्रालयले तत्काल प्रेस विज्ञप्तीहरु जारी

गरी राजस्व चुहावट भए गरेका सूचना/गुनासोहरु संकलन गरी त्यस माथि छानविनको कार्य गर्न उपयुक्त देखिन्छ।

- पछिल्लो अर्धवार्षिक अवधिमा कम खर्च भई नगद मौज्दात अधिक रहेको हुँदा पछिल्लो महिनाहरुमा भएको र हुन सक्ने खर्चको वास्तविक आँकलन गरेर मात्र पछिल्लो चौमासिकको पछिल्ला महिनाहरुमा मात्र आन्तरिक ऋण उठाउन उपयुक्त हुन्छ।

## ११.२ दीर्घकालमा चाल्नु पर्ने कदमहरु

- आगामी वर्षदेखि विनियोजन र संचालनमा कुशलता (Allocation and Operational Efficiency) वृद्धि गर्न देहायका प्रयासहरु तत्कालदेखि नै थालनी गर्न अत्यावश्यक देखिन्छ।
  - चालु वर्षको वजेट वक्तव्यमा उल्लेख भए बमोजिमको "बजेट ब्यवस्थापन तथा वित्तीय जवाफदेहिता" सम्बन्धी कानून यथाशीघ्र ब्यवस्थापिका संसदमा पेश गर्ने र बैसाख मसान्तसम्म ब्यवस्थापिका संसदमा बजेट प्रस्तुत हुने गरी अग्रीम बजेट (Early Budget) को अवधारणा सहितको बजेट तर्जुमाको समय तालीका (Budget Formulation Calander) उक्त कानूनमा समावेश गर्नु उपयुक्त हुन्छ।
  - त्रिवर्षिय खर्च संरचना (Mediam Term Expenditure Framework- MTEF) तयार गरी ब्यवस्थापिका संसदमा जानकारीका लागि पेश गर्न अनिवार्य ब्यवस्था गर्नु आवश्यक देखिन्छ।
  - आगामी वर्षदेखि विकास निर्माणसंग सम्बन्धित क्षेत्रगत मन्त्रालयलाई कम्तिमा १० अर्व भन्दा बढी लागतका ठूला र मध्यमखालका आयोजनाहरुको सर्भे/डिजाइन (प्रोजेक्ट बैंक बनाउन) गर्न प्रोत्साहन हुने गरी रकम विनियोजन गर्नु आवश्यक छ। यसरी तयार भएका नयाँ प्रोजेक्ट बैकबाट प्राथिमकीकरण गरी आयोजना छनौट गर्ने र त्यसका लागि आवश्यक स्रोतको ब्यवस्थापन गर्ने परिपाटी बसाल्न अत्यावश्यक भइसकेको छ।
  - प्रोजेक्ट डकुमेण्ट तयार नभएका र प्रोजेक्ट कार्यान्वयनको पूर्व शर्तहरु (जग्गा प्राप्ति, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरुमा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गर्न जरुरी देखिन्छ।
  - राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा आयोजना/कार्यक्रमको क्रियाकलापहरु र तिनको बजेट टुंगो लगाएपछि सोही बमोजिम राष्ट्रिय योजना आयोगले भाग १ (केन्द्रीयस्तरका कार्यक्रमहरुको विवरण) तयार गरी ब्यवस्थापिका संसदमा पेश गर्ने नै हुँदा चौमासिक विभाजन सहितको कार्यक्रमको स्वीकृति सम्बन्धित मन्त्रालयको सचिवले नै गर्ने गरी राष्ट्रिय योजना आयोगले नीतिगत निर्णय गरिसकेको हुँदा यसलाई अक्षरशः पालना गराउन आवश्यक छ।
  - सबै निकायहरुलाई समय-सारिणी सहितको बजेट कार्यान्वयन योजना बनाउन अनिवार्य गरी सो को आधारमा नतीजामूखी अनुगमन/मूल्यांकन ब्यवस्था लागू गर्न उपयुक्त देखिन्छ।
  - कम्तिमा ५० करोड भन्दा बढी लागत अनुमान भएका राष्ट्रिय गौरवका र ठूला एवं मध्यमस्तरका आयोजनाहरुका हकमा मात्र बहुवर्षीय ठेक्का ब्यवस्थापन गर्न अनुमति दिने र ५० करोड भन्दा कम लागत अनुमान भएका स-साना आयोजनाहरुको हकमा बहुवर्षीय ठेक्काको अनुमति नदिने नीतिगत ब्यवस्था गर्नु उपयुक्त देखिन्छ।

- निश्चित आयोजना/कार्यक्रमको लागि बजेट माग गर्ने, विनियोजन गराउने आर्थिक वर्षको अन्त्यसम्म स्रोत Hold गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कम्तिमा ८० प्रतिशत बजेट खर्च नगर्ने आयोजना/कार्यक्रम प्रमुखको कार्यसम्पादनमा पूरै अङ्क प्रदान नगर्ने नीति अवलम्वन गर्न/गराउन आवश्यक देखिन्छ।
- १.१०विद्यमान आर्थिक कार्यविधि ऐन, नियमहरुमा र खरीद ऐन नियमहरुमा समयानुकूल संशोधन गर्न आवश्यक देखिन्छ।
- १.११जिल्लास्तरका आयोजनाहरु (भाग २) प्रकाशन नगर्ने गरी राष्ट्रिय योजना आयोगले निर्णय गरिसकेको पृष्ठभूमिमा सर्भे डिजाइनको काम सम्पन्न नभएका आयोजनामा आगामी वर्षदेखि रकम विनियोजन नै नगर्न क्षेत्रगत मन्त्रालयहरुलाई निर्देशन दिन उपयुक्त देखिन्छ।

- हाल कार्यान्वयनमा रहेका आयोजना/कार्यक्रमहरु अनन्त कालसम्म रहने र नयाँ आयोजना/कार्यक्रम थपिइरहने प्रणालीले आयोजना/कार्यक्रमको संख्या धेरै भएको, तिनमा दोहोरोपना देखिएको र लागत र समय बर्वादी भइरहेको अवस्थालाई अन्त्य गर्न संचालनमा रहेका सबै आयोजना/कार्यक्रमहरुको र सार्वजनिक खर्चको प्रवृत्तिको पुनरावलोकन गर्न अधिकारसम्पन्न सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गर्न आवश्यक देखिएको छ।
- तलव वृद्धिलाई कार्यसम्पादनसंग र सेवाप्रवाहसंग आवद्ध गर्न देहायका विकल्पहरु अपनाउन उपयुक्त हुने देखिन्छ।
  - विकल्प १: प्रोत्साहन भत्ताको विद्यमान अवस्थालाई पूर्णतः खारेज गरी वस्तुगत परिसूचकका आधारमा सेवामूलक र वृहत विकास आयोजनामा मात्र यो प्रणाली लागु गर्ने गरी स्पष्ट नीति र मार्गदर्शन बनाउने।
  - विकल्प २: आगामी केही वर्ष तलव भत्तालाई यथावत राखी तीन वर्षमा चरणबद्ध रुपमा निजामती सेवा भित्र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणली लागु गरी स्रोत ब्यवस्थापनमा प्रभावकारिता ल्याउने। यस अनुसार पहिलो वर्ष जिल्लास्तरका सेवामूखी कार्यालयहरु, दोस्रो वर्ष- विकास कार्यालय/आयोजनाहरुका र तेस्रो वर्ष केन्द्रीय निकायहरु।
  - विकल्प ३: केन्द्रीय स्तरमा निजामती सेवा ऐन नियमावलीमा ब्यवस्था भए अनुसारको कार्य सम्पादन प्रोत्साहन कोष स्थापना गरी सोही कोषबाट खर्च गरी प्रोत्साहन भत्ता उपलब्ध गराउने।
- निवृत्तीभरण माथिको बढ्दो विनियोजन र दीर्घकालीन दायित्वलाई मध्यनजर गरी योगदानमा आधारित निवृत्तिभरण ब्यवस्था सम्बन्धी कानून यथाशीघ्र तर्जुमा गर्नु आवश्यक देखिन्छ।
- पुराना शहरहरु विशेषतः काठमाडौं, भक्तपुर तथा ललितपुरको खानेपानी, ढल, सडक, विद्युत, टेलिफोन लगायतको विकास र मर्मत सम्भारमा सम्बद्ध निकायहरु बीच समन्वय नहुँदा समयमै काम नहुने तथा कार्यमा दोहोरोपना देखिने र स्रोतको दुरुपयोग हुने अवस्था हटाई यी कामहरु सम्पन्न गर्ने/गराउने ब्यवस्थाका लागि एउटै निकायलाई तोक्ने ब्यवस्था मिलाउन उपयुक्त देखिन्छ।

- वैदेशिक सहायततार्फ शोधभर्ना प्राप्तिमा कठिनाई भएको र विनियोजनमा प्रत्यक्ष भुक्तानीको अनुपात बढिरहेको तर खर्च प्रतिवेदन अन्यौलमा रहने गरेको सन्दर्भमा, भविष्यका दिनहरुमा अनुदान वा ऋण प्राप्त गर्दा नगदै रुपमा प्राप्त हुने गरी सम्झौता रणनीति तय गर्नु आवश्यक देखिएको छ।

## अनुसूचीहरु

# संशोधित आय व्ययको अनुमान

रू.लाखमा

| शिर्षक | २०७१/७२ को बजेट | २०७१ पुससम्मको यथार्थ | २०७१/७२ को संशोधित अनुमान | संशोधित अनुमान प्रतिशत |
|---|---|---|---|---|
| **अ. राजस्व तथा अनुमान** | **५१४८२१२** | **२३०४६२१** | **४९६४१०५** | ९६.४२ |
| **राजस्व** | **४४१४३५३** | **२१५४५१४** | **४४१४३५३** | १००.०० |
| कर | ३७४७०६० | १७४४००३ | ३७४७०६० | १००.०० |
| अन्य राजस्व | ४८१९४० | १६१२०३ | ४८१९४० | १००.०० |
| गत वर्षको मौज्दात र बेरुजु | १८५३५३ | २४९३०८ | १८५३५३ | १००.०० |
| **अनुदान** | **७३३८५९** | **१५०१०७** | **५४९७५२** | ७४.९१ |
| वैदेशिक अनुदान | ७३३८५९ | १५०१०७ | ५४९७५२ | ७४.९१ |
| **आ. खर्च** | **५१५७०६२** | **१३८१९७२** | **४६६२७६९** | **९०.४२** |
| चालु खर्च | ३९८९५१२ | १२३४९०३ | ३६७०३५२ | ९२.०० |
| पुँजीगत खर्च | ११६७५५० | १४७०६९ | ९९२४१७ | ८५.०० |
| **बजेट बचत (-)न्यून (+) (आ.अ.)** | **८८५०** | **-९२२६४९** | **-३०१३३६** | **-३४०४.९३** |
| | | | | |
| **इ) वित्तीय व्यवस्था (१+२+३+४)** | **-८८५०** | **१६५६०९** | **३०१३३६** | **-३४०४.९३** |
| **१. खुद ऋण लगानी (क-ख)** | **३४६७८६** | **४१०८०** | **२७६४०४** | **७९.७०** |
| क. आन्तरिक ऋण लगानी | ३५६७८६ | ४९९४५ | २८६४०४ | ८०.२७ |
| ख. आन्तरिक ऋण लगानी फिर्ता | १०००० | ८८६५ | १०००० | १००.०० |
| **२. खुद शेयर लगानी (क+ख)** | **१३८९३६** | **५६८१** | **१०६९२४** | ७६.९६ |
| क. आन्तरिक शेयर लगानी | १३८९३६ | ५६८१ | १०६९२४ | ७६.९६ |
| ख. वैदेशिक शेयर लगानी | ० | ० | ० | ०.०० |
| **३. खुद वैदेशिक ऋण (क-ख)** | **-२९२५२१** | **-३९३४** | **-५७४४१** | **१९.६४** |
| क .वैदेशिक ऋणको साँवा भुक्तानी | २०२७६७ | ५९०६० | २०२७६७ | १००.०० |
| ख. वैदेशिक ऋण प्राप्ति | ४९५२८८ | ६२९९४ | २६०२०८ | ५२.५४ |
| **४. खुद आन्तरिक ऋण (क-ख)** | **-२०२०५१** | **१२२७८२** | **-२४५५१** | **१२.१५** |
| क. आन्तरिक ऋणको साँवा भुक्तानी | ३२५४४९ | १२२७८२ | ३२५४४९ | १००.०० |
| ख. आन्तरिक ऋण प्राप्ति | ५२७५०० | | ३५०००० | ६६.३५ |
| **ई) बचत (-)न्यून (+)** | **०** | **-७५७०४०** | **०** | |

** खर्च रकमको चेक बैंकमा नसाटिएको अवस्था हुन सक्ने भएकोले बचत रकम नेपाल राष्ट्र बैंकको मौज्दात रकमसँग फरक देखिन सक्दछ।*

## समष्टिगत स्थिति

| शिर्षक | २०७१/७२ को बजेट | पुससम्मको यथार्थ | २०७१/७२ को संशोधित अनुमान | संशोधित अनुमान प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | ३९८९५१२ | १२३४९०३ | ३६७०३५२ | ९२.०० |
| पुँजीगत खर्च | ११६७५५० | १४७०६९ | ९९२४१७ | ८५.०० |
| वित्तीय व्यवस्था | १०२३९३८ | २३७४६८ | ९२१५४४ | ९०.०० |
| **जम्मा** | **६१८१०००** | **१६१९४३९.९०५** | **५५८४३१३** | **९०.३५** |

## २०७१ पुस महिनासम्मको कार्यगत खर्च विवरण

अनुसूची २

रू.हजारमा

| शीर्षक नं. | कार्यगत शीर्षक | आ.व.२०७१/७२ को वजेट | | | | २०७१ पौष महिनासम्मको खर्च | | | | जम्मा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | वित्तीय | जम्मा | चालु | पूंजीगत | वित्तीय | जम्मा | |
| ०१.१ | कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | ८८,८२२,८६२ | ६,४४९,१२१ | २३,४७६,६८४ | ११८,७४८,६६७ | १६,५१२,८५६ | ४४८,०७३ | ५,९०५,९८४ | २२,८६६,९१३ | १९.२६ |
| ०१.३ | सामान्य सेवा | ११,८९६,१४२ | १,३५९,१२१ | ० | १३,२५५,२६३ | ५,६८०,६८५ | ७२,८९१ | - | ५,७५३,५७६ | ४३.४१ |
| ०१.५ | सामान्य अनुसन्धान तथा विकास सेवा | १६,७६५ | ७५ | ० | १६,८४० | ५,८२२ | ६९ | - | ५,८९१ | ३४.९८ |
| ०१.६ | सामान्य सेवा | ३,५४९,३७४ | ७२३,४७२ | १७८,३७६ | ४,४५१,२२२ | २०८,६१४ | ४६,१९७ | ४७,९२८ | ३०२,७३९ | ६.८० |
| ०१.७ | सार्वजनिक ऋण कारोवार | १८,५०७,६४२ | ० | ३४,५४४,९०० | ५३,०५२,५४२ | ३,३२७,१६६ | - | १३,४१०,५५६ | १६,७३७,७२३ | ३१.५५ |
| ०१.८ | विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १४,९७७,९१८ | ३७५,७१२ | ० | १५,३५३,६३० | ५,८६९,०९३ | ६८,०२९ | - | ५,९३७,१२१ | ३८.६७ |
| | **सामान्य सार्वजिनक सेवा जम्मा** | **१३७,७७०,७०३** | **८,९०७,५०१** | **५८,१९९,९६०** | **२०४,८७८,१६४** | **३१,६०४,२३६** | **६३५,२५९** | **१९,३६४,४६९** | **५१,६०३,९६३** | **२५.१९** |
| ०२.१ | सैनिक सुरक्षा | २५,७६३,२६४ | २,९५७,८३४ | ० | २८,७२१,०९८ | १३,७२५,९१७ | ६८६,३०० | - | १४,४१२,२१८ | ५०.१८ |
| २.२ | नागरिक सुरक्षा | ४७,००० | ३०,००० | २,५२१,७९० | २,५९८,७९० | - | - | - | - | ०.०० |
| ०२.५ | रक्षा - अन्यत्र वर्गिकृत नभएको | ७,०४० | ३१,७०० | ० | ३८,७४० | १७१ | १,३६६ | - | १,५३७ | ३.९७ |
| | **रक्षा जम्मा** | **२५,८१७,३०४** | **३,०१९,५३४** | **२,५२१,७९०** | **३१,३५८,६२८** | **१३,७२६,०८९** | **६८७,६६६** | **-** | **१४,४१३,७५५** | **४५.९६** |
| ०३.१ | प्रहरी सेवा | २०,४०६,०५८ | ९२१,३६१ | ० | २१,३२७,४१९ | १०,७३४,४९२ | ६५५,०५३ | - | ११,३८९,५४५ | ५३.४० |
| ०३.२ | अग्नी नियन्त्रण सेवा | ५,८११ | २०० | ० | ६,०११ | २,८२१ | १९९ | - | ३,०२० | ५०.२४ |
| ०३.३ | न्यायालय | ३,२४५,९५२ | १,०३१,७३६ | ० | ४,२७७,६८८ | १,२७५,२४७ | ९२,६९९ | - | १,३६७,९४६ | ३१.९८ |
| ०३.४ | कारागार | ८६५,३२५ | १५१,४७३ | ० | १,०१६,७९८ | ४७८,१४२ | २०,९९६ | - | ४९९,१३८ | ४९.०९ |
| ०३.६ | सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ४,९२९,३०२ | २,९११,५२० | ० | ७,८४०,८२२ | १,०७२,०२६ | २८५,५२२ | - | १,३५७,५४८ | १७.३१ |
| | **सार्वजनिक शान्ति सुरक्षा** | **२९,४५२,४४८** | **५,०१६,२९०** | **-** | **३४,४६८,७३८** | **१३,५६२,७२९** | **१,०५४,४६९** | **-** | **१४,६१७,१९८** | **४२.४१** |
| ०४.१ | सामान्य आर्थिक, व्यापारिक र श्रम | ९,५६०,७०५ | २,८३३,७६५ | ० | १२,३९४,४७० | २,५२४,७७३ | ४९८,८०१ | - | ३,०२३,५७४ | २४.३९ |
| ०४.२ | कृषि, वन , मत्स्यपालन तथा शिकार | ३२,३४३,३०४ | २०,६२४,६२६ | १,०००,००० | ५३,९६७,९३० | १०,९१०,७९६ | २,६८८,९६२ | ३५०,००० | १३,९४९,७५८ | २५.८५ |
| ०४.३ | इन्धन तथा उर्जा | ४,१३०,९२७ | २,२९७,७७३ | ३०,७९३,८१८ | ३७,२२२,५१८ | ५८६,४०५ | १३५,६०० | ३,५४१,३३३ | ४,२६३,३३८ | ११.४५ |
| ०४.४ | खानी , उत्पादन तथा निर्माण | ६३,८९९ | २,६१६,२९५ | ० | २,६८०,१९४ | ३३,४२५ | ३३४,१९९ | - | ३६७,६२४ | १३.७२ |
| ०४.५ | यातायात | ६,९१४,८५० | ४२,१६९,४४९ | २,०७०,००० | ५१,१५४,२९९ | १,६९९,९२८ | ६,१९६,८३१ | २६८,००० | ८,१६४,७५९ | १५.९६ |
| ०४.६ | संचार | ३,४६४,४१५ | ५५१,२८१ | २४०,००० | ४,२५५,६९६ | १,६४०,५९५ | ७८,०२१ | ५८,००० | १,७७६,६१६ | ४१.७५ |
| ०४.७ | अन्य उद्योगहरु | २,५८५,७३० | १,८०१,५३८ | १,९८९,६९५ | ६,३७६,९६३ | ४१४,२८७ | ११५,९३३ | - | ५३०,२२० | ८.३१ |
| ०४.८ | अनुसन्धान तथा विकास-आर्थिक मामिला | १,४३९,९०८ | २६९,६८९ | ० | १,७०९,५९७ | ११,७९८ | १७,१९५ | - | २८,९९४ | १.७० |
| ०४.९ | आर्थिक मामीला-अन्यत्र वर्गिकृत नभएको | ९५,५७२ | ११,१०७ | ३३०,००० | ४३६,६७९ | १६,८७५ | १,१६० | १६५,००० | १८३,०३४ | ४१.९२ |
| | **आर्थक मामीला जम्मा** | **६०,५९९,३१०** | **७३,१७५,५२३** | **३६,४२३,५१३** | **१७०,१९८,३४६** | **१७,८३८,८८२** | **१०,०६६,७०३** | **४,३८२,३३३** | **३२,२८७,९१८** | **१८.९७** |
| ०५.१ | फोहोर मैला व्यवस्थापन | ४८,४७६ | १२४,६०० | २,५०७,००० | २,६८०,०७६ | ३,८१९ | ६,८१६ | - | १०,६३४ | ०.४० |
| ०५.२ | ढल व्यवस्थापन | १३८,२९९ | १,९३६,०६० | ० | २,०७४,३५९ | ४७,०४५ | १३,४४० | - | ६०,४८५ | २.९२ |
| ०५.४ | जैविक विवधता र भू संरक्षण | १५,३०० | २,२०० | ० | १७,५०० | - | - | - | - | ०.०० |

| शीर्षक नं. | कार्यगत शीर्षक | आ.व.२०७१/७२ को वजेट | | | | २०७१ पौष महिनासम्मको खर्च | | | | जम्मा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | वित्तीय | जम्मा | चालु | पूंजीगत | वित्तीय | जम्मा | |
| ०५.५ | अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ० | ० | ८०५,००० | ८०५,००० | - | - | - | | ०.०० |
| ०५.६ | वातावरण संरक्षण-अन्यत्र वर्गिकृत नभएको | ३,६२३,४५४ | १,५९०,९७९ | ० | ५,२१४,४३३ | ८२२,१२८ | ३४,७६७ | - | ८५६,८९५ | १६.४३ |
| | **वातावरण संरक्षण जम्मा** | **३,८२५,५२९** | **३,६५३,८३९** | **३,३१२,०००** | **१०,७९१,३६८** | **८७२,९९२** | **५५,०२३** | **-** | **९२८,०१४** | **८.६०** |
| ०६.१ | आवास विकास | १,१८७,००० | २,३५६,३७९ | ५०१,३०० | ४,०४४,६७९ | १९२,३५२ | २४९,९१८ | - | ४४२,२७० | १०.९३ |
| ०६.२ | सामुदायिक विकास | ६९७,६५१ | १,३०८,०३९ | ० | २,००५,६९० | २६,५३४ | - | - | २६,५३४ | १.३२ |
| ०६.३ | खानेपानी | १,२४७,६९६ | १२,५७७,५०४ | १,४३५,२०० | १५,२६०,४०० | ४१९,६९० | १,३३२,१६७ | - | १,७५१,८५६ | ११.४८ |
| ०६.६ | आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ८९,४३४ | ९४२,१६३ | ० | १,०३१,५९७ | ३५,९१८ | ४५,५१० | - | ८१,४२८ | ७.८९ |
| | **आवास तथा सामुदायिक सुविधा जम्मा** | **३,२२१,७८१** | **१७,१८४,०८५** | **१,९३६,५००** | **२२,३४२,३६६** | **६७४,४९४** | **१,६२७,५९५** | **-** | **२,३०२,०९०** | **१०.३०** |
| ०७.१ | औषधी उत्पादन,उपकरण तथा औजार | ४६८,३८७ | ४३४,५१० | ० | ९०२,८९७ | ३६,८५६ | ९६,४५६ | - | १३३,३१२ | १४.७६ |
| ०७.२ | वहिरङ्ग सेवा | ५,०९०,०१३ | ४४५,८४३ | ० | ५,५३५,८५६ | २१५,०७७ | १९,१११ | - | २३४,१८८ | ४.२३ |
| ०७.३ | अस्पताल सेवा | १०,४६५,८५८ | ४६७,४७७ | ० | १०,९३३,३३५ | ५,२८९,४५८ | २५,८३२ | - | ५,३१५,२९० | ४८.६२ |
| ०७.४ | सार्वजनिक स्वास्थ्य सेवा | १२,२५७,६९९ | ३,१७६,७०७ | ० | १५,४३४,४०६ | ३,७९५,५२३ | ३६५,८४२ | - | ४,१६१,३६५ | २६.९६ |
| ०७.५ | अनुसन्धान सेवा | ४,८०८,१८८ | १५१,८१८ | ० | ४,९६०,००६ | ७८७,७०७ | ६,२८५ | - | ७९३,९९२ | १६.०१ |
| | **स्वास्थ्य जम्मा** | **३३,०९०,१४५** | **४,६७६,३५५** | **-** | **३७,७६६,५००** | **१०,१२४,६२०** | **५१३,५२६** | **-** | **१०,६३८,१४७** | **२८.१७** |
| ०८.१ | मनोरंजनात्मक र खेलकुद सेवाहरु | १,४७७,७०७ | ६,०५० | ० | १,४८३,७५७ | ७९९,३९४ | २१ | - | ७९९,४१६ | ५३.८८ |
| ०८.२ | सांस्कृतिक सेवा | १,६५३,२४१ | २८४,४४५ | ० | १,९३७,६८६ | ३५५,१७० | २२,५२१ | - | ३७७,६९१ | १९.४९ |
| ०८.३ | प्रसारण तथा प्रकाशन सेवा | २६२,८७० | २९७,३५० | ० | ५६०,२२० | ११३,४८२ | ४,७८५ | - | ११८,२६७ | २१.११ |
| | **मनोरंजन संस्कृति तथा धर्म जम्मा** | **३,३९३,८१८** | **५८७,८४५** | **-** | **३,९८१,६६३** | **१,२६८,०४७** | **२७,३२७** | **-** | **१,२९५,३७३** | **३२.५३** |
| ०९.१ | पूर्व प्राथमिक र  प्राथमिक शिक्षा | २९,४२२,९८२ | १,५९० | ० | २९,४२४,५७२ | १०,१०४,६२७ | ५० | - | १०,१०४,६७६ | ३४.३४ |
| ०९.२ | माध्यमिक शिक्षा | १५,४०७,००५ | ० | ० | १५,४०७,००५ | ५,११६,७३४ | - | - | ५,११६,७३४ | ३३.२१ |
| ०९.५ | तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | २४,१८७,०४६ | ८२,४६४ | ० | २४,२६९,५१० | ४,९५२,५०१ | ६,४९९ | - | ४,९५९,००० | २०.४३ |
| ०९.६ | शिक्षाको लागि सहायक सेवाहरु | १५,११२,६४५ | ५४,६२८ | ० | १५,१६७,२७३ | ७,७८३,८५५ | ५,३६७ | - | ७,७८९,२२२ | ५१.३६ |
| ०९.८ | शिक्षा अन्यत्र वर्गिकृत नभएको | १,७३०,४६० | ३५,२३५ | ० | १,७६५,६९५ | २६६,३११ | २,०३१ | - | २६८,३४३ | १५.२० |
| | **शिक्षा जम्मा** | **८५,८६०,१३८** | **१७३,९१७** | **-** | **८६,०३४,०५५** | **२८,२२४,०२८** | **१३,९४७** | **-** | **२८,२३७,९७६** | **३२.८२** |
| १०.४ | परिवार र शिशु कल्याण | १,१३२,७६० | ४०,४७६ | ० | १,१७३,२३६ | १४४,२४६ | - | - | १४४,२४६ | १२.२९ |
| १०.७ | सामाजिक असमावेशी | १२,९९४,५५१ | ६१,२२२ | ० | १३,०५५,७७३ | ४,९४१,७७८ | ५,४०५ | - | ४,९४७,१८३ | ३७.८९ |
| १०.८ | सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास | १०८,१८० | १७,७६० | ० | १२५,९४० | ४६,२२४ | ५,१२३ | - | ५१,३४७ | ४०.७७ |
| १०.९ | सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | १,६८४,५२८ | २४०,६९५ | ० | १,९२५,२२३ | ४६१,९२५ | १४,८५६ | - | ४७६,७८१ | २४.७६ |
| | **सामाजिक सुरक्षा जम्मा** | **१५,९२०,०१९** | **३६०,१५३** | **-** | **१६,२८०,१७२** | **५,५९४,१७३** | **२५,३८५** | **-** | **५,६१९,५५८** | **३४.५२** |
| | **कूल जम्मा** | **३९८,९५१,१९५** | **११६,७५५,०४२** | **१०२,३९३,७६३** | **६१८,१००,०००** | **१२३,४९०,२९०** | **१४,७०६,८९९** | **२३,७४६,८०२** | **१६१,९४३,९९०** | **२६.२०** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय

# २०७१ पुस महिनासम्मको खर्च शीर्षकगत वजेट तथा खर्चको तुलनात्मक विवरण

अनुसूची ३

रू.हजारमा

| ख.शी.नं | कार्यक्रम खर्च | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | |
| २११११ | तलव | ६५,३८८,८२३ | ३२,००९,५४३ | ४८.९५ | ८४७४०९३३ | ३५,०२७,८२६ | ४१.३४ | -७.६२ |
| २१११२ | अन्य भत्ता | १,२९१,९४९ | ४६५,३७६ | ३६.०२ | १२४७२०३ | ५५७,८६४ | ४४.७३ | ८.७१ |
| २१११३ | महंगी भत्ता | २५६०७८२ | १,४९७,९४९ | ५८.५० | | १,५१२,२३४ | ० | -५८.५० |
| २१११४ | फिल्ड भत्ता | ६८,६१४ | २२,६६७ | ३३.०४ | ७०२१९ | २०,१५९ | २८.७१ | -४.३३ |
| २१११९ | अन्य भत्ता | ३,२१३,९१६ | १,३१२,८३० | ४०.८५ | ३९२९०४१ | ९३३,७८५ | २३.७७ | -१७.०८ |
| २११२१ | पोशाक | २,६७३,५८३ | ७४५,८९१ | २७.९० | २८३९६८३ | ४५१,५४३ | १५.९० | -१२.०० |
| २११२२ | खाद्यान | ११,४९२,१४३ | ५,४७३,००० | ४७.६२ | ११८८८९५४ | ५,१०४,२१९ | ४२.९३ | -४.६९ |
| २११२३ | औषधी उपचार खर्च | ३,४४८,७०९ | १,१०२,६४३ | ३१.९७ | १९६४२८ | ५६९,००९ | २८९.६८ | २५७.७१ |
| २२१११ | पानी तथा बिजुली | १,१२३,३९४ | ९५४,५१७ | ८४.९७ | १२७०४६१ | ३४९,४२८ | २७.५० | -५७.४६ |
| २२११२ | संचार महसुल | ५७०,००२ | १३६,७९८ | २४.०० | ६२८४३० | १८८,३६२ | २९.९७ | ५.९७ |
| २२१२१ | घर भाडा | १,१२३,८१५ | ६५९,४३८ | ५८.६८ | १३६५०४७ | ८१४,७२६ | ५९.६८ | १.०१ |
| २२१२२ | अन्य भाडा | १२९,९५७ | २१५,०८३ | १६५.५० | ८५३८२ | १३,०२८ | १५.२६ | -१५०.२४ |
| २२२११ | इन्धन | १,५८५,२४६ | ८७५,८९७ | ५५.२५ | २२६५३१७ | ७४७,३१९ | ३२.९९ | -२२.२६ |
| २२२१२ | संचालन तथा मर्मत संभार | ९७४,२४८ | ४६९,४५४ | ४८.१९ | १३९१६९४ | ३९१,२०८ | २८.११ | -२०.०८ |
| २२२१३ | बीमा | १५४,२१७ | ६९,२१३ | ४४.८८ | २५६२३७ | ११९,६६९ | ४६.७० | १.८२ |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | २,७६५,८६६ | ९१४,९४० | ३३.०८ | ३२८१३५४ | १,२२१,१८६ | ३७.२२ | ४.१४ |
| २२३१२ | पशुपंक्षीहरुको आहार | ७१,५२८ | ३३,६७३ | ४७.०८ | ७८७८३ | ३१,४९१ | ३९.९७ | -७.१० |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १६,९७६ | ३,१०६ | १८.३० | ३२९५० | ३,७५८ | ११.४० | -६.८९ |
| २२३१४ | इन्धन/अन्य प्रयोजन | ९८,७१४ | ३१,४८७ | ३१.९० | १५७३३६ | २८,०५३ | १७.८३ | -१४.०७ |
| २२३२१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार | ९५,०३४ | १५,९०३ | १६.७३ | ११२४७० | १९,३४७ | १७.२० | ०.४७ |
| २२४११ | सेवा र परामर्श खर्च | ४,१२१,९३४ | ६१८,९२४ | १५.०२ | ३९६०९१९ | ३७८,९४६ | ९.५७ | -५.४५ |
| २२४१२ | अन्य सेवा शुल्क | ८६७,५८१ | ३४७,५१९ | ४०.०६ | २२४२१८० | ९५७,९८० | ४२.७३ | २.६७ |
| २२५११ | कर्मचारी तालिम | ६५९,८७२ | १४४,४१४ | २१.८९ | ९७९१४० | १८१,३८७ | १८.५३ | -३.३६ |
| २२५१२ | सिप विकास र जनचेतना तालिम तथा गोष्ठि | १०,१६८,०२४ | १,३८५,८८८ | १३.६३ | ४०६५०८८ | ५१५,८३५ | १२.६९ | -०.९४ |
| २२५२१ | उत्पादन सामग्री / सेवा | ४९४,४६१ | १३९,४७१ | २८.२१ | ६८३०१६ | १३८,२३९ | २०.२४ | -७.९७ |
| २२५२२ | कार्यक्रम खर्च | ५,७८९,५३५ | १,१७९,७०७ | २०.३८ | ११८२५२७९ | १,६९९,१४१ | १४.३७ | -६.०१ |
| २२५२९ | अन्य कार्यक्रम खर्च | | | ० | ४२२९१३ | ६६,४७१ | १५.७२ | १५.७२ |

| ख.शी.नं | कार्यक्रम खर्च | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | |
| २२५३१ | औषधी खरीद | ३,६७६,७८१ | ७३१,६६८ | १९.९० | ४६४२२४० | २६०,१६४ | ५.६० | -१४.३० |
| २२६११ | अनुगमन,मूल्यांकन खर्च | १,२६३,६६० | ४३५,८९५ | ३४.४९ | १२२०७०७ | ३९३,२८० | ३२.२२ | -२.२८ |
| २२६१२ | भ्रमण खर्च | ७४८,८४१ | ६२२,३४० | ८३.११ | ८८०४७३ | २८५,७३६ | ३२.४५ | -५०.६५ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण | ४४,५०० | २५,८४७ | ५८.०८ | ५५००४ | २७,८८६ | ५०.७० | -७.३८ |
| २२६१४ | अन्य भ्रमण खर्च | ७,६२५ | ५० | ०.६६ | १२५४२ | २,८२४ | २२.५२ | २१.८६ |
| २२७११ | विविध खर्च | ६४५,५१० | ३३२,८१२ | ५१.५६ | ८५१९८० | ३९८,९६५ | ४६.८३ | -४.७३ |
